# म्याग्दी जिल्लाका कथाको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग
स्नातकोत्तर तह दोस्रो वर्षको दसौं
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**
नवराज रिजाल
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं


२०६९

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षका छात्र नवराज रिजालले **म्यागदी जिल्लाका कथाको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर समक्ष सिफारिस गर्दछु ।

मितिः २०६९/०४/

......................................

कृष्णप्रसाद घिमिरे
सह-प्राध्यापक
नेपाली केन्द्रीय विभाग
त्रि.वि., कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय,**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र नवराज रिजालले त्रि.वि. स्नातकोत्तर तह मा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको **म्याग्दी जिल्लाका कथाको अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख, प्रा.डा. देवीप्रसाद गौतम ................................

२. शोधनिर्देशक, सह-प्रा. कृष्णप्रसाद घिमिरे ..................................

३. बाह्य परीक्षक, .......................... ................................

मितिः २०६९/०४/

**कृतज्ञताज्ञापन**

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्त तह दोस्रो वर्षको प्रयोजनका लागि आदरणीय गुरु श्री कृष्णप्रसाद घिमिरेको कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार पार्ने सन्दर्भमा आफ्नो व्यस्त जीवनको अमूल्य समय दिई मलाई समुचित मार्गनिर्देशन र आवश्यक सरसल्लाह प्रदान गर्नु हुने शोधनिर्देशक श्रद्धेय गुरुप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

यसैगरी मेरो शोधप्रस्ताव स्वीकृत गरी लेखनकार्यमा आवश्यक सुझाव एवम् हौसला प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतमप्रति आभार व्यक्त गर्दछु । यसका अतिरिक्त अन्य गुरुवर्ग र प्रशासनिक कार्यमा सहयोग गर्ने नेपाली केन्द्रीय विभागका कर्मचारीहरूलाई पनि धन्यवाद दिन चाहन्छु । त्यसैगरी शैक्षिक सामग्री उपलब्ध गराइदिने केन्द्रीय पुस्तकालयका कर्मचारीहरूलाई पनि धन्यवाद ज्ञापन गर्दछु ।

आफ्नो आर्थिक, सामाजिक तथा व्यावहारिक समस्याहरूसँग जुध्दै आफ्ना अमूल्य समय, श्रम, साधना र पसिना खर्चेर मेरो अध्ययन कार्यलाई यस अवस्थासम्म ल्याउन सहयोग गर्नुहुने मेरा पूजनीय मातापिता र दाजु केशव रिजालप्रति हार्दिक आभार प्रकट गर्दछु । मेरो शोधकार्यका लागि सामग्री सङ्कलनमा सहयोग गर्नुहुने आदरणीय रामप्रसाद सुवेदी र दामोदर रिजालका साथै यस शोधपत्रलाई शुद्धसँग टङ्कण गरी सहयोग गर्ने क्रिएटिभ कम्प्युटर सेन्टर नयाँ बजार कीर्तिपुरकी बहिनी दिव्या क्षेत्री 'पूर्णिमा' लाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि. वि. नेपाली केन्दीय विभाग कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्र २०६५/०६६

क्रमाङ्क : ८१

मिति : २०६९/०४/

.....................

नवराज रिजाल

नेपाली केन्द्रीय विभाग

त्रि.वि.कीर्तिपुर

## सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| क्र.सं. | : | क्रमसङ्ख्या |
| गा. वि.स. | | गाउँ विकास समिति |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| जि.शि. का. | : | जिल्ला शिक्षा कार्यालय |
| डा. | : | डाक्टर |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| पृ. | : | पृष्ठ |
| रा. ज. | : | राष्ट्रिय जनगणना |
| स्व. | : | स्वर्गीय |
| वि.सं. | : | विक्रम संवत् |
| संस्क. | : | संस्करण |
| सम्पा. | : | सम्पादन |
| सहप्रा. | : | सहायक प्राध्यापक |
| ... | : | केही अंश छोडिएको |

# विषयसूची


| | पृष्ठ |
|---|---|
| **परिच्छेद एक : शोधपरिचय** | **१-७** |
| १.१ विषय परिचय | १ |
| १.२ शोधसमस्या | २ |
| १.३ शोधकार्यको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ शोधकार्यको औचित्य र महत्त्व | ४ |
| १.६ शोधकार्यको सीमाङ्कन | ५ |
| १.७ शोधविधि | ५ |
| १.८ शोधपत्रको रूपरेखा | ६ |
| **परिच्छेद दुई : म्याग्दी जिल्लाको परिचय** | |
| २.१ म्याग्दी जिल्लाको भौगोलिक अवस्थिति | ७ |
| २.२ म्याग्दी जिल्लाको नामकरण | ८ |
| २.३ प्राकृतिक अवस्था र यहाँका जडिबुटीहरू | ९ |
| २.४ ऐतिहासिक चिनारी | १० |
| २.५ मन्दिर एवम् धार्मिक स्थलहरू | ११ |
| २.६ सामाजिक सन्दर्भ | १३ |
| २.७ सांस्कृतिक सन्दर्भ | १४ |
| २.८ जातजाति | १५ |
| २.९ चाडपर्व | १६ |
| २.१० भाषा र भाषिका | १६ |
| २.११ आर्थिक स्थिति | १७ |
| २.१२ शैक्षिक स्थिति | १८ |
| २.१३ स्वास्थ्य सेवा | १९ |
| २.१४ सञ्चार सेवा | १९ |

२.१५ निष्कर्ष २०

**परिच्छेद तीन : म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण**

३.१ पृष्ठभूमि २१

३.२ लोकसाहित्य २१

३.३ अभिलेख २३

३.४ म्याग्दी जिल्लाको साहित्यिक परम्परा २५

३.५ म्याग्दी जिल्लाका साहित्यकारहरूको सर्वेक्षण २६

३.६ म्याग्दी जिल्लाका साहित्यकारहरूको विधागत योगदान ३६

३.६.१ कविता विधा ३६

३.६.२ कथा विधा ३६

३.६.३ निबन्ध विधा ३७

३.६.४ उपन्यास विधा ३७

३.६.५ समालोचना विधा ३७

३.६.६ इतिहास विधा ३७

३.६.७ जीवनी विधा ३७

३.६.८ नाटक विधा ३७

३.७ पत्रपत्रिका तथा पुस्तकालय ३७

३.८ साहित्यिक सङ्घ संस्था र पुरस्कार ४०

३.९ म्याग्दी जिल्लाका कथाकारहरूको सामान्य परिचय ४२

३.१० निष्कर्ष ४९

**परिच्छेद चार : म्याग्दी जिल्लाका कथाकार र तिनका कथा कृतिको अध्ययन**

४.१कथाको परिचय ५१

४.२कथा अध्ययनका आधारहरू ५२

४.३ कथा तत्त्वका आधारमा होमनाथ सुवेदीको ‘चिरिएको मुटु’ कथासङ्ग्रहको अध्ययन ५४

४.३.१ विधवा कथाको अध्ययन ५६

४.३.२ 'नारी स्वतन्त्रता' कथाको विश्लेषण ५९
४.३.३ विशालबजारको इन्चार्ज कथाको विश्लेषण ६१
४.३.४ अन्य कथाहरूको संक्षिप्त अध्ययन ६४
४.४. कथातत्त्वका आधारमा *'डायस्पोराको मान्छे'* कथासङ्ग्रहको अध्ययन ६६
४.४.१ डायस्पोराको मान्छे कथाको अध्ययन ६६
४.४.२ 'म कस्तो हुँला' कथाको अध्ययन ६८
४.४.३ *मानकाजी किन मौन छ* कथाको विश्लेषण ७१
४.४.४. डायस्पोराको मान्छे कथासङ्ग्रहभित्र रहेका अन्य कथाहरूको संक्षिप्त अध्ययन ७४
४.५ कथाकार ध्रुवलाल शर्माको 'यौटा कथाको कथा' कथा सङ्ग्रहको अध्ययन तथा विश्लेषण ७५
४.५.१ 'ऊ फेरि कहिल्यै फर्केन' कथाको विश्लेषण ७६
४.५.२'श्रद्धाञ्जली' कथाको विश्लेषण ७९
४.५.३'पुनर्विवाह' कथाको विश्लेषण ८२
४.४.४ अन्य कथाहरूको संक्षिप्त अध्ययन ८५
४.६ कथाकार बानियाँ कान्छाका बाल कथासङ्ग्रहहरूको संक्षिप्त अध्ययन ८६
४.६.१अटेरी चल्लो (बाल कथासङ्ग्रह २०४४) को अध्ययन ८६
४.६.२ एक अनौठो जङ्गल (वाल कथासङ्ग्रह २०४९) को अध्ययन ८७
४.६.३ चकलेटको पोको (बाल कथासङ्ग्रह २०६२) को अध्ययन ८८
४.७ कथाकार दामोदर रिजाल 'घताने' को *अव्यवस्था* कथासङ्ग्रहको अध्ययन ८९
४.७.१ उद्*घाटन* कथाको विश्लेषण ९०
४.७.२ *अव्यवस्थाको अर्थी* कथाको विश्लेषण ९३
४.७.३ 'राज्यविप्लव' कथाको विश्लेषण ९५
४.७.४ अन्य कथाको सङ्क्षिप्त अध्ययन ९८
४.८ कथाकार सीमा रोशी र उनको *एक अर्को सपना'* कथासङ्ग्रहको अध्ययन १००
४.८.१ *एक अर्को सपना* कथाको विश्लेषण १०१

४.८.२  प्रियम्बदा ! बधाई छ तिमीलाई  कथाको विश्लेषण १०४
४.८.३ *मेरो अस्मिता मरेको दिन* कथाको विश्लेषण १०७
४.८.४ अन्य कथाहरूको सङ्क्षिप्त अध्ययन १११
४.९ निष्कर्ष ११२
**परिच्छेद पाँच : उपसंहार** **११३**
**सन्दर्भ ग्रन्थसूची** **११८**

# परिच्छेद एक

# म्याग्दी जिल्लाको परिचय

## १.१ विषय परिचय

म्याग्दी जिल्ला नेपालका पाँच विकास क्षेत्रमध्ये पश्चिमाञ्चलमा विकास क्षेत्रको धौलागिरी अञ्चलमा पर्दछ । यो जिल्ला परापूर्वकालदेखि धार्मिक, ऐतिहासिक र पर्यटकीय जिल्लाको रूपमा चिनिँदै अएको छ । यस जिल्लाको साहित्यिक पृठभूमि आफ्नै किसिमको रहेको छ । म्याग्दी जिल्लामा रहेका लोकसाहित्य, अभिलेख, लिखित साहित्य परम्पराले म्याग्दीको साहित्यिक विकासमा महत्वपूर्ण भूमिका खेलेका छन् । म्याग्दी जिल्लाको साहित्यिक विकास र परम्परालाई ऊर्जा प्रदान गर्न म्याग्देली जनताको प्रयास पनि उत्तिकै सराहनीय रहेको छ । त्यस्तै यस जिल्लाका विभिन्न साहित्यिक तथा साहित्येतर सङ्घ संस्था, पुरस्कार पुस्तकालय आदिले पनि म्याग्दीको साहित्यिक विकासमा टेवा दिएका छन् । आधुनिक युगको विकास सँगसँगै साहित्यको पनि विकास भइरहेको छ । म्याग्दी जिल्लामा लिखित साहित्य अन्तरगत कथा, उपन्यास र कविताको तीव्र विकास भइरहेको छ भने, त्यसको सँगसँगै निबन्ध र नाटकको पनि रचना भइरहेको छ ।

म्याग्दी जिल्लाको कथाको विकास क्रममा म्याग्दी जिल्लामा वि.सं. २०४४ मा कर्णबहादुर बानियाँले ‘अटेरी चल्लो’ बालकथा सङ्ग्रह प्रकाशित गरेपछि कथा कृतिहरू प्रकाशनमा आएका हुन । २०५२ सालमा होमनाथ सुवेदीले, ‘नेपाली लोककथा’ प्रकाशन गरेका छन् । यसबाट नेपाली नेपाली लोककथाले पनि लिखित रूप पाउन थालेको देखिन्छ । आधुनिक कथाको विकास भने म्याग्दी जिल्लामा ६० को दशकबाट मात्र भएको पाइन्छ । २०६० मा सीमा रोशीको ‘एक अर्को सपना’ (२०६०) प्रकाशित भयो । त्यसैगरी ध्रुवलाल शर्माको ‘एउटा कथाको कथा’ (२०६३), होमनाथ सुवेदीको ‘चिरीएको मुटु’ (२०६४), दामोदर रिजालको ‘अव्यवस्था’ (२०६५) त्यस्तै होमनाथ सुवेदीकै ‘डायस्पोराको मान्छे’ (२०६८) प्रकाशित भएका छन् । यसरी यस

शोधप्रस्तावमा म्याग्दीका कथाकार र तिनका कथाकृतिको अध्ययन गर्न खोजिएको छ । यही नै यस शोधकार्यको विषय रहेको छ ।

## १.२ शोधसमस्या

म्याग्दी जिल्लाको साहित्यिक परम्परा अत्यन्त पुरानो छ । यस जिल्लाको साहित्य पुरानो भए पनि विधागत रूपमा आज सम्म अध्ययन हुन सकेको छैन । त्यसमा पनि आख्यान विधामा पर्ने कथाविधाको आज सम्म अध्ययन नभएकोले यस शोधप्रस्तावमा म्याग्दी जिल्लाको कथाको पृष्ठभूमि, त्यहाँका कथाकारहरू र तिनका कथाहरू के कस्ता छन् ? भन्नेकुराको अध्ययन गर्नु यस शोध कार्यको मुख्य समस्या बनेको छ । त्यसलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ ।

(क) म्याग्दी जिल्लाको नेपाली कथा परम्परा कस्तो छ ?

(ख) म्याग्दी जिल्लाका कथाकार र तिनका कथाकृतिहरू के कति छन् ?

(ग) म्याग्दी जिल्लाका कथाकृति के कस्ता छन् ?

यिनै उपर्युक्त समस्याहरूको समाधानमा केन्द्रित रहँदै अन्य सान्दर्भिक र प्रासङ्गिक प्रश्नहरूको उत्तरको खोजीबाट यस शोधकार्यलाई पूर्णता दिइएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तावित शोध कार्यको उद्देश्य भनेको म्याग्दी जिल्लाको चिनारी दिनुका साथै म्याग्दी जिल्लाको कथा परम्परा र त्यस परम्परामा देखिएका कथाकारहरूको योगदानको अध्ययन र विश्लेषण गर्नु नै देखिन्छ । प्रस्तुत शोधपत्रले निम्न उद्देश्यको परिपूर्ति गर्ने देखिन्छ ।

(क) म्याग्दी जिल्लाको साहित्यिक पृष्ठ भूमिमा कथा परम्पराको अध्ययन गर्नु,

(ख) म्याग्दी जिल्लाका कथाकारहरूको सर्वेक्षण गर्नु,

(ग) म्याग्दी जिल्लामा कथा लेखनको सङ्ख्यात्मक तथा गुणात्मक उपलब्धिको मूल्याङ्कन गर्नु,

उपर्युक्त बुँदाहरूको समस्याको समाधान गर्नु नै यस शोधकार्यको उद्देश्य रहेको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

म्याग्दी जिल्लाको नेपाली साहित्य परम्परा पुरानो भएपनि यहाँको कथा र कथाकारका बारेमा जति चर्चा हुनुपर्ने हो, त्यति मात्रामा चर्चा हुन सकेको छैन । केही राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा म्याग्दी जिल्लाको कथाकार र कथाका बारेमा गरिएका पूर्व प्रयासहरू निम्नानुसार उल्लेख गरिएको छ ।

(क) ठाकुर पराजुलीले 'धौलागिरीका कथा' (कथा सङ्गह) (२०५३) नामक पुस्तकभित्रको भूमिकामा म्याग्दी जिल्लाको आख्यान साहित्य र साहित्यकारको संक्षिप्तमा चर्चा गरेका छन् । यस कार्यबाट म्याग्दी जिल्लाको साहित्यमा कथाको सन्दर्भ पहिल्याउन सहयोग पुगेको छ ।

(ख) चन्द्रप्रकाश बानियाँले 'म्याग्दीको प्रवाह' (वर्ष १, अंक १, २०५५, पृ. १) पत्रिकाको लेखमा सङ्क्षिप्तमा भएपनि म्याग्दी जिल्लाको ऐतिहासिक पक्ष, नामकरण, अवस्थिति पौराणिक काल, प्राचीन म्याग्दी, थापा राज्यकाल, मल्लकालीन म्याग्दी र आधुनिक म्याग्दीको चर्चा गरेका छन् । यस कार्यबाट जिल्लाको परिचयात्मक अध्ययनमा सहयोग भए पनि समग्र जिल्लाको तथ्य भने आएको छैन ।

(ग) घटराज भट्टराईद्वारा सम्पादि 'नेपाली लेखक कोश' (२०५६) पुस्तकमा म्याग्दीका साहित्यकारहरूको सङ्क्षिप्त परिचय दिइएको छ । यसबाट बालकथाकार बानियाँ कान्छाको चिनारीमा सहयोग मिलेको छ ।

(घ) बालकृष्ण शर्माले होमनाथ सुवेदीको जीवनी व्यक्तित्व र कृतित्व (२०५६) अप्रकाशित शोधपत्रमा होमनाथ सुवेदीलाई उपन्यासकारका रूपमा चिनाएका छन् ।

(ङ) विन्दुराज सिग्देलको अन्तर्राष्ट्रिय मञ्चमा (वर्ष १६, अंक १, २०५७) म्याग्दी जिल्लाको संक्षिप्तमा भएपनि ऐतिहासिक, सामाजिक, आर्थिक प्राकृतिक भौगोलिक शैक्षिक र धार्मिक स्थितिको चिनारी दिएका छन् ।

(च) लक्ष्मीकुमारी उपाध्यायले 'बालकथाकार' बानियाँ कान्छाको जीवनी व्यक्तित्व कृतित्व (२०५८) अप्रकाशित शोधपत्रमा बानिया कान्छालाई बालकथाकारको रूपमा चिनाएकी छिन् ।

(छ) रामचन्द्र सुवेदीले 'म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण' (२०६५) अप्रकाशित शोधपत्रमा म्याग्दी जिल्लाको पृष्ठभूमि, चिनारी र केह प्रमुख कथाकारलाई चिनाउने काम गरेका छन् ।

(ज) सूर्य के.सी. ले 'धवलागिरि अञ्चलका प्रतिनिधि कथाकार र तिनका कथाकृतिको अध्ययन' (२०६६) अप्रकाशित शोधपत्रमा म्याग्दी जिल्लाका तीन वटा कथाकार ( बानियाँ कान्छा, धुवलाल शर्मा र सीमा रोशी) लाई चिनाएका छन् ।

(झ) रामप्रसाद सुवेदीले 'कालञ्जर' (वर्ष ६, पूर्णाङ्क ८, २०६६) मा दामोदर रिजाल घतानेलाई यथार्थवादी कथाकारका रूपमा चिनाउँदै उनको 'अव्यवस्था' कथासङ्ग्रह विश्लेषण गरेका छन् ।

(ञ) टेक बहादुर भण्डारीले, धुवलाल शर्माको जीवनी व्यक्तित्व र कृतित्व (२०६७) अप्रकाशित शोधपत्रमा शर्मालाई सामाजिक यथार्थवादी कवि तथा कथाकारका रूपमा चिनाएका छन् । यसले शर्मालाई कथाकारका रूपमा चिनाउन थप सहयोग पुऱ्याएको छ ।

उपर्युल्लिखित सामग्रीद्वारा प्रस्तावित शोधकार्यमा केही मद्दत त अवश्य मिलेको छ । तर पनि यस शोधकार्यका लागि यी सामग्री अपर्याप्त नै हुन्छन् । बाँकि अन्य सामग्री शोधकार्य गर्ने क्रममा पुनः खोजिनेछन र यस शोधकार्यले पूर्णता पाउने छ ।

## १.५ शोधकार्यको औचित्य र महत्व

प्रस्तुत शोधकार्यमा म्याग्दी जिल्लाको सामान्य परिचय दिँदै यहाँको कथाकार र कथाकृतिको अध्ययन गरिने छ । यस 'म्याग्दी जिल्लाका कथाकार र तिनका कथाकृतिको अध्ययन' शीर्षकको शोधपत्रमा म्याग्दी जिल्लाको सामान्य परिचय देखि लिएर म्याग्दी जिल्लाका समग्र कथाकार र तिनका प्रकाशित कथाकृतिको अध्ययन गरिने छ । यसभन्दा अगाडि म्याग्दि जिल्लाका कथाकार र तिनका कथाकृतिको अध्ययन विधागत र वस्तुगत रूपमा नभएको हुँदा यस शोधपत्रको औचित्य सान्दर्भिक देखिन्छ । यस शोधपत्रले आगामी दिनहरूमा पनि क्षेत्रीय अध्ययनका क्रममा वा म्याग्दी जिल्लाका कथाकार र तिनका कथाहरूको अध्ययनका क्रममा महत्वपुर्ण भूमिका खेल्ने छ । त्यसैगरी म्याग्दी जिल्लाको कथाविधाबारे जान्न चाहने जिज्ञासु व्यक्तिका लागि पनि यो शोधपत्र उपयोगी स्रोत बन्ने भएका कारण पनि प्रस्तुत शोधपत्रको महत्व र औचित्य प्रष्ट हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तावित शोधपत्रमा म्याग्दी जिल्लाको सीमाभित्र रही जिल्लाको चिनारी त्यहाँको नेपाली कथाको विकास परम्परा र त्यहाँका कथाकार र तिनका प्रकाशित कथाकृतिको अध्ययन नै रहने छ । म्याग्दी जिल्लामा कथा लेखेका र कथा लेख्दै गरेका तथा विभिन्न ठाउँमा रहेर पनि कथामा कलम चलाइरहेका कथाकार र जसको एउटा कथाकृति प्रकाशित भइसकेको छ । उसको परिचय सहित सङ्क्षिप्तमा अध्ययन गरिने छ । साथै फुटकर पत्र पत्रिकामा प्रकाशित कथाकार र तिनका कथाहरूको पनि सामान्य सर्वेक्षण गरिने छ । २०६८ सालसम्म प्रकाशनमा आएको कथाकृतिको अध्ययन गरिने छ । अर्थात् यो शोधपत्र तयारी हुनुभन्दा पहिलेका प्रकाशित कथाहरूको अध्यय गरिने छ । यही नै यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तावित 'म्याग्दी जिल्लाका कथाको अध्ययन' शीर्षकको शोधकार्य तयार गर्दा सामग्री सङ्कलन विश्लषण र वर्गीकरण निम्न प्रक्रियाबाट गरिने छ ।

(क) **सामग्री सङ्कलन विधि**

यस शोधकार्यको शीर्षक **म्याग्दी जिल्लाको कथाको अध्ययन** मा अनुसन्धान गर्दा प्राथमिक स्रोत र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यो शीर्षक क्षेत्रीय अध्ययनसँग सम्बन्धित भएकोले सामग्री सङ्कलनका लागि प्राथमिक स्रोत क्षेत्रीय पद्धति नै रहेको छ । द्वितीयक स्रोतका रूपमा पुस्ताकालयीय पद्धतिलाई लिइएको छ । क्षेत्रीय अध्ययन पद्धतिबाट सामग्री सङ्कलन गर्दा पहिले लिखित तथा मौखिक अन्तवार्ताका माध्यमबाट म्याग्दी जिल्लाका काथकारहरूको सूचीको विवरण तथा सामग्री सङ्कलन गरिएको छ । त्यस क्रममा कतिपय विवरा लिन मोबाइल फोन, टेलिफोन, चिठीपत्र तथा कतिपय आफन्तजनहरूबाट पनि जानकारी लिइएको छ । विभिन्न सङ्घ संस्थाबाट प्रकाशित पत्रपत्रिका एवम् पूर्वकार्यको विवरणमा उल्लेख गरिएका सन्दर्भ सामग्री सङ्कलन गर्दा पुस्तकालयीय अध्ययन पद्धतिलाई अँगालिएको छ ।

(ख) **सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा**

प्रस्तावित 'म्याग्दी जिल्लाका कथाको अध्ययन' शीर्षकमा शोधकार्य गर्ने क्रममा क्षेत्रीय तथा पुस्तकालयीय पद्धतिबाट सङ्कलन गरिएका सामग्रीको, कथाको सैद्धान्तिक पद्धतिका आधारमा तथा अन्य गुणात्मक, परिमाणात्मक आधारमा विश्लेषण गरिएको छ । त्यसैगरी ती उपलब्ध सामग्रीलाई आवश्यकतानुसार वर्णनात्मक, विवरणात्मक, परिचयात्मक एवम् विश्लेषणात्मक प्रस्तुति गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तावित 'म्याग्दी जिल्लाका कथाको अध्ययन' शीर्षकको शोधकार्यको उपलब्धिलाई सुव्यवस्थित पार्न निम्न लिखित परिच्छेदमा विभाजन गरिने ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : म्याग्दी जिल्लाको परिचय

तेस्रो परिच्छेद : म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण

चौथो परिच्छेद : म्याग्दी जिल्लाका कथाकार तिनका कृतिका अध्ययन

पाँचौ परिच्छेद : उपसंहार

# परिच्छेद दुई

# म्याग्दी जिल्लाको परिचय

## २.१ म्याग्दी जिल्लाको भौगोलिक अवस्थिति

नेपालको पश्चिमाञ्चल विकासक्षेत्रमा पर्ने धवलागिरि अञ्चलभित्रको एक जिल्ला हो म्याग्दी । यो जिल्ला पूर्वमा पर्वत, मनाङ र कास्की, पश्चिममा बाग्लुङ र रूकुम उत्तरमा मुस्ताङ र डोल्पा तथा दक्षिणमा बाग्लुङ जिल्लाले घेरिएको छ । यो जिल्ला मध्य पहाडी क्षेत्रमा पर्दछ । म्याग्दी जिल्लाले उत्तरको हिमाली क्षेत्रलाई छोए पनि दक्षिणको तराई मैदानलाई छुन सकेको छैन । यस जिल्लामा अग्लाअग्ला पहाडहरू रहेका छन् । यस जिल्लाको भौगोलिक अवस्थिति उत्तरबाट क्रमशः दक्षिणतर्फ ढल्किएको छ । म्याग्दी जिल्लाको सदरमुकाम बेनीबजार हो ।

म्याग्दी जिल्ला महाभारत पर्वत श्रृङ्खलाअन्तर्गत पर्दछ । यो जिल्ला सामुद्रिक सतहबाट ७९२ मिटरदेखि (रत्नेचौर) अधिकतम ८१६९ मिटरसम्मको (धवलागिरि हिमाल) उचाइमा रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल २,२९,७०६ वर्ग कि.मि. रहेको छ । विश्व मानचित्रमा हेर्दा यो जिल्ला ८३.०८ देखि ८३.५३ सम्म पूर्वी देशान्तर तथा २८.२० देखि २८.४७ सम्म उत्तरी अक्षांशसम्म फैलिएको छ । भौगोलिक स्वरूपका दृष्टिले हेर्दा यस जिल्लाले बेसीमा ८% उच्च उच्च पहाडीमा ५६% तथा हिमाली क्षेत्रमा ३६% प्रतिशत भू-भाग ओगटेको छ ।[१]

म्याग्दी जिल्लाको वर्तमान सिमाना २०३१ सालमा पर्वत र मुस्ताङबाट १० गा.वि.स. यस जिल्लामा गाभिन आएपछि कायम हुन आएको हो ।[२] हाल यस

---

१ **मेचीदेखि महाकाली, भाग ३**, श्री ५ को सरकार, पृ. ६२१ ।

२ चन्द्रप्रकाश बानियाँ, **ऐतिहासिक पर्वतराज्य बेनी : म्याग्दी पुस्तकालय**, २०६३, पृ. १२३ ।

जिल्लामा ४१ गा.वि.स. १ सदरमुकाम १ निर्वाचन क्षेत्र, ११ इलाका तथा २६९ वडाहरू रहेको छन् ।[३]

## २.२ म्याग्दी जिल्लाको नामकरण

म्याग्दी जिल्लाको नामकरण सम्बन्धमा थुप्रै प्रसङ्गहरू पाइन्छन् । खास गरी जिल्ला विभाजन गर्ने क्रममा म्याग्दी नदीको नामबाट जिल्लाको नाम रहन गएको हो । यो नदी पश्चिमबाट दक्षिणतर्फ बग्ने क्रममा म्याग्दी जिल्लाका धेरै जसो भू-भाग हुँदै अगाडि बढेको छ । म्याग्दीको गूढ अर्थ खोज्नुभन्दा पनि नदीको नाम म्याग्दी किन रह्यो त ? भन्ने सन्दर्भमा विभिन्न प्रसङ्गहरू उल्लेख गर्नु वाञ्छनीय देखिन्छ ।

एक प्रसङ्गअनुसार पौराणिक कालमा म्याग्दीलाई मङ्गला नदी भनिन्थ्यो र कतैकतै माया नदी पनि भनिन्थ्यो, जुन कुरा "जयन्ती मङ्गला काली भद्रकाली कपालिनी" भन्ने संस्कृत श्लोकबाट स्पष्ट हुन्छ । त्यही मङ्गला नदीलाई कालान्तरमा म्याग्दी नदी भनिएको हो भन्ने भनाइ छ ।[४]

अर्को प्रसङ्गअनुसार म्याग्दी जिल्लाको भू-भागलाई पहिले मगरात क्षेत्र भनिन्थ्यो । यहाँ मगर जातिहरूले बसोबास गर्दै आइरहेका छन् । मगरहरूको बस्ती भएका कारण यहाँका ठाउँका नाम पनि मगर भाषामा नै राखिएका छन् । नामका अन्त्यमा 'ङ' (बाग्लुङ, बाजुङ पाङ्) 'जा' धमजा, रामजा, गुरजा दि/डि (म्याग्दी मोदी लस्दी) जस्ता प्रत्यय लागेर बनेका शब्दहरू मगर भाषामा प्रशस्तै पाइन्छन् । मगर भाषामा रहेका केही शब्दमा 'दी' प्रत्यय लगाएर शब्द बनाउने क्रममा म्याग्दी नामकरण हुन पुगेको हो भन्ने भनाइ छ ।[५]

जिल्लाको नामकरणमा भाषालाई पनि लिन सकिन्छ । मगर भाषामा मेङ् भनेका थापा र दी भनेको नदी भन्ने हुन्छ । इसाको तेह्रौं शताब्दीको अन्त र चौधौं

---

[३] **जिल्ला विकास समिति म्याग्दी वस्तुगत विवरण** २०६३/०६४ पृ. १ ।

[४] जिल्ला विकास समिति म्याग्दी ।

[५] ठाकुर पराजुली, "धवलागिरी अञ्चलको साहित्यिक रूपरेखा र स्थानीय कथा क्षितिज भूमिका" **धवलागिरीका कथाहरू, सम्पा, प्रेम छोटा**, काठमाडौं : ने.रा.प्र.प्र. २०५३) पृ. १ ।

शताब्दीको सुरुतिर ताकम, ज्यामरूककोट र पुलामा थापाहरू राज्य गर्थे । थापाहरू पहिले मगर भए पनि पछि जनै धारण गरी क्षेत्री र ठकुरीमा रूपान्तरण भएका थिए । ती थापाहरू पहिलेका ‘मेङ’ उपथरकै मगर थिए । यसै आधारमा उनीहरूको आसपासमा बग्ने नदीलाई मेङ्दी भनियो । (मेङ्-थापा दी-नदी) अहिले पनि यहाँका स्थानीय मगरहरू म्याग्दी नदीलाई म्याग्दी नभनी मेङ्दी भन्ने गर्छन् ।[६]

यसरी म्याग्दी जिल्लाको नामकरणका सम्बन्धमा विभिन्न प्रसङ्ग या विचार प्रस्तुत हुँदै आए पनि यसको नामकरण नदीको नामबाट भएको हो भन्ने कुरा बढी तथ्यपरक देखिन्छ ।

## २.३ प्राकृतिक अवस्था र यहाँका जडिबुटीहरू

प्राकृतिक दृष्टिले हेर्दा म्याग्दी जिल्ला महत्त्वपूर्ण जिल्लाका रूपमा चिनिन्छ । यस जिल्लाको प्राकृतिक सौन्दर्यलाई यहाँ रहेका नदी, झरना, कुण्ड, गल्छी, हिमालय, वनस्पति खनिज आदिले चिनाएका छन् । प्राकृतिक सौन्दर्यको कुरा गर्दा दुई प्रमुख नदी म्याग्दी र कालीगण्डकी यसै जिल्ला भएर दक्षिणतर्फ बगेका छन् । राष्ट्रिय स्तरमै पहिचान राख्न सफल भूतातोपानी (तातोपानी), सिङ्गा तातोपानी (सिङ्गा) कुण्डहरू यस जिल्लामा रहेका छन् । त्यसैगरी विश्वकै सबभन्दा गहिरो गल्छी अन्धगल्छी ( ६९८७ मि. गहिरो) रूप्से झरना, विश्वकै अग्ला शिखरहरूमध्ये पर्ने धवलागिरी हिमाल र गुर्जा हिमाल पनि यसै जिल्लामा पर्दछन् ।[७]

म्याग्दी जिल्लाको प्राकृतिक अवस्थालाई चिनाउने अर्को स्रोत वनजङ्गल हो । यस जिल्लाको कुल क्षेत्रफलको ८४,४५२ हेक्टर जमिनलाई वनजङ्गलले ढाकेको छ । यस जङ्गलमा सल्ला, साल, ओखर, सिमु, उत्तीस, चिलाउने, गुराँस काफल, मौवा

---

[६] चन्द्रप्रकाश बानियाँ, ‘म्याग्दी जिल्लाको ऐतिहासिक चिनारी ’ , **म्याग्दी प्रवाह** , (वर्ष १, अंक १, २०५५), पृ १ ।

[७] विन्दुराज सिग्देल, ‘म्याग्दी जिल्ला परिचय’ **अन्तरराष्ट्रिय मञ्च**, (वर्ष १६, अंक १, २०५७ साउन), पृ. ४१ ।

टुनी निजु, निगालोजस्ता वनस्पतिहरू पाइन्छन् । पशुपंक्षीहरूमा कस्तुरी, थार मृग, घोरल, नाउर, चितुवा, बाघ, भालु, बाँदर, दुम्सी, ब्वाँसो आदि पंक्षीहरू पाइन्छन् ।[८]

म्याग्दी जिल्लामा विविध प्रकारका जडिबुटीहरू पाइन्छन् । जस्तैः - सत्वा, बोदो, जेठी मधु, अलैंची बकाइनो, काप्रो सिन्काउली (दालचिनी) यार्सागुम्बा, टिमूर, काउलो, अलैंची, भाङो, बाखाकाने सर्पगन्धा, भोल्टाप्रे रातपाते, घिउकुमारी, कुरिलो, चाँप, हर्रो बर्रो, अमला, जम्बु, भकिम्लो, चिराइतो आदि थुप्रै जडिबुटीहरू पाइन्छन् । यी जडिबुटीहरूले आयुर्वेदिक औषधि बनाउन ठूलो सहयोग गरेको छ र बिरामी भएको बेला यहाँका बासिन्दाले यिनै जडिबुटीको औषधि बनाएर सेवन गर्ने गर्छन्, जसका कारण उनीहरू बारम्बार अस्पताल धाइरहनु पर्दैन ।[९]

यसरी म्याग्दी जिल्लालाई यहाँका तातोपानीका कुण्ड, हिमाल, प्राकृतिक हरियाली, जडिबुटी र पशुपंक्षीले चिनाएका छन् । यस जिल्लामा १८ ओटा खानी रहेको जानकारी पनि पाइन्छ । यिनै प्राकृतिक सौन्दर्यले म्याग्दी जिल्लालाई चिनाएका छन् ।

### २.४ ऐतिहासिक चिनारी

म्याग्दी जिल्ला ऐतिहासिक दृष्टिले हेर्दा महत्त्वपूर्ण जिल्लाका रूपमा चिनिन्छ । प्राचीन कालमा राजा मानदेवले आफ्ना सामन्तलाई दबाउन गण्डकीपारि मल्लपुरी पुगेर सामन्त दबाएको कुरा चाँगुनारायण मन्दिरको वि.सं. ५२२ को अभिलेखमा उल्लेख छ ।[१०] यस अभिलेखलाई आधार मान्दा पनि त्यो ठाउँ बाग्लुङ र बेनीलाई नै तोकिएको छ । त्यसबेला मानाङ्क मुद्रा बाग्लुङमा पाइएकाले पनि मल्लपुरी भन्नाले बाग्लुङ र बेनी यतै हुनुपर्छ भन्ने कुराले म्याग्दीको ऐतिहासिक पक्षको पुष्टि गर्दछ ।

मध्यकालमा आएर (पन्ध्रौं शताब्दी) नेपाल बाईसे चौबीसे राज्यमा विभाजित भयो । त्यसपछि विधिवत रूपमा वि.सं. १४९३ तिर आनन्द बमद्वारा पर्वत राज्यको

---

[८] मेचीदेखि महाकाली, पूर्ववत, पृ. ६२१ ।

[९] घनश्याम रिजाल २०६८/१२/२४ लिइएको भेटवार्ता अनुसार ।

[१०] चन्द्र प्रकाश बानियाँ, पूर्ववत, पृ. १० ।

स्थापना भयो । त्यसबेला यस राज्यको विस्तार वर्तमान म्याग्दी, डोल्पा, बाग्लुङ र पर्वतका साथै मुस्ताङ जिल्लासम्म पुगेको जानकारी पाइन्छ । यस आधारबाट हेर्दा पनि म्याग्दीको पूर्व इतिहास मानिसहरू व्यापार गर्न बेनी हुँदै तिब्बतसम्म पुग्दथे, त्यसकारण बेनी व्यापारिक केन्द्र मानिन्थ्यो । त्यतिबेला गाँजा फलाम र तामाको व्यापार अत्यधिक हुने जानकारी पाइन्छ ।[११] पर्वत राज्यकालमा आनन्द बम पछि १४ जना राजाहरूले शासन गरेका थिए । पहिलेका राजाहरूले बेनीलाई हिउँदे राजधानी बनाए । पछि मलेबम मल्लको पालामा बेनी स्थायी राजधानी बनेको छ । आधुनिक कालमा आएर गोरखाका राजा पृथ्वीनारायण शाहबाट नेपालका एकीकरण कार्य सुरु भयो । त्यसपछि वि.सं. १८४३ आश्विन १४ गतेका दिन गोरखाले पर्वतमाथि आक्रमण गरी विजय प्राप्त गऱ्यो । त्यसपछि बेनी सदाका लागि नेपालमा गाभिन पुग्यो ।[१२]वि.सं. २०१८ मा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरिएपछि बेनी पुनः अहिलेको म्याग्दी जिल्लाको सदरमुकाम हुन पुगेको हो ।

## २.५ मन्दिर एवम् धार्मिक स्थलहरू

मुक्ति क्षेत्रबाट बहँदै आएकी पवित्र कालीगण्डकी नदीको प्रश्रवण प्रदेश भएकाले परापूर्वकालदेखि म्याग्दी पवित्र भूमि मानिँदै आएको छ । यहाँ धार्मिक भावनाले ओतप्रोत भएका बाईसे चौबीसे राजाहरूद्वारा लामो समयदेखि शासित हुँदै आएको देखिन्छ । यस जिल्लामा विभिन्न देवदेवीका मन्दिर एवम् धार्मिक स्थलहरू पहिलेदेखि नै प्रसिद्ध हुँदै आएका छन् । म्याग्दी जिल्लाको प्रमुख स्थल गलेश्वर महादेवको मन्दिर हो । त्यहाँ जड भरतले तपस्या गरेको र पुलाडाँडामा पुलस्त्य ऋषिले तपस्या गरेको हुँदा पुलहाश्रम र गलेश्वर धाम विशेष प्रसिद्ध छन् । जुन श्रीमद्भागवत महापुराणमा पनि पुलहाश्रम र जडभरतको चर्चा गरिएको हुँदा यो स्थल पौराणिक कालदेखि नै प्रसिद्ध रहेको स्पष्ट हुन्छ ।

---

[११] टेक बहादुर श्रेष्ठ, **पर्वत राज्यको ऐतिहासिक रूपरेखा**, (कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०५९), पृ. १४३-१५९ ।

[१२] ऐज, पृ. ५२ ।

म्याग्दी जिल्लामा रहेका ऐतिहासिक धार्मिक स्थलहरूको विवरण यसप्रकार छ ।

| क्र.सं. | नाम विवरण | गा.वि.स. | महत्त्व |
|---|---|---|---|
| १ | शिवालय पौवा | अर्थुङ्गे/बेनी | बम मल्लको राज्यकाल वि.सं. १७०० मा निर्मित |
| २ | महारानी स्थान | अर्थुङ्गे/मङगला घाट | राजा कीर्तिबमकी रानीले आत्महत्या गरेको स्थान |
| ३ | गलेश्वर महादेव | घतान : गलेश्वर | शिवजीको ज्योतिर्लिङ्ग मन्दिर |
| ४ | पौलस्त्य आश्रम | पुलाचौर | पुलस्त्य ऋषिको आश्रम |
| ५ | रिखार मण्डलस्थल | कुइने मङगले | प्राचीन तीर्थस्थल |
| ६ | जगन्नाथ मन्दिर | पुलाचौर | डिम्ब महाराजद्वारा वि.सं. १५५० तिर निर्मित |
| ७ | मालिका मन्दिर | बिम | धार्मिक स्थल |
| ८ | गिद्धेश्वर मन्दिर | हिस्तान मण्डली | धार्मिक स्थल |
| ९ | ताकमकोट | तकम | थापा राज्यकालमा निर्मित (वि.सं. १५०० पूर्व) |
| १० | भगवती मन्दिर | भगवती-राखु | धार्मिक स्थल |
| ११ | बौद्धबिहार | अथुङ्गे | बुध्द धर्मावलम्बीहरूको आस्थाको केन्द्र |
| १२ | ढोलठान दरबार | घतान | कीर्तिबम मल्लको दरबार |
| १३ | द्यौलेश्वर शिव मन्दिर | वेगखोला | धर्मिक स्थल |
| १४ | नौमुखे ढुङ्गे | राम्चे | म्गरहरूको कुलदेवताको कर्मथलो |

स्रोत : वार्षिक पुस्तिका २०६४/०६५ जिल्ला विकास कार्यालय म्याग्दी

**म्याग्दी जिल्लाका केही प्रमुख पर्यटकीय स्थलहरू**

| क्र.सं. | नाम विवरण | गा.वि.स. | महत्त्व |
|---|---|---|---|
| १ | धवलागिरि हिमाल | मुदी | पर्वतारोहण र ट्रेकिङ्ग |
| २ | गुर्जा हिमाल | गुर्जा | पर्यटकीय स्थल |
| ३ | अन्धगल्छी | दाना | धवलागिरी र अन्नपूर्ण शृङ्खलाबीचको विश्वकै सबैभन्दा गहिरो गल्छी |
| ४ | रूप्से छहरा | दाना | मुस्ताङ जाने रमणीय ट्रेकिङ्ग रूट |
| ५ | तातोपानी | भुरूङ तातोपानी | तातोपानी कुण्ड ट्रेकिङ्ग रूट |
| ६ | तातोपानी कुण्ड | सिङ्गा | प्राकृतिक उपचार |
| ७ | दग्नाम तातोपानी कुण्ड | दग्नाम | प्राकृतिक उपचार |
| ८ | पुनहिल | शिख | धौलागिरि अन्नपूर्ण माछापुच्छ्रे लगायत थुप्रै हिमाल देखिने ठाऊँ |
| ९ | घोडेपानी | शिख | विश्वको सबैभन्दा ठूला लालीगुराँस वनक्षेत्र |
| १० | खयर बराह ताल | शिख | अन्नपूर्ण हिमालको काखमा रहेको, मनोकाङ्क्षा पूरा हुन्छ भन्ने विश्वास |
| ११ | ढोरपाटन आरक्ष | गुर्जा | वन्य आरक्षण क्षेत्र |
| १२ | टोड्के | कुहुँ | धवलागिरी अन्नपूर्ण र नीलगिरि हिमालहरूको दृश्यावलोकन गर्ने ठाउँ |
| १३ | अन्नपूर्ण | शिख | पर्यटक ट्रेकिङ्ग रूट, रमणीय क्षेत्र |

| | संरक्षण क्षेत्र | नारच्याङ | |
|---|---|---|---|

स्रोत : जिल्ला कृषि विकास कार्यालय २०६४/०६५ म्याग्दी

यसरी म्याग्दी जिल्ला धार्मिक र पर्यटकीय क्षेत्रमा उल्लेख्य छ ।

## २.६ सामाजिक सन्दर्भ

समाज विभिन्न जातजाति, भाषाभाषी, धार्मिक सम्प्रदायको संयोगबाट बनेको हुन्छ । एक्लो व्यक्तिबाट समाज बन्न सक्दैन । समाज भौगोलिक स्थितिअनुरूप भिन्नभिन्न खालको हुन्छ ।[१३] कुनै एक स्थानमा बसेका एकै प्रकारको सोच र मान्यता रहेका मानिसहरूको समूहलाई समाज भनिन्छ ।[१४] वर्तमान हाम्रो समाज वर्गसङ्घर्षको समाज हो । वर्गसङ्घर्षबाट हाम्रो समाज अघि बढिरहेको छ । समाज भौतिक आधारमा उत्पादन पद्धतिको विशष्टिता हुन्छ र यो परिवर्तन हुँदै जान्छ । यस किसिमको परिवर्तनसँगै सामाजिक इतिहास निर्माण हुन्छ ।[१५]

वर्तमान म्याग्देली समाज भन्नाले म्याग्दी जिल्लामा बसोबास गर्ने अलगअलग मानिसहरूको सामूहिक रूप हो । म्याग्दी जिल्लामा विभिन्न भाषाभाषी, जातजाती, संस्कृति, रीतिरिवाज, धर्म, लिङ्ग, पेसा, वर्ग, सोच, मान्यता भएका मानिसहरू बसोबास गर्ने गर्दछन् । यहाँको समाजमा व्यक्ति, वर्ग र जाति अनुरूपको सामाजिक भूमिका पाइन्छ । विविधतामा एकता पाइनु यस जिल्लाको मुख्य सामाजिक विशेषता हो ।

---

१३ गणेशप्रसाद शर्मा, **बाग्लुङ जिल्लाको साहित्यिक योगदान**, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग कीर्तिपुर २०५५, पृ. १६ ।

१४ पेशल दाहाल र सोमप्रसाद खतिवडा, **नेपाली समाज र संस्कृति**, काठमाडौं : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स २०५७, पृ. १ ।

१५ रामचन्द्र सुवेदी, **म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण अप्रकाशित शोधपत्र,** नेपाली केन्द्रीय विभाग, कीर्तिपुर २०६,५ पृ. १३ ।

## २.७ सांस्कृतिक सन्दर्भ

संस्कृति भनेको एउटा जनसमूहको साझा जीवनशैली हो । यो विश्वास र धारणाको एकता हो र यसका कारण मानिसहरू एकै ठाउँमा मिलेर बस्छन् र संस्कृतिका कारण नै एउटा मानव समूह अर्को मानव समूहभन्दा फरक देखिन्छ ।[१६]

म्याग्दी जिल्लाको संस्कृति आफ्नै भौगोलिक परिवेशअनुरूपको देखिन्छ । म्याग्दी जिल्लामा हिन्दूलगायत विविध धर्म मान्ने मानिसहरू बस्दछन् । यही कारण यहाँ जाति र धर्मअनुरूपका संस्कृति देख्न सकिन्छ । यस जिल्लामा हिन्दूसंस्कृति अनुरूपका षोडष संस्कारहरू मनाउने चलन बढी छ । विशेष गरी यहाँका ब्राह्मण, क्षेत्री ठकुरी आदि जातिमा जन्मदा छैँटी, न्वारन, व्रतबन्ध, विवाह तथा मृत्युमा गरिने संस्कारहरू गर्ने चलन छ । त्यस्तै मगर, गुरुङ, नेवार जातिमा पनि आ-आफ्नै संस्कृति रहेको पाइन्छ । यहाँका ब्राम्हण, क्षेत्री, मगर, नेवार जातिले मान्छे मर्दा कालीगण्डकी, म्याग्दी र रघुगङ्गा नदीको घाटमा लगी जलाउने गर्दछन् । यहाँ जुठो र सुतक बार्ने चलन अद्यापि देखिन्छ । यहाँका मानिसहरूको खानपान पनि जातिअनुरूप भिन्दाभिन्दै रहेको छ । विशेष गरी यहाँका बाहुन, क्षेत्री आटोपिठो भात बढी खाने गर्छन् भने मगर, छन्त्याल, गुरुङ जातिहरूमा ढिँडो, फापर, वाका परिकारहरू नै खाने गरेको पाइन्छ ।

## २.८ जातजाति

नेपाल बहुभाषी बहुजाति, बहुसंस्कृति भएको मुलुक हो । यहाँ अनेकतामा एकता रहेको छ । कुनै पनि जातजातिले यस देशको सांस्कृतिक अस्तित्वमा महत्त्वपूर्ण भूमिका खेलेको छ । यो जिल्ला मगराँत क्षेत्र अन्तर्गत पर्दछ । यहाँ मगर जातिमात्र बसोबास नगरी ब्राहमण, क्षेत्री, नेवारी, ठकुरी, कामी, सार्की, दमाई जस्ता थुप्रै जातिको बसोबास रहेको देखिन्छ । नेपालको २०६८ सालको जनगणना अनुसार म्याग्दी जिल्लाको जनसङ्ख्या १,१३,७३१ कुल रहेको छ । यो सङ्ख्या २०५८ सालको भन्दा ७१६ अङ्कले कम हो ।

---

[१६] गणेशप्रसाद अधिकारी, **समाजशास्त्र तथा मानवशास्त्र एक परिचय,** काठमाडौँ : रत्न पुस्तक भण्डार, २०५४, पृ. ४७ ।

म्याग्दी जिल्लाको जातजातिको विवरण यस प्रकार छ ।

| **जतजाति** | **प्रतिशत** |
| --- | --- |
| क्षेत्री | १६.४७ |
| मगर | ४१.७८ |
| ब्राहमण | ७.८२ |
| नेवार | १.३६ |
| दमाई | ४.५३ |
| ठकुरी | २ |
| कामी | १३.२ |
| सार्की | २.८२ |
| अन्य | ५ |

स्रोत : राष्ट्रिय जनगणना २०६८ अनुसार

## २.९ चाडपर्व

साधारण अर्थमा चाडपर्व भन्नाले धार्मिक वा अन्य कुनै प्रकारको उत्सव विशेष बुझिन्छ । यस्ता चाडपर्वहरू थुप्रै किसिमका हुन्छन् । कुनै चाडपर्वले धार्मिक भावनालाई व्यक्त गरेका हुन्छन् भने कुनै चाडपर्वले सामाजिक तथा सांस्कृतिक जीवनसँग सम्बन्ध राखेका हुन्छन् । नेपाल विभिन्न जाति, भाषा, संस्कृति भएका मानिसहरूको साझा फूलबारी हो । यहाँका यिनै मानिसहरूले कुनै न कुनै अवसर पारेर विभिन्न उत्सवहरू आयोजना गरेका हुन्छन् । त्यसै आयोजनालाई चाडपर्व भन्ने गरिन्छ ।[१७]

म्याग्दी जिल्ला मगर जातिहरूको बाहुल्य भएको जिल्ला हो । यस जिल्लामा मगर जातिका अतिरिक्त अन्य जातिहरू पनि रहेका छन् । म्याग्दी जिल्लामा राष्ट्रिय स्तरमै मनाइने चाडहरू जस्तै दसैं, तिहार, फागु, श्रीपञ्चमी, तीज, जनैपूर्णिमा, नयाँवर्ष, शिवरात्री जस्ता थुप्रै चाडपर्वहरू मनाउने गरिन्छ । त्यस्तै जाति अनुसारका चाडपर्वहरू पनि यहाँ मनाउने गरिएको छ ।

## २.१० भाषा र भाषिका

भाषा विचार विनिमयको माध्यम हो भाषाकै माध्यमबाट मानिसले आफ्ना विचारहरू सम्प्रेषण गर्छ र अरूका विचार पनि ग्रहण गर्छ । भाषा भौगोलिक दूरी, सामाजिक तथा साँस्कृतिक वातावरण र लामो समयको अन्तरालका कारण फरक हुँदै जान्छ । यसलाई नै भाषिक भेद भनिन्छ ।[१८] भाषाको क्षेत्रीय भेद नै भाषिका हो ।[१९] नेपाल बहुभाषी बहुजाति देश भएकाले यहाँ भौगोलिक परिवेश अनुरूप भिन्दाभिन्दै भाषा बोलिन्छन् ।

म्याग्दी जिल्लामा नेपाली भाषाका अतिरिक्त मगर र छन्त्याल भाषालाई पनि मुख्य भाषाको रूपमा प्रयोग गरिँदै आएको छ । म्याग्दी जिल्लामा भारोपेली भाषा

---

[१७] पेशल दाहाल र सोमप्रसाद खतिवडा, पूर्ववत् पृ. ६८ ।

[१८] हीरामणि शर्मा पौड्याल, **पर्वती भाषिकाको स्वरूप र संरचना** , वाराणसी :न्यु कमला मुद्रण, २०४४, पृ. १ ।

[१९] भोलानाथ तिवारी, **भाषा विज्ञान**, नवौं संस्करण, इलाहावाद : किताबमहल, २०५५, पृ. ६१ ।

परिवारको (उर्दू र नेपाली) तथा तिब्बती भाषा परिवारको मगर, छन्त्याल, गुरुङ, नेवारजस्ता भाषाहरू बोलिन्छन् । म्याग्दी जिल्लामा मगर र छन्त्याल भाषाका मानिसहरू विकट पहाडी गाउँमा बसेका छन् भने अन्य जातिहरू सदरमुकाम आसपासका क्षेत्रमा बसेका छन् । यस जिल्लाका मानिसको भाषामा छुट्टै जातिगत शब्द ध्वनि, रूपको विशेषता पाउन सकिन्छ । म्याग्दी जिल्लामा बोलिने भाषाहरूको विवरणलाई तल उल्लेख गरिएको छ ।

| भषा | प्रतिशत |
|---|---|
| नेपाली | ५५ |
| मगर | २५ |
| गुरूङ | ३ |
| नेवार | २ |
| छन्त्याल | ५ |
| अन्य | १० |

स्रोत : राष्ट्रिय जनगणना २०६८ अनुसार

## २.११ आर्थिक स्थिति

मानवीय जीवनको बाँच्ने मुख्य आधार नै अर्थतन्त्र हो । म्याग्दी जिल्लाको आर्थिक स्थिति मध्यकालीन समयदेखि नै सुदृढ रहेको पाइन्छ । त्यसबखत म्याग्दीको व्यापार दक्षिणमा तराई उत्तरमा भोटसम्म रहेको बुझिन्छ । त्यसबेला मुख्यतया सूर्ति र तामाको व्यापार हुन्थ्यो । म्याग्दीको आर्थिक स्रोत धान, गहुँ, कोदो, फापर त्यस्तै पशुपालन र उद्योगधन्दा पनि मानिएको छ । यहाँ १८ ओटा खानी भएको चर्चा पाइन्छ । तिनै खानीबाट र गाई भैंसी, भेडा, बाख्रा पालेर तिनको दूध, घ्यू र मासु बेचेर थुप्रै पैसा कमाएको इतिहासमा उल्लेख छ ।[२०]

[२०] टेकबहादुर श्रेष्ठ, **पर्वत राज्यको ऐतिहासिक रूपरेखा,** कीर्तिपुर : नेपाल तथा एशियाली अनुसन्धान केन्द्र) २०५१, पृ. ३० ।

आधुनिक कालमा म्याग्दीको अर्थतन्त्रमा ठूलै परिवर्तन आएको छ । २००७ सालको परिवर्तन पश्चात म्याग्दी जिल्लामा नयाँ लहर देखिन्छ । राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशमा देखा परेको परिवर्तनको प्रभाव यस जिल्लामा पनि परेको छ । जस अनुसार हाल म्याग्दी जिल्लामा कृषिका अतिरिक्त उद्योगधन्दा, व्यापार र वैदेशिक रोजगारलाई आर्थिक आर्जनको मुख्य श्रोतका रूपमा लिइदै आएको छ । त्यस्तै सरकारी जागिरे ज्यालादारी होटल आदिलाई पनि आर्थिक पक्षभित्र नै समेटिएको पाइन्छ ।

## २.१२ शैक्षिक स्थिति

शिक्षा मानव जीवनका लागि नभई नहुने कुरा हो । शिक्षा जीवनभर चलिरहने एउटा प्रक्रिया हो । शिक्षा गतिशील छ र सामाजिक परिवर्तनका लागि शिक्षा नभई हुँदैन ।[२१]

म्याग्दी जिल्लामा शैक्षिक गतिविधिको प्रारम्भ २००७ सालतिर बाटै भएको हो । तर यसको स्पष्ट जानकारी भने २०१० सालबाट मात्र भएको बुझिन्छ । २००७ सालभन्दा अघिको म्याग्दीको शैक्षिक परम्परा गुरुकुलीय पद्धतिमा रहेको छ ।

२०१० सालमा प्रकाश प्राथमिक स्कुलका नाममा जिल्लामा पहिलो पटक सरकारी तवरबाट विद्यालय स्थापना भएको हो ।[२२] त्यसपछि म्याग्दीका राखु बाबियाचौर लगायत विभिन्न ठाउँमा निजी स्तरमै विद्यालय खुले र पढाइ सुचारुरूपले चल्न थाल्यो । २०२०/२०२२ तिर आइपुग्दा म्याग्दीका राखु, पुलाचौर, बाबियाचौर, सिङ्गा, दरवाङ, गलेश्वर, ताकम आदि ठाउँमा सरकारी तवरबाट विद्यालयहरू खोलिसकेका थिए र अन्य ठाउँमा विद्यालय खोल्ने तत्परता देखाइएको पाइन्छ ।[२३] शैक्षिक क्षेत्रमा म्याग्दी जिल्ला निरन्तर अगाडि बढिरहेको छ । भौगोलिक विकटता भए

---

[२१] चिरञ्जीवी शर्मा र निर्मला शर्मा, **शिक्षा मनोविज्ञान**, भोटाहिटी : एम. के. पब्लिसर्स डिस्ट्रिव्युटर्स २०५३, पृ. २ ।

[२२] धुवलाल शर्माबाट प्राप्त जानकारी अनुसार २०६८ फागुन ।

[२३] **जि.वि.स. म्याग्दी, वस्तुगत विवरण,** २०६४, पृ. ७ ।

पनि वर्तमान समयमा यातायात र सञ्चाको तीव्र विकासका कारण यहाँको शिक्षा क्षेत्र पनि निकै द्रुत रूपमा अगाडि बढेको छ ।

## २.१३ स्वास्थ्य सेवा

मानव जीवनका लागि स्वास्थ्य अनुकूल हुनुपर्दछ । स्वास्थ्य नै सबैभन्दा ठूलो कुरा हो । त्यसका लागि आफ्नो गाउँ टोलमा स्वास्थ्य तथा उपस्वास्थ्य चौकी हुनुपर्दछ । स्वास्थ्यको क्षेत्रमा पर्याप्त मात्रामा विकास हुन नसके पनि केही सुधार भने देखिएको छ । हाल जिल्लामा, जिल्ला स्वास्थ्य कार्यालय, आयुर्वेदिक औषधालय, नेपाल रेडक्रस सोसाइटी र निजी क्लिनिक तथा अन्य अन्य प्रयोगशालाहरू प्रयासरत देखिन्छन् ।[२४] आकस्मिक तथा विशेष उपचारका लागि पोखरा काठमाडौं जानुपर्ने स्थिति भने यथावत छ । अहिलेसम्म म्याग्दीमा म्याग्दी जिल्ला अस्पताल १५ शैया, प्राथमिक स्वास्थ्य केन्द्र दरवाङ् रहेका छन् । त्यसैगरी पात्लेखेतमा १४ शैयाको अस्पताल निर्माणरत छ । म्याग्दी जिल्लामा १० ओटा स्वास्थ्य चौकी छन् भने प्रत्येक गा.वि.स. मा १-२ ओटा उपस्वास्थ्य चौकी पनि निर्माण भइसकेका छन् ।

## २.१४ सञ्चार सेवा

नेपालमा सञ्चार सेवाको तीव्र विकासका क्रममा म्याग्दी जिल्ला पनि यस सूचना तथा सञ्चारका दृष्टिले विकासोन्मुख देखिन्छ । म्याग्दी जिल्लामा सर्वसुलभ हुने गरी वि.सं. २०३२ मा हुलाक सेवा सुरु भएको थियो । २०६४-६५ सम्मको अवधिमा ४० ओटा हुलाक कार्यालय रहेका छन् । हाल म्याग्दी जिल्लामा सूचना तथा सञ्चारका प्रायः सबै सुविधाहरू उपलब्ध भइसकेका छन् । इमेल, इन्टरनेट, मोबाइल, टेलिफोन, फ्याक्स आदि सुविधा उपलब्ध छन् । त्यसैगरी दुईओटा रेडियो स्टेशन पनि छन् । म्याग्दी एफ.एम. १०४.४ मेगाहर्ज र म्याग्दीकाली एफ एम ८८.२ मेगाहर्ज । त्यसैगरी बेलायतको मेगासिसि पुरस्कार प्राप्त गर्ने म्याग्दीको एकमात्र व्यक्ति महावीर पुनले म्याग्दीका शिखघारा लगायतका केही गा.वि.स. मा वायरलेस (ताररहित) नेटको

---

[२४] **जिल्ला कृषि विकास कार्यालय म्याग्दी वार्षिक पुस्तिका , २०६४/६५ ।**

सुविधा निर्माण गराइदिएपछि म्याग्दीका बासिन्दाहरूलाई सूचना तथा सञ्चारमा थप सुविधा पुगेको छ ।

## २.१५ निष्कर्ष

म्याग्दी जिल्ला आफ्नै पहिचान बोकेको एक पहाडी जिल्ला हो । यो जिल्ला भौगोलिक रूपले अति विकट जस्तो भए पनि प्राकृतिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिँदै आएको  छ । यो जिल्ला मगराँत क्षेत्रभित्र पर्ने मगरहरूको बाहुल्य भएको जिल्ला हो । यस जिल्लामा मगर जातिका अतिरिक्त अन्य ब्राह्मण, क्षेत्री, नेवार, कामी, सार्कीजस्ता जातिको पनि बसोबास रहेको पाइन्छ । यो जिल्ला साँस्कृतिक दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ । यहाँको छन्त्याल र मगर संस्कृति अधिराज्यभरि प्रसिद्ध छ । यहाँका मानिसहरू प्रायः मानक नेपाली भाषा नै प्रयोग गर्छन्  भने मगर र छन्त्याल भाषा बोल्नेहरूको पनि बाहुल्य नै देखिन्छ । म्याग्दी जिल्लालाई चिनाउने प्रमुख स्थलहरूमा भुतातो पानी, सिङ्गा, तातोपानी, अन्धगल्छी, रूपसे छहरा, धवलागिरि हिमाल, पौलस्त्य आश्रम, गलेश्वर मन्दिर आदि रहेका छन् । यस जिल्लामा हिन्दू लगायत बौद्ध क्रिश्चियन मुस्लिम जस्ता धर्म मान्ने मानिसहरू पनि छन् । यस जिल्लाका प्रायः मानिसहरू धन कमाउन विदेश जान्छन् । भारत देखि लिएर अरब सिङ्गापुर अष्ट्रेलिया बेलायत अमेरिका जापान कोरिया लगायत देशहरूमा धनार्जनका लागि पुगेका  छन् । शैक्षिक क्षेत्रमा यो जिल्ला बाग्लुङ् पर्वत जिल्ला भन्दा केही पछि छ तैपनि अहिलेको यातायात सञ्चार तथा अन्य विकासका कार्यले गर्दा त्यहाँको मानिसहरू पनि प्रायः सचेत छन् र शिक्षामा पनि उत्तरोत्तर वृद्धि भइराखेको छ । यो जिल्ला विविध धर्मका मान्छे बस्ने भएकोले बहुजाति र बहुसंस्कृति भएको जिल्ला हो । यहाँको रहन सहन चाडवाड धर्म सँस्कृति तथा खानपानमा पनि केही फरक देख्न सकिन्छ ।

# परिच्छेद तीन

# म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण

## ३.१ पृष्ठभूमि

साहित्य भाषाको प्रयोगद्वारा सिर्जना गरिने कला हो । यसमा साहित्यकारको अनुभव र अनुभूतिको अभिव्यक्ति हुन्छ ।[२५] साहित्यमा मानवजीवनका यथार्थ अभिव्यक्तिहरू पाइन्छन् । साहित्यले प्रकृति र जीवनका विविध पक्ष, मानवीय सभ्यता र संस्कृति, सामाजिक अवस्था र मानिसका मनको सूक्ष्मतम अनुभूति र अवस्थितिलाई आफ्नो विषयवस्तुमा समेटेको हुन्छ ।[२६] साहित्यलाई समाजको दर्पण पनि भनिन्छ । साहित्यकारले भाषाका माध्यमबाट विम्ब, प्रतीक अलङ्कार, छन्द, लय, ध्वनि, कथानक, रसानुभूतिका माध्यमद्वारा पाठकलाई साहित्यको कलात्मक सौन्दर्य प्रदान गर्दछ ।[२७] साहित्यमा भाव र भाषको अन्योन्याश्रित सम्बन्ध रहन्छ । साहित्यको लेखन अनुभव अनुभूतिविना सम्भव छैन । साहित्य लेखनको एउटा निश्चित परम्परा हुन्छ । त्यही परम्परामा रहेर नेपाली साहित्य अगाडि बढेको पाइन्छ । सिङ्गो नेपाली साहित्यझैं म्याग्दी जिल्लाको साहित्य पनि लोकसाहित्य अभिलेख हुँदै साहित्यिक लेखनमा अघि बढेको देखिन्छ ।

## ३.२ लोकसाहित्य

लोकमा प्रचलित श्रुतिपरम्परामा आधारित विभिन्न लोकगीत, लोकगाथा, लोकनाटक, उखान, टुक्का, गाउँखाने कथालाई लोकसाहित्य भनिन्छ । लोकसाहित्य श्रुति परम्परामा आधारित हुन्छ । यो एक पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरित हुँदै

---

[२५] दयाराम श्रेष्ठ, **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ**, दोस्रो संस्क, काठमाडौँ : त्रिकोण प्रकाशन, २०६१, पृ. ५ ।

[२६] हेमाङ्गराज अधिकारी सम्पा., **प्रयोगात्मक नेपाली कोश**, काठमाडौँ, विद्यार्थी प्रकाशन प्रा.लि. २०६१, पृ.५४ ।

[२७] दयाराम श्रेष्ठ, ऐजन पृ. १०५ ।

जान्छ ।[२८] लोकसाहित्य लोकजीवनको मौखिक परम्परामा हुर्केको कहिल्यै नओइल्याउने फूल हो । यसमा लोकमानसका भावना समेटिएका हुन्छन् । लोक भावनाको स्वस्फूर्त अभिव्यक्ति प्रवाहबाट लोकसाहित्यको निर्माण हुन्छ ।[२९] नेपालको साहित्यिक इतिहास लोकसाहित्यसित गाँसिएको छ । त्यसैगरी म्याग्दी जिल्लाको साहित्यिक पृष्ठभूमि पनि लोकसाहित्यसँग सम्बन्धित छ ।

म्याग्दी जिल्ला लोकसाहित्यका दृष्टिले धनी जिल्लाको रूपमा चिनिन्छ । यस जिल्लामा लोकगीत, लोकगाथा, लोकनाटक, उखान, टुक्काको प्रशस्त प्रयोग भएको पाइन्छ । यहाँका लोकगीत लोकगाथा यहींको सेरोफेरोसित सम्बन्धित हुन्छ । यिनमा ग्रामीण समाजका मानिसहरूको दुःखसुखको भावना समेटिएको छ । म्याग्दी जिल्लामा लोकगीत बढी फस्टाएको देखिन्छ । लोकगीतको एउटा उदाहरण यस प्रकार छ ।

*बेनी बजार कालीगण्डकी*
*हाँस्ने खेल्ने सुनरिमै रमाउने बेलैमा*
*रोएर बित्यो जिन्दगी ।*

म्याग्दी जिल्लाका लोकगीत सहज र प्रतीकात्मक दुई प्रकारका छन् ।[३०] ती गीतले म्याग्दी जिल्लाको पहिचान झल्काउँदै आएका छन् । लोकगीतपछि म्याग्दी जिल्लामा लोकगाथा बढी फस्टाएको छ । लोकगाथा प्रायः विभिन्न चाडपर्वमा गाउने गरिन्छ । दसैं, तिहार जस्ता चाडमा पनि यी गाथा गाइन्छन् । म्याग्दी जिल्लामा गाइने एक लोकगाथाको नमुना यसप्रकार छ ।

*माइतीले माया मार्‍यो वरिलै*
*म्याग्दी खोलो जन्मेको थलो*

---

[२८] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक** , काठमाडौं : वीणा प्रकाशन प्रा.लि. २०५७, पृ. ३० ।

[२९] ठाकुर पराजुली, **नेपाली साहित्यको परिक्रमा,** काठमाडौं : नेपाली विद्या प्रकाशन, २०४५, पृ. ६५ ।

[३०] राधिका मल्ल, **म्याग्दी जिल्लाका लोकगीतको अध्ययन**, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग कीर्तिपुर, २०५६, पृ. ७६ ।

*सातडाँडा पारी पुऱ्याए मारी*

*छोरीको जन्म हारेको कर्म*

*ए मेरी आमै ! नहोस कसैलाई*

*माइतीले माया माऱ्यो वरिलै ।*

म्याग्दी जिल्लामा लोकगाथा जस्तै लोककथा पनि सुन्ने गर्छन् । युवायुवती बुढाबुढी आदिले मेलापतमा जाँदा तथा मनोरञ्जन लिन कथा सुन्ने गर्छन् । त्यस्तै लोकनाटक, उखान, टुक्का पनि भन्ने सुन्ने चलन आज पनि देखिन्छ । यही लोकसाहित्यको प्रभाव म्याग्दीको लिखित साहित्यमा पनि परेको देखिन्छ । साहित्यको विकास लोकसाहित्य, अभिलेख, वाङ्मय हुँदै भएको पाइन्छ ।

## ३.३ अभिलेख

अभिलेख सामान्यतया कडा वस्तुमा खोपेर, अक्षर कुद्ने या लेख्ने गरी तयार गरिएको हुन्छ । अभिलेख ढुङ्गा या धातुमा लेखिने गरिन्छ । अभिलेखको खोजी वा अध्ययन गर्ने विज्ञानलाई अभिलेख विज्ञान भनिन्छ ।[३१] अभिलेखबाट कुनै पनि देशको भाषिक तथा साहित्यिक विकासको पृष्ठभूमि पत्ता लगाउन सकिन्छ । नेपालको साहित्यिक विकासको पृष्ठभूमि अठारौं शताब्दीदेखि यता मानिनाको कारणमा अभिलेखलाई नै  महत्त्वपूर्ण स्रोतका रूपमा लिइएको पाइन्छ । नेपालमा अभिलेखको थालनी चौधौं शताब्दीदेखि भएको हो भने पन्ध्रौं शताब्दीदेखि **टीका वाङ्मय** र उन्नाइसौं शताब्दीदेखि **साहित्ययात्रा आरम्भ** भएको मानिन्छ ।[३२]

नेपालको साहित्यिक इतिहासभैंm म्याग्दीको साहित्यिक इतिहासको पृष्ठभूमिमा अभिलेखले महत्त्वपूर्ण भूमिका खेलेको छ । म्याग्दी प्राचीनकालदेखि राजा महाराजाद्वारा शासित हुँदै आएको मुख्य थलो पनि हो । त्यसैले यहाँ यस्ता थुप्रै अभिलेखहरू खोजी गरेको खण्डमा पत्ता लगाउन सकिन्छ । आजसम्मको अध्ययनमा राजा कीर्तिबम

---

[३१] सोमप्रसाद खतिवडा, **अभिलेख एवं मुद्राशास्त्र**, काठमाडौं : एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, २०५९, पृ. २-७ ।

[३२] ठाकुर पराजुली, पूर्ववत्,  पृ. ३० ।

मल्लका पालामा पुलामा राखिएको ताम्रपत्र र राखु पिप्ले बोगटी पौवामा प्राप्त ताम्रपत्र उपलब्ध छन् । यी ताम्रपत्र र शाके १७०१ र १८६६ मा राख्न लगाइएका हुन् । यिनको नमुना यस्तो रहेको छ ।

१. साके १७०१ मा पुलामा प्राप्त ताम्रपत्रको नमुना

१. स्वस्ति श्री रामोजयति

२. स्वस्ति श्रीमन्महाराजधिराज

३. कीर्तिबम मल्लदे ज्यूलेह

४. राजा ९

५. रूप्रवानिया, रामदत्त बानियाँले विति

६. गऱ्या र रतन बानिया हिँदै बानियाले विति

७. संतानक षत पऱ्यामा हत्र जस्कन प.

८. रोस तसैकन पैले परिषानु पैडो छाप

९.

१०......................

..............................

२१. म दुस्या उमरभित्र खड्का अवर्सि

२२. छारादार संज्या सुदत चोरदार प्रीतिरा

२३. शाके १७०१ भाद्रपदमासे, दिन १६ ग

२४. ते रविवासरे ढोराहठानायाँ लिप्ति

स्रोत : राष्ट्रिय अभिलेखालय, काठमाडौं अभिलेख नं. ६६, अभिलेख ११/११, वि.सं. २०५० ।

२. राखु पिप्ले बोगटी पौवामा साके १८६६ मा प्राप्त ताम्रपत्रको नमुना :

नमुना नं. २

स्वस्ति श्री गिरीराज चक्र चूडामणि नर नारायणे त्यादि विरूदावलि

स्रोत : होमनाथ सुवेदीबाट प्राप्त पाण्डुलिपि अनुसार ।

म्याग्दी जिल्ला ऐतिहासिक महत्त्व बोकेको जिल्ला हो । यस जिल्लाको प्राचीन इतिहास राम्रोसँग हुन सकेको छैन । यस जिल्लाको अभिलेखसम्बन्धी राम्रो अध्ययन अनुसन्धान हुन सकेको खण्डमा उल्लिखित दुई ताम्रपत्रबाहेक अरू थुप्रै अभिलेख र पुराना ग्रन्थहरू पनि पत्ता लगाउन सकिन्छ । म्याग्दीको इतिहास र अभिलेख खोज्नु म्याग्दीवासिको कर्तव्य रहेको छ ।

## ३.४ म्याग्दी जिल्लाको साहित्यिक परम्परा

म्याग्दी जिल्ला पौराणिक तथा ऐतिहासिक कालदेखि नै परिचित रहेको छ । पुलस्त्य ऋषिले तपस्या गरेको र जडभरतले तपस्या गरेको ठाउँ भएकोले यो ठाउँ पौराणिक कालदेखि नै प्रसिद्ध रहेको छ । म्याग्दी जिल्ला ऐतिहासिक पर्वतराज्य अन्तर्गत पर्ने हुनाले यहाँ मल्लराजाहरूले राज्य गर्दै आएका थिए । यहाँको साहित्यिक परम्परा लोकसाहित्य र अभिलेख हुँदै विकसित भएको पाइन्छ ।

म्याग्दी जिल्लाका स्थानीय व्यक्तिहरूले साहित्य रचना नगरेको भए पनि वि.सं. १७०२ तिर कुमाउँबाट आएका लक्ष्मीदत्तपन्तले म्याग्दीको दानामा बसी पुराण धर्मशास्त्र र तन्त्रशास्त्रको लेखन कार्य गरेका थिए ।[३३] कुमाउबाटै आएका प्रेमनिधि पन्तले बेनीमा बसी **'मल्लादर्श टीका'** र **महैवमाहात्म्य** लेखी स्थानीय परम्पराको जग बसालेको पाइन्छ । यिनले नै १७८० तिर '**प्रायश्चित प्रदीप** र **नृपश्लोकी** जस्ता धर्मशास्त्रलाई नेपाली भाषामा अनुवाद गरेका थिए । राजा कीर्तिबम मल्लका पालामा वीरशाली पन्तले "विमल बोधानुभव र कृष्ण चरित्रजस्ता महाकाव्यको रचना गरेका थिए" ।[३४] साके १७७२ तिर पुला निवासी रामपाध्याले **भूगोल विद्या** हस्तलिखित ग्रन्थ लेखेका थिए । यो अहिले पनि उपलब्ध छ । आजसम्म म्याग्दीका प्रथम साहित्यकार उनलाई नै मानिएको छ । त्यसपछि म्याग्दीमा प्रजातन्त्र आउनुभन्दा अगाडि अर्को

---

[३३] चन्द्र प्रकाश बानियाँ, **ऐतिहासिक पर्वत राजा** , बेनी : म्याग्दी पुस्तकालय, २०६३, पृ. ३४ ।

[३४] प्रेम छोटा, पूर्ववत पृ. ६ ।

साहित्यकार देखिएका छैनन् । वास्तवमा म्याग्दीको साहित्य त्यसबेलासम्म लिखित नभएर लोकसाहित्यमा नै बाँचेको थियो ।

म्याग्दी जिल्लाको लिखित साहित्यको परम्परा २००७ (प्रजातन्त्र पश्चात) पछि मात्र भएको हो । यहाँको लिखित साहित्यिक परम्परा **नवप्रकाश** (२०२०) पत्रिकामार्फत प्रारम्भ भएको हो । त्यसपछि नेपाली साहित्यका कथा कविता नाटक उपन्यास आदि विधागत रूपमा विकसित भएको पाइन्छ ।

## ३.५ म्याग्दी जिल्लाका साहित्यकारहरूको सर्वेक्षण

म्याग्दी जिल्लामा साहित्यिक लेखन र चिन्तनको परम्परा प्राथमिक कालभन्दा अघि देखिन्छ तर लिखित साहित्यको परम्परा भने प्रजातन्त्र पश्चात् मात्र प्रारम्भ भएको हो । नेपाली साहित्यमा आधुनिककालको प्रारम्भ लगभग १९९२ सालदेखि प्रारम्भ भएको मानिए पनि म्याग्दी जिल्लामा २००७ सालको प्रजातन्त्रपछि मात्र साहित्यकारहरू देखापरेका थिए । हालसम्म म्याग्दी जिल्लामा विभिन्न साहित्यकारहरू देखापरिसकेका छन् । तिनीहरूले सम्बन्धित क्षेत्र या बाहिर रहेर नेपाली साहित्यमा योगदान पुऱ्याउने म्याग्देली साहित्यकारहरूको सूचीलाई यहाँ कालक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

१. रामपाध्या, पुला ?

**कृति**

भूगोलविद्या - हस्त लिखित ग्रन्थ (१७७२ सं)

२. दीपबहादुर खड्का (वि.सं. १९७५-४-१३ बरंजा) मृत्यु -२०६८-९-२४

कृतिहरू

(क) अञ्चल कच्चा साधनको खोजी (२०२४) निबन्ध

(ख) पञ्चहरूको आचारसंहिता (२०२४)

(ग) चीन भ्रमणको संस्मरण (२०५३) संस्मरण

(घ) मेरो आत्मकथा (२०५४) संस्मरण

३.  होमनाथ सुवेदी, १९८६ पिप्ले)

मातृवियोग-शोककाव्य (२०५२)

४. केशव सुवेदी (१९८७ राखु पिप्ले)

तरङ्ग भाग १ (२०६४) कविता सङ्ग्रह

तरङ्ग भाग २ (२०६७) कविता सङ्ग्रह

५. लालबहादुर बानियाँ, (१९९६ पुला) म्याग्दी जिल्लाका धार्मिक स्थलहरू (?)

६. ठाकुर पराजुली (१९९७, पात्लेखेत)

**कृति**

नेपाली साहित्यको परिक्रमा (२०४५) समालोचना

७. हरि बन्दी (२००१) डडेलधुरा

**कृतिहरू:**

(क) आ-आफ्नो महाभारत (२०३५) हास्यव्यङ्ग्य सङ्ग्रह

(ख) रत्न ब. विष्टको जीवनी (२०४२) जीवनी

(ग) उल्टोपट्टि (२०५२) हास्यव्यङ्ग्य सङ्ग्रह

(घ) एड्स शिक्षा (?) सहलेखन

८.  टिका ब. श्रेष्ठ (२००२)

बेनीको बजार (२०६८) गीतिसङ्ग्रह

९. होमनाथ सुबेदी (२००४) ताकम - हाल अमेरिका

**कृतिहरू -   उपन्यास**

(क) न्याउनली (२०४३) उपन्यास

(ख) रत्ना (२०४३) उपन्यास

(ग) नजर (२०४४) उपन्यास

(घ) त्रिमूर्ति (२०४५) उपन्यास

(ङ) देउराली (२०५१) उपन्यास

(च) अङ्कुर (२०४५) उपन्यास

(छ) यमपुरीको महल (२०६४) उपन्यास

**कविता सङ्ग्रह**

प्रवासी स्वर-२०५४,

आप्रवासका सुसेली, २०६३

सेतो गजल (२०६४)

खण्डकाव्य - छयासीको छवि - २०६४

ग्रहग्रस्त दिवाकर (२०६५)

महाकाव्य - डायस्योराको पेन (२००९)

**कथासङ्ग्रह -**

नेपाली लोककथा (छन्त्यालको छेउछाउबाट) वि.सं. २०५२ चिरिएको मुटु - २०६४, छन्त्याल लोककथा - सङ्कलन २०६६ डायस्पोराको मान्छे २०६७

**समालोचना -**

नवछायावादको छवि - २००८, समुद्रपारका समालोचना (समालोचना सङग्रह) २००९

**सहसम्पादन -**

ताकम दर्पण, सहलेखन २०५५, अनेसास पुरस्कृत कृति परिचय २००५ (समीक्षा सङग्रह) गङ्गाका गजल, सखी वियोग, गौतमका गजल, मुदुलका गजल र सानो नेपाल डायस्पोरामा

१०. ध्रुवलाल शर्मा (२००६ अर्थुङगे)

**कृतिहरू :**

आमाको सम्झना (२०६२) कवितासङ्ग्रह

यौटा कथाको कथा (२०६३) कथासङ्ग्रह

खोरभित्रको स्वर (गितिकाव्य भाग १ २०६४)

तस्वीरहरू (२०६५) कवितासङ्ग्रह

प्रतिच्छाया (२०६६) कवितासङ्ग्रह

कोख र कोख (२०६७) कवितासङ्ग्रह

११. गणनाथ पौडेल (२००७ सिङ्गा)

**कृति :**

छरिएका पानाहरू २०६५ कवितासङ्ग्रह

१२. चन्द्रप्रकाश बानियाँ (पुला २००७)

**कृति :**

ऐतिहासिक पर्वत राज्य (२०६३) इतिहास

१३ नवराज कार्की (२००९) घार

कृतिहरू :

(क) मनभित्रको आँधी (२०५३) कवितासङ्ग्रह

(ख) सिलसिला (२०४०) कवितासङ्ग्रह

(ग) पञ्चायत राजनीतिक चिन्तन (२०४४) राजनीति

(घ) सतीको श्राप गीतिनाटक (?)

(ङ) एकदनक (२०६३) हास्यव्यङ्ग्य सङ्ग्रह

१४) भरतकुमार श्रेष्ठ (२००९ राखु)

**कृतिहरू :**

(क) आकाङ्क्षाहरूले डसेको जिन्दगी (२०४८) कवितासङ्ग्रह

(ख) फूल झरेको जिन्दगी (२०४८) कवितासङ्ग्रह

(ग) तीनपत्रे चट्टानभित्रको जिन्दगी (२०४९) लेख र कवितासङ्ग्रह

१५) कर्णबहादुर बानियाँ (२०१२ पुला - बानियाँ कान्छा)

**कृतिहरू:**

(क) अटेरी चल्लो (२०४४) बाल कथासङ्ग्रह

(ख) एक अनौठो जङ्गल (२०४९) बाल कथासङ्ग्रह

(ग) आधुनिक विश्वको इतिहास (२०५१) इतिहास

(घ) मनका तरङ्ग (२०५३) बालकविता सङ्ग्रह

(ङ) पाल्पाको भगवती जात्रा (२०५३) इतिहास र संस्कृति

(च) चकलेटको पोको (२०६२) बाल कथासङ्ग्रह

(छ) बानियाँ वंशको नालीबेली (२०६२) बंशावली

(ज) पाल्पा गौडा एक ऐतिहासिक अध्ययन (२०६३) इतिहास

१६) मनोजबहादुर. खत्री (२०१४ बाबियाचौर)

**कृति :**

सूर्य पृथ्वी र प्राणी (२०६४) विचार प्रधान कृति

१७) कृष्ण बानियाँ (२०१६ पुलाचौर)

कृति : केही अनुभव केही अनुभूति (२०६३) नियात्रा तथा यात्रा संस्मरण

१८) मीन द्वन्द्वी (२०१७ - सिङ्गा, तातोपानी)

कृति : उलिनी मन (२०५७) कवितासङ्ग्रह

१९) नरबहादुर बि.सी. (२०१९) गौवाहाटी भारत - वरंजा

**कृति :**

(क) रगतका आँसु (२०४३) गीतिसँगालो

(ख) मैले देखेका भूत प्रेत र मसान र बोक्सीहरू (२०५०) लेखसङ्ग्रह

२०) भक्त कार्की (२०२४ पुलाचौर)

**कृति :**

(क) मनका कोसेली (२०५७) कवितासङ्ग्रह

(ख) खोइ मेरा खेलौनाहरू (२०६१) बाल गीतसङ्ग्रह

(ग) चञ्चल (२०६३) हाइकु सङ्ग्रह

(घ) प्रतिविम्व (२०६४) ताङ्का सङ्ग्रह

(ङ) चडकन (२०६४) हाइकु सङ्ग्रह

(च) धडकन (२०६४) बाल हाइकु सङ्ग्रह

२१) दामोदर रिजाल (२०२५ डावा)

**कृति :**

अव्यवस्था (२०६५) कथासङ्ग्रह

२२) अजय मिलन श्रेष्ठ (२०२६) बेनीबजार

**कृतिहरूः**

(क) नववर्ष (२०४७) कवितासङ्ग्रह

(ख) गीताञ्जली (२०६३) गीतसङ्ग्रह

(ग) अदारगीत (२०६३) बालसाहित्य

(घ) गीताञ्जली (२०६४) भजनगीत सङ्ग्रह

२३) हरि सुवेदी 'विरही' (२०२६ - तिनमाने)

**कृतिहरू :**

(क) परिणाम उपन्यास (२०५८)

(ख) तराङ्गित भावनाहरू (२०६३) कवितासङ्ग्रह

२४) मुक्तिकुमार पौडेल (२०३४ सिङ्गा)

कृति : दुःखीको जीवन (२०६१) गीतसङ्ग्रह

२५) सीमा रोशी (२०३५ अर्मन)

**कृतिहरू :**

(क) अक्षरका धडकन (२०६०) कवितासङ्ग्रह

(ख) एक अर्को सपना (२०६०) कथासङ्ग्रह

२६) दीपक (विखर्ची) कार्की (२०३६ रानी पौवा पिप्ले)

**कृतिहरू :**

(क) हेर्छयौ भने छातिभित्र (२०५८) गजलसङ्ग्रह

(ख) जिन्दगीका पानाहरू (२०६२) गजलसङ्ग्रह

२७) सुदनकुमार श्रेष्ठ (२०३७)

**कृति :**

उनको आँखामा आँसु ?

२८) चक्र के सी सफल (२०३८ नेप्टेचौर)

**कृतिहरू :**

(क) विवश जिन्दगी (२०६३) कवितासङ्ग्रह

(ख) सुनौलो बिहानी (२०६७) कवितासङ्ग्रह

२९) गोविन्द जिज्ञासु (२०३८) राखु

**कृति :**

उसका ती अधुरा सपनाहरू (२०५९)

(३०) राजु के.सी. 'म्याग्देली' (२०३८ कुहुँ पूर्णगाउँ)

**कृतिहरू :**

(क) मर्दै बाँच्दै गरेको प्रेम (२०५८) उपन्यास

(ख) युगको माग (२०६०) उपन्यास

३१) विक्रम घिमिरे (२०३८)

**कृति**

जीवित कल्पनाहरू (२०६०) उपन्यास

३२) लोकेश पुन मगर (२०४१ सिङ्गा)

**कृति :**

निर्जन वस्तीका पाइलाहरू (२०६२) गजलसङ्ग्रह

३३) शंकर चोखाल र किसान चोखाल (२०४१-२०४०)

**कृति :**

सिर्जनाका फूलहरू (२०५८) सहलेखन - कवितासङ्ग्रह

३४) निराजन शिरीष (२०४२) रत्नेचौर

**कृति :**

पीडा र विछोड (२०५९) ?

३५) 'रिमाली' सीता पूर्जा (२०४२ हिल्तान)

**कृति :**

धनमा माया (उपन्यास ?)

३६) तेजेन्द्र कुमार रत्न (२०४३ पुलाचौर)

**कृति :**

प्रभातका किरण (२०६३) गीतिसङ्ग्रह

३७) मुकुन्द प्रसाद पौडेल (२०४३ अर्थुङ्गे)

कृति :

छापा (२०६२) कवितासङ्ग्रह

३८) कविता शर्मा ‘सङ्घर्ष’ (२०४४) अर्थुङ्गे

**कृतिहरू :**

(क) सङ्घर्षका सुस्केराहरू (२०६३) गजल सङ्ग्रह

(ख) नशा (२०६४) गजलसङ्ग्रह

(ग) असमान (२०६५) कवितासङ्ग्रह

३९) धनबहादुर विक ‘लेकाली’ (२०४४)

**कृति :**

मेरो बसाई (२०६४) मुक्तकसङ्ग्रह

४०) निर्मल चोखाल (२०४४ नेप्टेचौर)

**कृति :**

अधुरो प्रेम (२०६३) गीतिसङ्ग्रह

४१) कुमार रिजाल (२०४५) डडुवा

**कृति :**

विदाइको टीका (२०५९) उपन्यास

(४२) सूर्य पूर्जा ‘जहर’ (२०५३ वेगखोला)

**कृतिहरू :**

(१) व्यथित मन (२०६१) कवितासङ्ग्रह

(२) दोष कसलाई दिऊँ (२०६३ गीतिसङ्ग्रह)

४३) प्रेम प्रकाश पौडेल (? अर्थुङ्गे)

**कृति**

सपना (२०६४) काव्य

४४) बुद्धि प्रसाद सुवेदी (? ताकम)

**कृतिहरू :**

(क) प्रेमदान उपन्यास (२०६४)

(ख) आवाहन (२०६८) कवितासङ्ग्रह

४५) भेषराज रिजाल (?)

**कृति :**

देश सँधै रुनेछ (२०५९) कवितासङ्ग्रह

४६) झिवेन्द्र सिउँथानी (? देविस्थान)

**कृति :**

सुसेलीका गुञ्जन (२०६३) गीतिसङ्ग्रह

४७) योगनाथ ढुङ्गाना (? अर्थुङ्गे)

**कृति :**

बेनी बजार र समीपको देवस्थल आदिको संक्षिप्त परिचय (२०६०) लघुकाव्य

४८) हरि खड्का (? नेप्टेचौर)

**कृति :**

निर्दोष कैदी (२०५६) उपन्यास

४९) दण्डपाणि आचार्य (? ताकम)

**कृतिः**

मेरो प्रतिविम्ब (२०६५) आत्मकथा

उपर्युल्लिखित कृति प्रकाशन गरेका बाहेक अन्य साहित्यकारहरू पनि म्याग्दी जिल्लामा रहेका छन् । ती साहित्यकारहरूमा रामप्रसाद सुवेदी, रेखा रेग्मी, लक्ष्मी शिखा, रेणुका जिसी, शङ्कर चोखाल, बुद्धिप्रसाद सुवेदी, हरि सुवेदी, बालकृष्ण सुवेदी, राजकुमार थापा, नवराज रिजाल, कमल बानियाँ, निराजन शिरीष, सुमित निशान आदि रहेका छन् । यी साहित्यकारहरूले आफ्ना फुटकर रचना विभिन्न पत्रपत्रिकामा प्रकाशन गरी म्याग्दीको साहित्यिक विकासमा टेवा दिएका छन् ।

## ३.६ म्याग्दी जिल्लाका साहित्यकारहरूको विधागत योगदान

म्याग्दी जिल्लाका साहित्यकारहरूको साहित्यिक लेखन विविध विधामा छरिएको छ । यहाँका साहित्यकारहरूले साहित्यका कथा, कविता, निबन्ध, नाटक, समालोचना, उपन्यास आदि विधामा रहेर साहित्य सिर्जना गर्दै आएका छन् । यस जिल्लाका साहित्यकारहरूले वर्तमानसम्म रचना गरेका कृतिको विधागत योगदानलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

### ३.६.१ कविता विधा

म्याग्दी जिल्लाभित्र र बाहिर रही कविता विधामा योगदान पु-याउनेहरूमा अजमिलन श्रेष्ठ, कर्णबहादुर बानियाँ, ध्रुवलाल शर्मा, नवराज कार्की, चक्र के.सी., भक्त कार्की, होमनाथ सुवेदी, नरबहादुर बि.सी., दीपक विखर्ची, कविता शर्मा आदि रहेका छन् ।

### ३.६.२ कथा विधा

म्याग्दी जिल्लाभित्र र बाहिर रही कथा विधामा योगदान पु-याउने साहित्यकारहरूमा होमनाथ सुवेदी, ध्रुवलाल शर्मा, कर्णबहादुर बानियाँ, दामोदर रिजाल, सीमारोशी आदि रहेका छन् ।

### ३.६.३ निबन्ध विधा

म्याग्दी जिल्लाको निवन्ध विधामा योगदान पु-याउनेहरूमा कृष्ण बानियाँ, हरि बन्दी, लाल बहादुर, बानियाँ, दीप बहादुर खड्का, नरबहादुर बि.सी., मनोज खत्री आदि रहेका छन् ।

### ३.६.४ उपन्यास विधा

म्याग्दी जिल्लाको उपन्यास विधामा योगदान पु-याउनेहरूमा होमनाथ सुवेदी, बुद्धि प्रसाद सुवेदी, हरि विरही, कुमार रिजाल, निराजन शिरीष, विक्रम घिमिरे आदि रहेका छन् ।

### ३.६.५ समालोचना विधा

म्याग्दी जिल्लाको समालोचना विधामा योगदान पुऱ्याउनेहरूमा ठाकुर पराजुली, होमनाथ सुवेदी छन् भने फुटकर रूपमा दामोदर रिजाल तथा राम प्रसाद सुवेदी रहेका छन् ।

### ३.६.६ इतिहास विधा

म्याग्दी जिल्लाभित्र या बाहिर रहेर इतिहास विधामा योगदान पुऱ्याउनेहरूमा चन्द्रप्रकाश बानियाँ, कर्ण बहादुर बानियाँको नाम अग्रपंक्तिमा रहेको छ ।

### ३.६.७ जीवनी विधा

हरि बन्दी जीवनी विधामा योगदान पुऱ्याउने म्गाग्दीका एकामात्र चर्चित व्यक्तित्व हुन् ।

### ३.६.८ नाटक विधा

नवराज कार्की नाटक विधामा योगदान पुऱ्याउने म्याग्दीका एकामात्र नाटककार हुन् ।

यसरी म्याग्दी जिल्लामा साहित्यका सबै विधामा कलम चलाएको पाइन्छ । यसका अतिरिक्त बालसाहित्य, लोकसाहित्य तथा कवितामा गजल, मुक्तक, हाइकु जस्ता उपविधाहरूमा पनि यहाँका स्रष्टाहरूको योगदान रहेको छ ।

## ३.७ पत्रपत्रिका तथा पुस्तकालय

म्याग्दी जिल्लाको साहित्यिक गतिविधिमा टेवा पुऱ्याउने कार्यमा यस क्षेत्रका पुस्तकालय तथा पत्रपत्रिकाको योगदान महत्त्वपूर्ण छ । यस क्षेत्रमा शैक्षिक विकास सँगै पत्रपत्रिका सञ्चालन तथा पुस्तकालय स्थापनाको कार्य अघि बढेको हो । म्याग्दी जिल्लाको पहिलो पुस्तकालयका रूपमा 'ज्ञानमन्दिर' पुस्तकालय (२०२०) स्थापना भएको पाइन्छ । हालसम्म यस जिल्लामा निम्नलिखित पुस्तकालयहरू स्थापना भएका छन् ।

(१) ज्ञानमन्दिर पुस्तकालय (२०२०) पहिलो

(२) म्याग्दी पुस्तकालय (२०२७) बेनी

(३) अन्नपूर्ण पुस्तकालय (२०२८) ताकम

(४) कलिलो पुस्तकालय भिरमुनि (?)

(५) जनचेतना पुस्तकालय (?) ज्यामरूककोट

(६) हिमाली पुस्तकालय .?)

(७) नर प्रसाद स्मृति पुस्तकालय (२०५७)

(८) नागी पुस्तकालय (२०५८) नागी

(९) राधाकृष्ण पुस्तकालय (२०५८) बेनी

(१०) बालज्ञान भण्डार पुस्तकालय (२०५९) पहिलो बालपत्रिका

(११) उपकार पुस्तकालय (२०६३) तिनमाने

उपर्युक्त पुस्तकालयहरूमध्ये हाल म्याग्दी पुस्तकालय, राधाकृष्ण पुस्तकालय, नागी पुस्तकालय र उपकार पुस्तकालय सञ्चालनमा छन् भने अन्य प्रायः बन्द भइसकेका छन् । अहिले सरकारले ल्याएको प्रस्ताव एक विद्यालय एक पुस्तकालय ( २०६५-६६) नियमले म्याग्दीका प्रायः स्कुलमा विद्यालयको स्थापना भइसकेको छ । यी पुस्तकालयले पाठकलाई निकै सहयोग पुऱ्याएका छन् ।

म्याग्दी जिल्लामा पुस्तकालयले झैं पत्रपत्रिकाले पनि साहित्य उत्थानका लागि महत्त्वपूर्ण भूमिका खेलेका छन् । म्याग्दी जिल्लाको पहिलो पत्रिका नवप्रकाश (२०२०) मासिक पत्रिका हो हाल सम्म यस क्षेत्रमा निम्नलिखित साहित्यिक र साहित्येतर पत्रपत्रिकाको प्रकाशन भएको पाइन्छ ।

(१) नवप्रकाश (२०२०) साहित्यिक मासिक पत्रिका

(२) पुष्पाञ्जलि (२०३९) साहित्येतर वार्षिक पत्रिका

(३) परिकल्पना (२०५५) साहित्यिक वार्षिक पत्रिका

(४) नयाँ मिरमिरे (२०५९) साहित्यिक वार्षिक पत्रिका

(५) साहस (२०४३) साहित्यिक वार्षिक पत्रिका

(६) हालचाल (२०५२) पत्रिका पहिलो पत्रिका

(७) नवप्रतिभा (२०५७) साहित्यिक हवाई पत्रिका

(८) म्याग्दी प्रवाह (२०५५) वार्षिक साहित्यिक पत्रिका

(९) म्याग्दी सञ्चार (२०५८) साप्ताहिक पत्रिका

(१०) म्याग्दी सन्देश (२०५८) साप्ताहिक पत्रिका

(११) साहित्यमाला (२०६०) साहित्यिक द्वैमासिक पत्रिका

(१२) रत्न (२०६०) साहित्यिक द्वैमासिक पत्रिका

(१३) बुद्धिविम्ब (२०६०) लघुबाल पत्रिका

(१४) सुमधु ? (?) द्वैमासिक पत्रिका

(१५) नवसिर्जना (२०६१) मासिक साहित्यिक पत्रिका

(१६) जुनकिरी (२०६१) त्रैमासिक साहित्यिक पत्रिका

(१७) परिकल्पना (२०६१) त्रैमासिक साहित्यिक पत्रिका

(१८) दबिएका स्वर (२०६१) त्रैमासिक साहित्यिक पत्रिका

(१९) नवसिर्जना (२०६२) साहित्यिक द्वैमासिक पत्रिका

(२०) साहित्य प्रवाह (२०६२) द्वैमासिक साहित्यिक पत्रिका

(२१) नवसमीक्षा (२०६२) मासिक साहित्यिक पत्रिका

(२२) सिर्जना (२०६२) मासिक साहित्यिक पत्रिका

(२३) बालसिर्जना (२०६३) द्वैमासिक भित्ते पत्रिका (पहिलो) बाल साहित्यिक पत्रिका

(२४) परिमल (२)६३) राष्ट्रिय मासिक साहित्यिक पत्रिका

(२५) रूप्से (२०६१) साप्ताहिक (हाल दैनिक पत्रिका)

(२६) धवलध्वनी (२०६१) साप्ताहिक पत्रिका

(२७) आरोहण (२०६८) साहित्यिक पत्रिका

(२८) सुवासना (२०६८) साहित्यिक पत्रिका

(२९) समर्पण (२०६८) साहित्यिक पत्रिका[३५]

उपर्युक्त पत्रिका मध्ये रूप्से, आरोहण, सुवासना र समर्पण निरन्तर प्रकाशित छन् भने अन्य प्रायः बन्द भइसकेका छन् । म्याग्दी जिल्लाको साहित्यिक विकासमा जिल्लाबाहिर पोखरा (देउराली (१) वार्षिक पत्रिका) तथा काठमाण्डौं (म्याग्दीकुञ्ज २०५५ वार्षिक पत्रिका) बाट प्रकाशित हुने पत्रिकाहरूले पनि महत्त्वपूर्ण भूमिका खेलेका छन् । उपर्युक्त पुस्तकालय तथा पत्रपत्रिकाले म्याग्दी जिल्लाको शैक्षिक गतिविधि बढाउन र जनचेतना जगाउन महत्त्वपूर्ण भूमिका खेलेको छ ।

### ३.८ साहित्यिक सङ्घ संस्था र पुरस्कार

म्याग्दी जिल्लाको साहित्योत्थानका निम्ति साहित्यिक सङ्घसंस्था र पुरस्कारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । म्याग्दी जिल्लाको पहिलो साहित्यिक संस्था 'म्याग्दी साहित्यिक समाज' २०५४ हो । हालसम्म यस जिल्लामा निम्न लिखित साहित्यिक र साहित्येतर सङ्घसंस्था स्थापना भएका छन् ।

(१) म्याग्दी साहित्यिक समाज (२०५४)

(२) कालीगण्डकी नाट्य समूह (२०५९)

(३) पौलस्त्य साहित्य समाज (२०५९)

(४) राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान (२०६०)

---

[३५] रामप्रसाद सुवेदीसँगको टेलिफोन वार्ता २०६८ अनुसार ।

(५) मधुरिमा कला केन्द्र (२०६०)

(६) सोयिना कला केन्द्र (२०६०)

(७) बेनी वाङ्मय समाज (२०६२)

(८) मधुसूदन स्मृति साहित्य प्रतिष्ठान (२०६२)

(९) मगर साहित्य सङ्गम (२०६४)

(१०) नन्दकला हरिलाल स्मृति साहित्य पुरस्कार (२०६८)

यी बाहेक केही पुरस्कार गुठी पनि स्थापना भएका छन् ।

(१) सूर्य नारायण गुठी पुरस्कार (२०४८)

(२) पौलस्त्य साहित्य सम्मान पुरस्कार (२०६०)

(३) नवप्रतिभा उत्कृष्ट पुरस्कार (२०५९) हालबन्द

(४) नन्दकला हरिलाल स्मृति साहित्य पुरस्कार (२०६८)

माथि उल्लिखित पुरस्कारहरूमध्ये सूर्यनारायण गुठी पुरस्कार प्रारम्भमा संस्कृतिप्रति योगदान पुऱ्याए बापत सम्मानित गरिने पुरस्कार हो । हाल उक्त पुरस्कार म्याग्दीको साहित्यमा योगदान गर्ने महत्त्वपूर्ण व्यक्तिका लागि सम्मानित गरिँदै आएको छ ।[३६] यस पुरस्कारबाट निम्न व्यक्तिहरू पुरस्कृत भइसकेका छन् ।

(१) भैरबहादुर श्रेष्ठ २०४९ पहिलो

(२) टिका बहादुर श्रेष्ठ २०५० दोस्रो

(३) दीप बहादुर खड्का २०५२ तेस्रो

(४) धनकुमारी थापा २०५३ चौथो

(५) रत्न प्रसाद श्रेष्ठ २०५४ पाँचौं

---

[३६] अजयमिलन श्रेष्ठ सितको भेटवार्ता अनुसार २०६८ फागुन १० ।

(६) ठाकुर प्रसाद पराजुली २०५६ छैठौं

(७) बीर बहादुर कार्की २०५८ सातौं

(८) खड्ग गर्बुजा २०६० आठौं

(९) होमनाथ सुवेदी २०६२ नवौं

(१०) लक्ष्मीप्रसाद श्रेष्ठ २०६४ दसौं

(११) अविरकुमार श्रेष्ठ २०६६ एघारौं

(१२) ध्रुवलाल शर्मा २०६८ बाह्रौं

यी व्यक्तिहरू सूर्यनारायण गुठी पुरस्कारद्वारा सम्मानित भइसकेका छन् । त्यसै गरी पौलस्त्य साहित्य सम्मान पुरस्कारबाट पनि नेपाली भाषा र साहित्यमा योगदान पुऱ्याए बापत जीतबहादुर बानियाँ, दीपबहादुर खड्का, योगनाथ ढुङ्गाना, केशव सुवेदी, बुद्धिप्रसाद सुवेदी, रमेश श्रेष्ठ र ध्रुवलाल शर्मा सम्मानित भइसकेका छन् ।[३७]

## ३.९ म्याग्दी जिल्लाका कथाकारहरूको सामान्य परिचय

### (१) होमनाथ सुवेदी

होमनाथ सुवेदीको जन्म विक्रम संवत २००४ असोज २४ गते म्याग्दी जिल्लाको 'ताकम' गाउँमा भएको हो । उनी ब्राह्मण परिवारमा जन्मिएका थिए । माध्यमिक शिक्षा नेपालमा भएको हो, भने उच्च शिक्षा हासिल गर्न भारतको बनारस सम्म पुगेका थिए । उनले नेपालीमा एम. ए. तथा बी.एड्.सम्मको अध्ययन गरेका छन् । सानैदेखि साहित्यमा रुचि राख्ने कथाकार सुवेदीले हालसम्म थुप्रै कृतिहरू प्रकाशन गरेका छन् । उनले **अविवेक** कथा हिमाल पत्रिकामा (२०२५) प्रकाशन गरेर साहित्य यात्रा सुरु गरेका हुन् । उनको प्रथम प्रकाशित कृति **न्याउली** उपन्यास २०४३ हो । होमनाथ सुवेदीले साहित्यका विभिन्न विधामा योगदान गरेका छन् । उनका

---

[३७] पौलस्त्य साहित्य समाजका भक्त कार्की सितको भेटवार्ता (२०६८) अनुसार ।

विधागत योगदानलाई हेर्दा उनी बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् ।उनका प्रकाशित कृतिहरूलाई यसप्रकार देखाउन सकिन्छ ।

**क. उपन्यास**

न्याउली वि.सं. २०४३

रत्ना वि.सं. २०४३

नजर वि.सं. २०४४

त्रिमूर्ति वि.सं. २०४४

वीणा वि.सं. २०४५

द्यौराली वि.सं. २०५१

अङ्कुर वि.सं. २०५३

यमपुरीको महल वि.सं. २०६४

**ख. कविता सङ्ग्रह**

प्रवासी स्वर - २०५४

आप्रवासका सुसेली - २०६३

सेतो गाजल - २०६४

**ग. खण्डकाव्य**

छ्यासीको छवि - २०६४

ग्रहग्रस्त दिवाकर - २०६५

**घ. महाकाव्य**

डायास्पोराको पेन - २००९

**ङ. कथा**

नेपाली लोककथा (छन्त्यालको छेउछाउबाट) २०५२

चिरिएको मुटु - कथासङ्ग्रह २०६४

छन्त्याल लोककथा सङ्कलन २०६६

डायास्पोराको मान्छे (२०६८)

**च. समालोचना**

नवछायावादको छवि - २०६५

समुद्रपारका समालोचना २०६६ समालोचना सङ्ग्रह

यी बाहेक अन्य केही प्रकाशित कृति - प्रेम दिवस

मृदुलका गजल, स्मारिका, आप्रवासीका पत्र, डायास्पोराको डोरा पनि प्रकाशित भएका छन् ।

**छ. अन्य सहलेखन तथा सहसम्पादन**

ताकम दर्पण-सहलेखन २०५५, अनेसास पुरस्कृत कृति परिचय २००५ समीक्षा सङ्ग्रह, वि.सं. २०६६ गङ्गाका गजल, सखी वियोग, गौतमका गजल, मृदुलका गजल र सानो नेपाल डायस्पोरामा आदि रहेका छन् ।

होमनाथ सुवेदी म्याग्दी जिल्लाका मात्र नभएर नेपाल राष्ट्रकै वरिष्ठ साहित्यकारको रूपमा चिनिन्छन् । यिनी अमेरिकामा बसेर नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिने म्याग्दीको एकमात्र साहित्यकार हुन् । अमेरिकाको बसाई सँगै त्यहाँको जीवन भोगाइलाई अनुभव गर्न पाएका सुवेदीले विदेशमा गएर नेपालीले भोग्नु परेका पीडालाई आफ्ना कृति मार्फत प्रस्तुत गर्ने भएकाले यिनलाई डायास्पोरिक साहित्यकार भनिन्छ ।

होमनाथ सुवेदीले साहित्यमा योगदान गरेबापत उनलाई गरिएको पुरस्कार तथा सम्मानलाई यस प्रकार देखाइन्छ ।

अङ्कुर वि.सं. २०५३ उपन्यासका लागि रत्न श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार २०५४

→ सूर्यनारायण पुरस्कार गुठी, म्याग्दीबाट भाषा र साहित्यमा गरेको योगदानको लागि २०६२ को सूर्य नारायण पुरस्कार,

→ आप्रवासका सुसेली, कविता सङ्ग्रहका लागि अनेसास रोहिणी शर्मा धवलागिरि उत्कृष्ट पुस्तक पुरस्कार २०६४

→ डायस्पोरा नृपध्वज कार्की नेपाली साहित्य प्रथम पुरस्कार २०६४

→ विभिन्न संस्थाद्वारा अभिन्दित एएनए बाट सन् १९९७ मा कदरपत्र

→ "Poet of the Merit award Medal" and "outstanding Achievement in poetry silver award Cup" awarded by The International Society of Poets (ISP) 2003 सन्

→ २००४ मा एएनए तथा कविता महोत्सव समिति अरिजुनाबाट नेपाली साहित्यको निमित्त आप्रवासमा संस्थागत विकासका लागि "Pionneer of Nepali Literature in the Nepali Diaspora" (आप्रवासका नेपाली साहित्यका अग्रज) को उपाधि प्रदान ।

→ अस्वीकृत विचार साहित्य सम्मान (२००९) काठमाण्डौं

→ Honord With "A Shining literary star in the Diaspora 2009" by on rd inc. Ny

→ देवकोटा जन्म शताब्दी सम्मान - २०६६ ।

होमनाथ सुवेदी अहिले पनि अमेरिकामा बसेर नेपाली साहित्यको सेवा निरन्तर गरिरहेका छन् ।

## (२) ध्रुवलाल शर्मा

ध्रुवलाल शर्माको जन्म वि.सं. २००६।२।१७ मा म्याग्दी जिल्लाको अर्थुङ्गे गा.वि.स. वडा नं. ५ फूलबारी गाउँमा भएको हो । उनको पिताको नाम गङ्गादत्त शर्मा हो भने माताको नाम मन्दोदरी शर्मा हो । शर्माको वाल्यावस्थाको जीवन केही सङ्घर्षशील र कठिन परिस्थितिमा गुज्रिएको देखिन्छ । **'अठार सालको सवाई'** गीत लेखेर साहित्यमा प्रवेश गरेका ध्रुवलाल शर्माका हालसम्म छ ओटा कृति प्रकाशित

छन् । विभिन्न विधामा कलम चलाएका शर्माको पहिलो प्रकाशित कृति **आमाको सम्झना** २०६२ कविता सङ्ग्रह हो । उनको माध्यमिक त सम्मको अध्ययन म्याग्दीको प्रकाश माध्यमिक विद्यालयबाट गरेका थिए । यिनले आई.ए. सम्मको अध्ययन गरेका छन् । सि.एड्. सम्मको अध्ययन गरेर प्राध्यापन पेशामा संलग्न रहेका शर्मा अहिले अवकाश प्राप्त जीवन बिताइरहेका छन् । उनी निरन्तर साहित्य सिर्जना गर्न तिर लागि परेका छन् । म्याग्दी जिल्लाभित्र रहेर साहित्य सिर्जना गर्ने प्रमुख स्रष्टाका रूपमा ध्रुवलाल शर्मालाई लिइन्छ ।

ध्रुवलाल शर्माका हालसम्म प्रकाशित कृतिहरू यस प्रकार छन् ।

(१) आमाको सम्झना (२०६२) कवितासङ्ग्रह

(२) यौटा कथाको कथा (२०६३) कथासङ्ग्रह

(३) खोरभित्रको स्वर (२०६४) गीतिकाव्यसङ्ग्रह

(४) तस्वीरहरू (२०६५) कवितासङ्ग्रह

(५) प्रतिच्छाया (२०६६) कवितासङ्ग्रह

(६) कोख र काख (२०६७) खण्डकाव्य

यी कृतिबाहेक विभिन्न पत्रपत्रिकामा धेरै लेख पनि प्रकाशित भइसकेका छन् ।

**पुरस्कार/सम्मान**

ध्रुवलाल शर्माले आफ्नो जीवनमा धेरै पुरस्कारहरू पाएका छन् । उनले विद्यार्थीकालदेखि नै प्रथम हुने र विभिन्न प्रतियोगितामा भाग लिने र प्रथम हुने जस्ता सामान्य पुरस्कार धेरै पाएका छन् । त्यस्तै साहित्य लेखन तथा नाटक हास्यव्यङ्ग्य प्रदर्शनमा पटक-पटक पुरस्कृत भएका छन् ।

- पृथ्वीनारायण क्याम्पसमा आयोजित साहित्यिक कार्यक्रममा द्वितीय स्थान प्राप्त

- म्याग्दी जिल्लाअन्तर्गत विभिन्न जिल्लास्तरीय साहित्यिक कार्यक्रममा पुरस्कृत सम्मानित

धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठानद्वारा पुरस्कृत ।

- UNIVERSAL PEACE FEDERATION NEPAL द्वारा म्याग्दीमा साहित्य विधामा AMBASSADOR FOR PEACE छनौट तथा पुरस्कृत।
- ढोरपाटन दैनिक बागलुङद्वारा वार्षिकोत्सव कार्यक्रम २०६४ मा सम्मानित ।
- राष्ट्रिय गजल उत्सव २०६४ बाग्लुङमा पुरस्कृत
- अन्तरराष्ट्रिय नेपाली साहित्य समाज अमेरिकाद्वारा “तस्वीरहरू” कविता सङ्ग्रहलाई  रोहिणी शर्मा धौलागिरि अञ्चल उत्कृष्ट पुस्तक पुरस्कार प्राप्त ।
- नेपाल राष्ट्रिय शिक्षक सङ्गठन म्याग्दीद्वारा दीर्घसेवी शिक्षकको रूपमा सम्मानित ।
- जामुनाखर्क उच्च माध्यमिक विद्यालयद्वारा पूर्व शिक्षकको रूपमा सम्मानित ।
- २०२८ देखि २०३१ सम्म भारतको मुम्बईमा रहँदा प्रवासी नेपाली समाजद्वारा आयोजित साहित्यिक कार्यक्रमहरूमा सम्मानित तथा पुरस्कृत,
- पौलस्त्य साहित्य समाजको चौथो वार्षिक भेलामा मिति २०६६।१०।१६ ( सहिद दिवस) मा २०६३ को श्रष्टा सम्मानद्वारा सम्मानित ।
- २०६८ फागुन १० गते सूर्यनारायण पुरस्कार गुठीबाट पुरस्कृत भइसकेका छन् ।

यसरी ध्रुवलाल शर्मा म्याग्दी जिल्लामा रहेर साहित्यको सेवा गर्ने उत्कृष्ट साहित्यकार हुन् ।

### (ग) कर्ण बहादुर बानियाँ

कर्णबहादुर बानियाँ वास्तविक नाम भएका यिनी साहित्यिक नाम बानियाँ कान्छाका नामबाट सुप्रसिद्ध छन् । यिनको जन्म वि.सं. २०१२ मा म्याग्दी जिल्लाको पुला भन्ने ठाउँमा भएको हो । एम. ए. सम्मको अध्ययन पुरा गरी पाल्पामा अध्यापनरत छन् । यिनले साहित्य र साहित्येतर दुवै विधामा कलम चलाएका छन् । यिनी नेपाली साहित्यमा **"जिन्दगी एक भुल रहेछ"** कविता साहस पत्रिकामा प्रकाशित गरी प्रवेश गरेका हुन् । हालसम्म उनका प्रकाशित भएका कृतिहरू यस प्रकार छन् ।

**प्रकाशित कृति**

(१) अटेरी चल्लो २०४४ बाल कथासङ्ग्रह

(२) एक अनौठो जङ्ग २०४९ बाल कथासङ्ग्रह

(३) आधुनिक विश्वको इतिहास २०५१ इतिहास

(४) पाल्पाको भगवती जात्रा २०५३ इतिहास र संस्कृति

(५) मनका तरङ्ग २०५३ कवितासङ्ग्रह

(६) पाल्पा गौडा : एक ऐतिहासिक अध्ययन २०६३

(७) चकलेटको पोको २०६२ बाल कथासङ्ग्रह

(८) बानियाँ वंशको नालीबेली २०६२ वंशावली

यी उपर्युक्त कृतिबाहेक उनका फुटकर रचना पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् बानियाँ कान्छा विभिन्न साहित्यिक सङ्घसंस्था तथा सामाजिक सेवामा पनि अग्रसर देखिन्छन् ।

**पुरस्कार**

धौलागिरि साहित्य पुरस्कार प्रतिष्ठानबाट **अटेरी चल्लो** (बालकथा) पुरस्कृत र प्रकाशित भएको पाइन्छ ।

### (घ) दामोदर रिजाल 'घताने'

दामोदर रिजालको जन्म वि.सं. २०२५ साल माघ १ गते म्याग्दी जिल्लाको घतान गा.वि.स. अन्तर्गत डावामा पिता श्रीकृष्ण रिजाल र माता नर्मदादेवीका सातौं सन्तान अर्थात कान्छा सुपुत्रको रूपमा भएको हो । माध्यमिक तहको शिक्षा गलेश्वर माध्यमिक विद्यालय (हाल: ग.उ.मा.वि.) बाट उत्तीर्ण गरेका हुन् । उच्च शिक्षा त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस महेन्द्र बहुमुखी क्याम्पस बाग्लुङबाट गरेका हुन् । उनले समाजशास्त्रमा एम.ए. गरेका छन् । गहिरो अध्ययन र परिश्रमले लोकसेवा पास गरेर निजामती सेवामा कार्यरत छन् ।

म्याग्दी जिल्लामा गजलको प्रवर्तककमा रूपमा चिनिने घतानेको एक मात्र प्रकाशित कृति **अव्यवस्था** कथासङ्ग्रह हो । फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा उनका लेखहरू प्रकाशित छन् । वि.सं. २०४४ देखि साहित्यिक लेखनमा देखापरेका घताने फुटकर रूपमा विभिन्न विधामा साहित्य रचना गरेका छन् ।

म्याग्दी जिल्लामा सशक्त गजलकारका रूपमा चिनिने **घताने** म्याग्दी जिल्लाका पहिलो गजलकार हुन् ।[३८] विभिन्न प्रतियोगितामा केही पुरस्कार पाए पनि घतानेले उत्कृष्ट साहित्यिक पुरस्कार भने पाएका छैनन् ।

### (ङ) **सीमा रोशी** (आचार्य)

सीमा रोशी म्याग्दी जिल्लाकी एक सशक्त नारी साहित्यकार हुन् । यिनको जन्म म्याग्दी जिल्लाको अर्मन गा.वि.स. को पोकाफाँटमा पिता तारानाथ आचार्य र माता मनकुमारी आचार्यकी सुपुत्रीका रूपमा (२०३५)मा भएको हो । माध्यमिक शिक्षा गाउँबाटै सम्पन्न गरेकी रोशीले पोखराबाट वन विज्ञानमा आई.एस.सी. सम्मको अध्ययन गरेकी छिन् । यिनी सानैदेखि प्रतिभाशाली थिइन् । सानैदेखिको साहित्य लेखनको रूचिले गर्दा र साहित्य रचना गर्ने उपयुक्त वातावरण पनि मिलेको हुँदा साहित्य रचना गर्न सजिलो भएको देखिन्छ । उनको जन्मघर म्याग्दी हो भने कर्मघर

---

[३८] रामप्रसाद सुवेदी, **कालञ्जर**, वर्ष ६, पूर्णाङ्क ८ २०६६ आश्विन, पृ. ३४ ।

बाग्लुङ हो बागलुङबाट नै उनले आफ्ना रचनालाई एउटा कृतिको रूप दिन सफल भइन् । उनका अहिलेसम्म दुईओटा कृति प्रकाशित छन् ।

(१) अक्षरका धड्कनहरू २०६० (कविता सङ्ग्रह)

(२) एक अर्को सपना २०६२ (कथासङ्ग्रह)

उपर्युक्त दुई कृतिबाहेक अन्य फुटकर रचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । धौलागिरि साहित्य पुरस्कार प्रष्तिठानबाट पुरस्कृत भइसकेकी छिन् । म्याग्दी जिल्लाकी सशक्त महिला साहित्यकारका रूपमा रोशीको नाम उल्लेख छ ।

## ३.१० निष्कर्ष

म्याग्दी जिल्लाको समग्र साहित्यिक सर्वेक्षण गर्दा म्याग्दी जिल्लाको साहित्यिक विकास प्रजातन्त्र पश्चात मात्र भएको हो । यद्यपि यसको पृष्ठभूमिको रूपमा भने नेपाल एकीकरण भन्दा पनि अघिको बाईसे चौबीसे राज्यकालका भाषिक विकास, लोकसाहित्य र अभिलेखले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । आधिकारिक कृति प्रकाशनको स्थिति नभए पनि हस्तलिखित ग्रन्थका रूपमा थुप्रै विद्धान् व्यक्तिले साहित्यिक सृजना गरेको देखिन्छ । नेपाल एकीकरण पश्चात म्याग्दीको राजनीतिक, भौतिक स्थितिमा परिवर्तन आयो, जसका कारण साहित्यले विकसित हुने मौका पाएन । तैपनि लोकसाहित्य र विभिन्न मेला पर्व जात्रा आदिमा बालुन, सवाई, लोकगीत, भजन आदिका माध्यमबाट प्रस्तुत गरिनैरहे । २००७ सालको प्रजातन्त्रको आगमन र राष्ट्रिय राजनीतिमा भएको परिवर्तनले म्याग्दी जिल्लामा पनि प्रभाव पार्‍यो र पुनः शैक्षिक चहल-पहल सुरु भयो । यसै सिलसिलामा भाषा पाठशालाको पनि विकास भयो । हालसम्म म्याग्दी जिल्लामा साहित्यका सबै विधाको विकास भइसकेको छ र यहाँका साहित्यकारहरू पनि निरन्तर साहित्य सिर्जनातर्फ लागिरहेका छन् ।

यसरी म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण गर्दा कम्तीमा पनि पचास जना साहित्यकारहरूले १०० ओटा कृति प्रकाशन गरिसकेका छन् । यसै क्रममा स्थानीय क्षेत्रीय र राष्ट्रिय स्तरको रूपमा पनि थुप्रै साहित्यकारहरू जन्मिसकेका छन् । यसै गरी

नयाँ-नयाँ साहित्य सर्जकहरू जन्मिइ नै रहेका छन् । म्याग्दीको साहित्यिक विकासमा साहित्यकारहरूले गरेको योगदानलाई कदापि विर्सन मिल्दैन ।

## परिच्छेद चार

## म्याग्दी जिल्लाका कथाकार र तिनका कथा कृतिको अध्ययन

### ४.१ कथाको परिचय

संस्कृतको 'कथ्' प्रकथने धातुमा टाप् प्रत्यय लागेर कथा शब्द निर्माण भएको हो । यसको अर्थ केही कुरा भन्नु भन्ने हुन्छ । अङ्ग्रेजीमा यसलाई सर्ट स्टोरी भनिन्छ भने हिन्दीमा कहानी र बङ्गालीमा गल्पका रूपमा चिनिन्छ ।

पूर्वीय साहित्यमा कथाको विकास आख्यानका रूपमा भएको पाइन्छ । संस्कृत साहित्यका विद्वान् दण्डी, वाणभट्टका कृतिमा आख्यानको विकास भएको देखिन्छ तर वास्तविक रूपमा आधुनिक कथाको विकास पूर्वीय साहित्यबाट नभई पाश्चात्य साहित्यबाट भएको हो पाश्चात्य साहित्यमा १९ औं शताब्दीमा देखिएको कथा विधालाई सर्वप्रथम परिभाषित गर्ने काम पश्चिमी विद्वान् एडगर एलेनपोले गरेका छन् । उनी भन्छन् "कथा भनेको एउटा यस्तो कृति हो जुन छोटो हुनाले एक बसाइमै पढी सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैंमा पूर्ण हुन्छ ।"[३९] त्यस्तै अर्का विद्वान् तथा कथा समालोचक जे. वर्ग इसेविनले भनेका छन्, "कथा एउटा ठोस, सङ्क्षिप्त तथा कल्पना प्रसूत विवरण हो, जसमा एउटा मात्र प्रधान घटना तथा एउटा मात्र प्रधान पात्र हुन्छ । यसमा एउटा कथावस्तु हुन्छ जसको विवरण यति सूक्ष्म तथा निरूपण यति सङ्गठित हुन्छ जसले पाठकमा एउटा निश्चित प्रभाव उत्पन्न गर्दछ ।[४०] इसेविनले कथामा मूलतः घट्ना, प्रभाव र ठोस सङ्गठनमा जोड

---

[३९] दयाराम श्रेष्ठ, **नेपाली कथा भाग ४,** चौथो सं., ललितपुर : साझा प्रकाशन,२०६७, पृ. ७ ।

[४०] कृष्ण प्रसाद घिमिरे, **नेपाली कथा भाग ३,** ललितपुर : साझा प्रकाशन, २०५५, पृ. २ ।

दिएको पाइन्छ । त्यसैगरी लक्ष्मीप्रसाद देवकोटाको परिभाषा यस्तो छ "छोटो किस्सा एउटा सानो आँखी झ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ" ।[४१]

उपर्युक्त परिभाषाका आधारमा कथा भनेको छोटो आकारमा लेखिएको, स्वयम्मा पूर्ण, एउटा प्रमुख घटना तथा पात्र भएको काल्पनिक तर पाठकका मनमा प्रभाव जमाउन सक्ने खालको हुनुपर्दछ ।

## ४.२ कथा अध्ययनका आधारहरू

कथाको अध्ययन गर्ने विभिन्न आधारहरू छन् । ती मध्ये कथाका तत्त्वका आधारमा कथाको विश्लेषण गर्न खोजिएको छ । कथाका संरचनात्मक तत्त्वहरूको सन्दर्भमा विभिन्न समालोचकहरूले विभिन्न तत्त्वहरूको चर्चा गरे पनि निम्न तत्त्वहरूलाई अगाडि सार्न सकिन्छ । ती हुन् - (१) कथानक (२) चरित्र (३) सारतत्त्व (४) दृष्टिविन्दु (५) भाषा (६) प्रतीक र विम्ब (७) पर्यावरण र (८) लय र गति । यी तत्त्वहरू मध्ये पनि कथानक चरित्र, सारतत्त्व, दृष्टिविन्दु, भाषा प्रमुख तत्त्वहरू हुन् भने पर्यावरण लय र गति प्रतीक र विम्ब सहायक तत्त्वहरू हुन् ।[४२] यिनै प्रमुख पाँच तत्त्व कथानक, चरित्र, सारतत्त्व, दृटिविन्दु र भाषाको सामान्य परिचय तल दिन खोजिएको छ ।

### (क) कथानक

कथाका तत्त्वहरूमध्ये प्रमुख तत्त्वको रूपमा कथानकलाई लिइन्छ । कथाको सिङ्गो स्वरूप हो कथानक । कथानकविना कथाको रचना गर्न सकिँदैन । "कथानक कथावस्तुको प्रस्तुतिको क्रममा देखा पर्ने घटनाक्रमहरूको योजनाबद्ध व्यवस्थापन हो ।"[४३] कथानकलाई मुख्य र सहायकग गरी दुई किसिमले वर्गीकरण गरेको पाइन्छ । प्रारम्भदेखि अन्त्यसम्म विस्तारित वा व्याप्तिका साथ अघि बढेको कथानक मुख्य हो र

---

[४१] दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. ८ ।

[४२] कृष्ण घिमिरे, पूर्ववत्, पृ. ३ ।

[४३] ऐजन, पृ. ३ ।

त्यही मुख्य कथानकलाई सहयोग पुऱ्याउने गरी आएका कथानक सहायक हुन् । कथानकको शृङ्खला आदि मध्य र अन्त्य गरी अगाडि बढेको छ भने त्यो रैखिक हुन्छ र मध्य तथा अन्त्यबाट सुरुभएको कथानक वृत्ताकारीय हुन्छ । यसरी रैखिक र वृत्ताकारीय ढाँचामा कथानक अगाडि बढेको हुन्छ । कथानक विना कथाले कहिल्यै पनि पूर्णता पाउन सक्दैन ।

(ख) **चरित्र**

कथामा चरित्र दोस्रो प्रमुख तत्त्व हो । कथानकलाई अगाडि बढाउन चरित्रको आवश्यक पर्दछ । चरित्र वा पात्र मानव वा मानवेतर दुवै हुन सक्छन् । पात्रहरू समाजबाटै लिइन्छन् । यस्ता पात्रहरू स्वभाव लिङ्ग, कार्य, प्रवृत्ति, सामाजिक सम्बन्ध आसन्नता तथा आबद्धताका आधारमा फरक फरक हुन सक्छन् । पात्रका माध्यमबाट समाज संस्कृति रहन सहन रीति रिवाज आदिको पहिचान सम्भव हुन्छ । त्यसकारण पात्र विना कथाको कुनै अस्तित्व देखिंदैन ।

यसरी चरित्रले कथानकलाई गति दिने काम गर्दछ र कथानकलाई पूर्णता प्रदान गर्दछ ।

(ग) **सारवस्तु**

सारवस्तु कथाको विचार तत्त्व हो । कथाले भन्ने खोजेको वा सन्देश दिन खोजेको के हो ? त्यो नै सारवस्तु हो । कथामा कुनै न कुनै रूपमा विचार वा भावको बीज रहेको हुन्छ । विचारलाई कसरी पाठकसामु पुऱ्याउने भन्ने उद्देश्य अनुरूप सारवस्तुको निर्माण हुन्छ । सारवस्तु कथाको केन्द्रमा रहेको हुन्छ, । अन्य तत्त्वहरू त्यसको परिधिमा रहेका हुन्छन् । “सारवस्तुलाई कथाकारले अभिधात्मक अन्योक्तिमूलक वा प्रतीकात्मक कुनै पनि अर्थको तहबाट प्रस्तुत गर्न सक्तछ ।”[४४]

---

[४४] दयाराम श्रेष्ठ, पूर्ववत पृ. ४ ।

### (घ) दृष्टिविन्दु

कथामा पात्रलाई उभ्याइएको ठाउँ नै दृष्टिविन्दु हो । पात्रले कथानकलाई कुन रूपमा अगाडि बढाएको छ ? अथवा कसले कसको कथा भनिरहेको छ भन्ने कुरा पनि दृष्टिविन्दु मार्फत थाहा हुन्छ । दृष्टिविन्दु आन्तरिक र बाह्य गरी दुई किसिमका हुन्छन् । आन्तरिक दृष्टिविन्दु पनि केन्द्रीय र परिधीय गरी दुई किसिमका हुन्छन् । बाह्य दृष्टिविन्दु सर्वदर्शी सीमित र वस्तुपरक गरी तीन किसिमका हुन्छन् ।

यसरी पात्रलाई म वा उ पात्र मार्फत कथामा प्रस्तुत गरिएको हुन्छ, त्यसैलाई हामी दृष्टिविन्दु भन्दछौं ।

### (ङ) भाषाशैली

भाषा मानवीय अनुभूति र अभिव्यक्तिको माध्यम हो । "भाषाकै माध्यमबाट कथा वस्तुको विस्तार तथा पात्रहरूको चारित्रीकरण र तिनका कार्यव्यापारहरूको उद्घाटन गरिन्छ ।"[४५] साहित्यिक भाषामा सामान्य नियमहरूको अतिक्रमण गरी विशिष्टताको निर्माण गरिन्छ । भाषालाई प्रयोग गर्ने ढाँचालाई शैली भनिन्छ । कथामा भाषाको प्रयोग सरल जटिल तथा प्रतीकात्मक विभिन्न किसिममा गर्ने गरिन्छ ।

यसरी कथाका प्रमुख पाँच तत्त्वमध्ये भाषा पनि एक हो । भाषा विना कथाको पनि निर्माण नहुने हुँदा भाषालाई पनि प्रमुख तत्त्वका रूपमा लिने गरिन्छ । यिनै उपर्युक्त मुख्य तत्त्वका आधारमा म्याग्दी जिल्लाका कथाकारका कथाहरूको विश्लेषण गरिएको छ ।

## ४.३ कथा तत्त्वका आधारमा होमनाथ सुवेदीको 'चिरिएको मुटु' कथासङ्ग्रहको अध्ययन

होमनाथ सुवेदीको जन्म वि.सं. २००४ मा म्याग्दी जिल्लाको ताकम गाउँमा भएको हो । उच्च शिक्षा हासिल गरेर केही वर्ष सरकारी जागिर पनि खाएर अमेरिका प्रवेश गरेका हुन् । प्रवासमा बसेर पनि निरन्तर नेपाली साहित्यको सेवा गरिरहेका

---

[४५] कृष्णप्रसाद घिमिरे, पूर्ववत्, पृ. ६ ।

छन् । हालसम्म उनका चार ओटा कथाङ्ग्रह छन् । ती मध्ये **'चिरिएको मुटु'** कथासङ्ग्रह प्रकाशनका दृष्टिले दोस्रो हो भने आधुनिक कथासङ्ग्रहका दृष्टिले पहिलो कथासङ्ग्रह पनि मान्न सकिन्छ । यस भन्दा अगाडि उनको **नेपाली लोककथा** कथासङ्ग्रह २०५२ मा प्रकाशित भएको थियो ।

**चिरिएको मुटु** कथासङ्ग्रह २०६४ सालमा प्रथम पटक अन्तरराष्ट्रिय नेपाली साहित्य समाज केन्द्रीय कार्यालय वासिङ्गटन डि.सी. संयुक्त राज्य अमेरिकाले प्रकाशन गरेको हो । यस सङ्ग्रह भित्र लामा छोटा गरी जम्मा २८ वटा कथाहरू सङ्कलित छन् । यस कथासङ्ग्रहको पृष्ठ संख्या १२९ रहेको छ । आयामका दृष्टिले उनका कथा विविधतापूर्ण देखिन्छन् ।

होमनाथ सुवेदीले यस सङ्ग्रहमा कथाको विषयवस्तु ग्रामीण समाजमा देखिएका यथार्थ घटनालाई बनाएका छन् । यति मात्र नभइ नारीप्रति सहानुभूति राख्ने सुवेदीले नेपाली नारीहरूले भोग्दै आएका शारीरिक तथा मानसिक पीडा, त्यसै गरी बोक्सी तथा विधवा जस्ता आरोप लगाएर अपहेलना गरिएका नारीहरूप्रति सहानुभूति प्रकट गर्नु पर्ने धारणा राख्दै अन्ध परम्परा कुसंस्कारको तीव्र विरोध गरेका छन् ।

उनका कतिपय कथा शहरिया परिवेश र अमेरिकालाई विषयवस्तु बनाएर अमेरिकामा बस्ने नेपालीहरूका पीडा बाध्यता छटपटी जस्ता कुरालाई विषयवस्तु बनाएर कथा लेखेका छन् । उनी प्रवासी नेपालीको यथार्थ चित्रण गर्न पोख्त र सशक्त रूपमा कथामा देखिएका छन् ।

**चिरिएको मुटु कथा सङ्ग्रहमा सङ्कलित कथाहरू यस प्रकार छन् ।**

(१) 'म' को व्यथा
(२) कान्छी
(३) को अस्वीकृत
(४) टुहुरी
(५) विधवा
(६) शषस
(७) अस्थिपञ्जर
(८) अजातशत्रु
(९) ग्रेट सोसाइटीको महान म
(१०) यो खेल शुरू गरेको हैन र ?

| | |
|---|---|
| (११) कालीको भेल | (१२) नारी स्वतन्त्रता |
| (१३) गुरू ज्यू र म | (१४) गम्की |
| (१५) मेरी | (१६) आवास |
| (१७) अगति | (१८) प्रियम्बदा |
| (१९) तवायफ | (२०) कर्णबहादुर |
| (२१) सपना | (२२) अनौठो राक्षस |
| (२३) दुर्घटना | (२४) अवसाद |
| (२५) विशाल बजारको इन्चार्ज | (२६) सिर्जना |
| (२७) बाघको गुहार | (२८) किन हराएको ? |

यस सङ्ग्रहमा रहेका उपर्युक्त २८ कथा मध्ये प्रमुख तीन ओटा (विधवा, नारी स्वतन्त्रता र विशाल बजारको इन्चार्ज) कथाको विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### ४.३.१ विधवा कथाको अध्ययन

'विधवा' कथा होमनाथ सुवेदीको 'चिरिएको मुटु'(२०६४) कथासङ्ग्रह भित्रको पाँचौं कथा हो । यस कथामा कथाकारले बोक्सीको आरोपमा गाउँका दुःखी र गरीब महिलालाई गरिने निन्दनीय कार्यप्रति आक्रोश पोखेका छन् भने विधवाले पुनर्विवाह गर्न पाउनुपर्छ भन्ने विचार व्यक्त गरेका छन् ।

**(क) कथानक**

म पात्र विधवा सरस्वतीसँग प्रेम गर्छ । म पात्रकी आमाले सरस्वती सँग लहसिएको देखेर म पात्रलाई बारम्बार गाली गर्छे तर ऊ मान्दैन । म पात्रकी बहिनी पनि विधवा भएकी छे १६ वर्षको कलिलो उमेरमा नै विधवा हुन पुगेकी उसकी बहिनी पनि 'वसन्त' नामको केटासँग प्रेम गर्छे । म पात्रकी आमालाई गाउँमा सबैले बोक्सी भन्ने गर्छन् । म पात्र आफ्ना छिमेकीलाई बोक्सी हुँदैनन् भन्ने प्रमाणित गराउन चाहन्छ साथै विधवाले पनि बिहे गर्न पाउनु पर्छ भनेर आवाज उठाएको छ । एक दिजन रात्रीमा धारामा कसैले बत्ती बालेर नहाइरहेको छिमेकीले देखेछन् । सबैले बोक्सलि

नुहाउन लागेकी छे भने । म पात्र पनि हेर्न गयो र नडराइकन धारामा नै गयो । त्यहाँ बाटुली नुहाइरहेकी थिई म पात्रले गाउँलेलाई बोक्सी हुँदैनन् भन्ने कुरा सत्य सावित गरिदियो । त्यसै गरी म पात्रले आफ्नी बहिनीको पनि बसन्त सँग बिहे गरिदिन चाहन्छ । रातदिनको आमाको कचकचले ऊ दिक्क हुन्छ तै पनि सरस्वतीलाई सहयोग गर्न छाड्दैन । अन्त्यमा म पात्र र सरस्वती दुवै भागेर जान्छन् । भोलीपल्ट आएर हेर्दा आमाको लास घरमा झुण्डिरहेको पाउँछन् ।

यसरी म पात्रले विधवा विवाह आफैं सुरू गरेको छ र बोक्सी हुँदैनन् भन्ने कुरा पनि छिमेकीलाई प्रमाणित गरेर देखाएको छ । म पात्र अन्ध परम्पराको विरोध गर्ने र नयाँ पुस्ताको अनुशरण गर्ने एउटा सचेत पात्र बनेर कथामा प्रस्तुत भएको छ ।

### (ख) चरित्र चित्रण

प्रस्तुत कथामा बहुल पात्रको प्रयोग छ । म पात्र उसकी आमा, बहिनी, सरस्वती, बसन्त, गोपाल उसका बाबा आमा, बाटुली राईली आमा, रामे, युद्धप्रसाद रमिता आदि जम्मा रहेका छन् । कथावस्तु ग्रामीण परिवेशको भएकोले पनि पात्र अनुसारको रहेको छ । यस कथामा प्रमुख पात्र 'म' पात्र नै हो ।सरस्वती रम पात्रकी आमा उसकी बहिनी सहयोगी पात्र हुन् भने अरुलाई गौण पात्रका रूपमा लिन सकिन्छ । म पात्र र सरस्वती गतिशील पात्र हुन् भने अरू पात्रहरू स्थिर पात्र हुन् । सरस्वती, म पात्र र उसकी बहिनी परम्पराको विरोध गर्ने नवीन सोचका पात्र हुन् भने म पात्रकी आमा लगायत अन्य पात्रहरू परम्परित सोचाइका पात्र हुन् । सामाजिक अन्ध परम्पराको विरोध गर्ने कुसंस्कार विकृति विसङ्गतिको अन्त्य गर्ने र नारीप्रति गरिने दमन शोषण अन्याय र अत्याचारको अन्त्य गर्न सशक्त रूपमा लागि पर्ने म पात्र निडर र प्रगतिशील पात्र हो । म पात्रकी आमाले पुरानो पुस्ताको प्रतिनिधित्व गरेकी छिन् भने म पात्रले नयाँ युवा पुस्ताको प्रतिनिधित्व गरेको छ ।

### (ग) सारवस्तु

यस कथाको सारवस्तु परम्परागत अन्धपरम्परा कुसंस्कार र समाजमा देखिएका विकृति विसङ्गतिको अन्त्य गरी स्वच्छ सुन्दर समाजको निर्माण गर्नु रहेको छ ।

त्यसैगरी नारी प्रति लगाइने लाञ्छना समाजको गलत धारणा हो भन्ने आरोप कथाकारले प्रष्ट पारेका छन् । भूत प्रेत र पिशाच बोक्सीमा विश्वास गरेर निर्दोष महिला माथि अन्याय गर्ने, अकालमा कसैको पति मऱ्यो भने पत्नीले खाएकी हो भन्ने र जिन्दगीभरि विधवा भएर बस्न बाध्य पार्ने, विधवाले विवाह गर्न हुँदैन भन्ने जस्ता कुप्रवृत्तिको अन्त्य हुनुपर्छ । गरीब र निमुखा व्यक्ति प्रति सद्भाव र सहयोगको भावना राख्नुपर्छ भन्दै मानवतावादी धारणाको चेतना जगाउनु यस कथाको सारवस्तु हो ।मुख्यतया नारीप्रति गरिने भेदभाव दमन र शोषणको अन्त्य गरी विधवा महिलालाई विवाहको कानुनी मान्यता दिनुपर्छ भन्ने अर्थात् नारी उत्थानवादी दृष्टिकोण राख्नु नै यस कथाको सारतत्त्व रहेको छ ।

(घ) **दृष्टिविन्दु**

कथावस्तुलाई अग्रगति दिनका लागि पात्र चाहिन्छ । त्यही पात्रलाई कथाकारले कुन स्थानमा उभ्याएको छ, त्यो नै दृष्टिविन्दु हो ।

यस कथामा आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग गरिएको छ । म पात्रले आफुसँगसँगै सरस्वती बनिता र आफ्नी आमाको पनि कथा भनेको छ त्यसैले आन्तरिक परिधीय दृष्टिविन्दु रहेको छ ।

(ङ) **भाषाशैली**

कुनै पनि कुरा अभिव्यक्त गर्न भाषा चाहिन्छ । भाषा बिना मान्छेले आफ्ना मनका कुरा अरू समक्ष पुऱ्याउन सक्दैन । त्यही भाषालाई विविध ढंगले प्रस्तुत गर्ने कला नै शैली हो ।

यस कथामा सरल र सहज भाषाशैलीको प्रयोग भएको छ । साङ्केतिक चिह्नको प्रयोग पनि प्रशस्त भएको पाइन्छ । संस्कृतको 'कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति'जस्ता सूक्तिले कथालाई अझ प्रभावशाली बनाएको छ । केही तत्सम शब्द र अनुकरणात्मक शब्दको पनि प्रयोग भएको छ । समग्रमा यस कथाको भाषा शैली पात्रलाई सुहाउँदो खालको रहेको छ ।

**निष्कर्ष**

'विधवा' कथा नेपाली समाजको यथार्थ चित्रण गरिएको कथा हो । कथाकारले आफुले समाजमा देखेका र भोगेका अनुभवलाई विषयवस्तु बनाएर कथा लेखेका छन् । कथाकारले यस कथाबाट समाजमा रहेका विकृति विसङ्गतिको अन्त्य गर्नका लागि स्वयं आफुले नै सुरू गर्नु पर्ने धारणा राखेका छन् । यो कथा सामाजिक यथार्थवादी कथा हो । यस कथाले नेपाली ग्रामीण समाजको यथार्थ परक प्रस्तुति गरेको छ । कथा तत्त्वका दृष्टिले पनि यो कथा सफल र सबल बन्न पुगेको छ ।

## ४.३.२ 'नारी स्वतन्त्रता' कथाको विश्लेषण

नारी स्वतन्त्रता कथा **चिरिएको मुटु** कथासङ्ग्रहमा सङ्कलित बाह्रौं कथा हो । यो कथा **'अन्तदृष्टि'** पत्रिकामा प्रकाशित भइसकेको छ । यस कथामा नारी स्वतन्त्रताको नाममा गलत क्रियाकलाप भइरहेको र त्यसले निम्त्याउने प्रतिफल भयानक हुने स्थितिलाई यस कथाले प्रस्तुत गर्न खोजेको छ । कथातत्त्वका आधारमा यसरी विश्लेषण गरिएको छ ।

### (क) कथानक

गीता र सुनिता दुई साथीहरू हुन् । उनीहरू फोनमा कुरा गरिरहेका छन् । गीताले सुनितालाई ब्वाइ फ्रेन्डको हालखबर के छ ? भनी सोधेकी छे । सुनिताले मलाई त घरमा बाबु आमाले बाहिर जान दिंदैनन् भनेकी छे । गीताले आफ्नो हाल खबर बताउँछे । उसका तीन वटा ब्वायफ्रेन्ड छन् । सुनिताले तीनतीन ओटालाई मायाँ गर्न भ्याएकी छेस् ? भनी सोध्छे । गीताले किन नभ्याउनु ? एउटा म सँगै सुतिरहेको छ । एउटा तल गल्लीमा आउँदैछ । अर्को चाँहि फोन कति विजी बनाएहोला भन्दै गाली गर्दै होला । भन्छे । त्यस पछि पाँच वर्ष सम्म उनीहरूको सम्पर्क हुँदैन । सुनीताले बिहे गरेर परिवार सम्हालेर बसी । गीता भने तिनै वटा केटाहरू सँग आफ्नो जीवन बरबाद गरिरहेकी छे । पाँच वर्षपछि सुनिताले पुनः फोन गरी पहिला त धेरैबेर सम्म फोन नै लागेन । त्यसपछि फोन गयो र गीताले उठाई र कुराकानी गरे । सुनीताले आफ्नो बिहे भएर पनि बच्चा भइसके । भनेकी छे । गीताले नारी

स्वतन्त्रताको फाइदा भन्दै तीन ओटा युवकसँग रतिक्रीडा गर्दागर्दै यतिका वर्ष बिताइसकी । अब ती युवकहरू उसलाई छोड्न चाहन्छन् तर गीताले भने अब मलाई अरू कसैले बिहे गर्न सक्दैन त्यस कारण तिनै तीन ओटा मध्ये एउटालाई आफ्नो पति बनाउको लागि फोनबाट मरिहत्ते गर्दैछु भनेकी छे । गीतालाई अब अरू कसैले बिहे गर्दैनन् ।

यति कुरा सुनेपछि सुनीताले गीतालाई गाली गरेकी छे । ऊ भन्छे समर्पण भाव एउटामा मात्र हुनुपर्छ । यौटै उद्देश्यप्रति यौटै प्रेमीप्रति यौटै पार्टीप्रति । ती तीन ओटा पुरुषसँग मायाँ गाँसेर आफ्नो जीवन बरबाद त गरिस् नै त्यस सँगै नारी स्वतन्त्रताको पनि धज्जी उडाइस् । तँ नारी स्वतन्त्रताको नाममा कलङ्क होस् । धिक्कार छ तँलाई भन्दै फोन राखेकी छे । कथा छोटो भए पनि कथाको आदि मध्य अन्त्य मिलेको छ ।

### (ख) चरित्र चित्रण

यस कथामा कम पात्रको प्रयोग भएको छ । प्रमुख पात्र गीतालाई मान्न सकिन्छ । गीता र सुनीताको फोनमा कुराकानी गर्दागर्दै यो कथाको सुरु र अन्त्य भएको छ । सुनीताले गीतालाई फोन गरेपछि कथानक सुरु भएको थियो । फेरि फोन गरेर सुनीताले फोन काटेपछि कथाको अन्त्य भएको छ ।

सुनीता सत्पात्रको रूपमा देखिएकी छे भने गीता असत् पात्रका रूपमा देखिएकी छे । सुनीताले नारी स्वतन्त्रता भए पनि एउटै पति प्रति समर्पणको भाव राखेकी छे । उसको घर व्यवहार राम्रो र सुख सँग चलेको छ । गीताले नारी स्वतन्त्रता भन्दै ३-३ ओटा केटासँग प्रेम गरेर आफ्नो अस्मिता गुमाएकी छे र विवाह पनि गर्न सकेकी छैन । ऊ नारी स्वतन्त्रताको नाममा कलङ्क साबित भएकी छे । अन्य तीन पुरुषहरू यस कथाका गौण पात्र हुन् ।

### (ग) सारवस्तु

'नारी स्वतन्त्रता' कथामा नारीहरू स्वतन्त्रताका नाममा जानी बुझीकन या अनजानमा यौन शोषणको शिकार बनिराखेका छन् भन्ने रहेको छ  गीताले नारीस्वतन्त्रताको सही अर्थ बुझ्न नसकेर स्वतन्त्रताको नाममा ३-३ ओटा केटासँग प्रेम

गरेर आफैं अस्मिता गुमाउन पुगेकी छे । त्यसकारण कथाकारले यस कथाबाट विश्वमा देखिएको यौन शोषण र खुला यौनको प्रतिफल हो भन्ने देखाउन खोजेका छन् । नारी स्वतन्त्रता भनेर आफ्नो अस्मिता नै समाप्त हुने गरी यौन कार्यमा लागेका नारीप्रति व्यङ्ग्य गर्नु यसको सारवस्तु हो ।

(घ) **दृष्टिविन्दु**

यस कथामा बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । सुनीता र गीताको कुराकानी भएकोबाट यो कथा प्रारम्भ भएको छ । बाह्य सीमित दृष्टिविन्दुमा यो कथाको रचना भएको छ ।

(ङ) **भाषाशैली**

प्रस्तुत कथामा सरल भाषाको प्रयोग भएको छ । बीचबीचमा अङ्ग्रेजी शब्दको प्रयोग छ भने केही तत्सम शब्दको प्रयोग पनि पाइन्छ । भाषा र शैलीका आधारमा कथाको संरचना प्रभावकारी रहेको छ । सरल र प्रभावकारी भाषाको प्रयोग गर्नु सुवेदीको विशेषता नै हो ।

**निष्कर्ष**

यो कथा समाजमा देखिएको नारी स्वतन्त्रताका नाममा हुने गरेको विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरी लेखिएको हो । नारी स्वतन्त्रता भन्दैमा नारीले छाडा यौन प्रवृत्तिलाई अंगालोस भनेको होइन ऊ आफ्ना अधिकारबाट बञ्चित नहोस भनिएको हो । मध्यम आयाम भएको यस कथामा सम्बाद प्रभावकारी रहेको छ । शहरिया परिवेशमा लेखिएको यो कथा सामाजिक यथार्थवादी कथा हो ।

### ४.३.३ विशालबजारको इन्चार्ज कथाको विश्लेषण

यो कथा 'चिरिएको मुटु' कथासङ्ग्रहभित्र सङ्कलित पच्चीसौं कथा हो । आयामका दृष्टिले मध्यम आकारको रहेको छ । यस कथामा प्रवासमा बसेका नेपाली

मानिसहरूको पीडा बाध्यता र विवशतालाई कथा मार्फत प्रस्तुत गरिएको छ । यसको विश्लेषण निम्नानुसार गरिएको छ ।

(क) **कथानक**

यौटा नेपाली युवक डि.भी. परेर अमेरिका गएको छ । ऊ अमेरिका बस्न थालेको पनि धेरै वर्ष भइसक्यो । ऊ अमेरिकाको वासिङ्गटन डि.सी.मा रहेको विशालबजारको इन्चार्ज हो । त्यहाँको मालिक विष्णु हो । विष्णुले उसलाई इन्चार्ज बनाइदिएको छ । उसले अधिकार दिएको छ तै पनि अधिकार विहिन छ । इन्चार्ज हुँ भन्छ, प्रमाण छैन नाम मात्रको इन्चार्ज भएको छ ऊ । त्यहाँ काम गर्ने तीनजना नोकर छन् । इन्चार्जले काम अह्राउन खोज्छ । उनीहरू इन्चार्जलाई उल्टै थर्काउँछन् । उसले आफू इन्चार्ज भएको धाक दिन्छ । उनीहरू इन्चार्जको प्रमाणपत्र माग्छन् । विष्णुले उसलाई प्रमाणपत्र दिएको छैन । ती त्रिमूर्तिहरू इन्चार्जलाई ईष्या र द्वेषले हेर्छन् । आफुले अह्राएको काम नमानेपछि इन्चार्जले विष्णुलाई भनेर निकाल्न लगाउँछ तर विष्णुले भन्छ, यिनीहरू गए भने त यहाँ अर्को काम गर्ने मान्छे नै पाइँदैन । इन्चार्ज भएर पनि आफ्नो रवाफ देखाउन सकेको छैन । ऊ आफैलाई हीनताबोध गर्छ । ऊ एकैछिनमा सर्प बन्छ । घिस्रँदै गएर नोकरलाई टोक्न खोज्छ । तर उल्टै आफैंलाई केही गर्छन् कि ? भन्ने डरले केही पनि गर्दैन । महत्त्वपूर्ण पद पाएको छ तैपनि आफू शरशय्यामा सुतिरहेको पीडाबोध गर्छ ।बिशाल बजारमा हजारौं लाखौं मान्छे छन् तर ऊ आफुलाई एक्लो भएको महशुस गर्छ । उसले चश्मा लगाएको छ । चश्माले उसलाई तीतो टर्रो र ईष्या बाहेक केही देखाउँदैन । यस्तो अनौठो पीडादायी जीवन जिउन विवश छ इन्चार्ज । ऊ निर्वासन मुक्त हुन चाहन्छ । तर कसरी ? यसरी

कथानक झीनो छ । कथानकको शृङ्खला आदि मध्य अन्त्यमा मिलेको पाइँदैन ।

(ख) **चरित्र चित्रण**

यस कथामा इन्चार्ज विष्णु, अन्य तीन नोकर गरी पाँचजना पात्रहरू देखा पर्छन् । इन्चार्ज यस कथाको प्रमुख पात्र हो । ऊ सत्पात्र हो । अधिकार भइकन पनि

अधिकार विहीन भएको एक प्रवासी निरीह पात्र हो । उसले चाहेर पनि केही गर्न सक्दैन । विष्णुले उसलाई आफ्नो स्वार्थका लागि इन्चार्ज बनाएको छ । विष्णु र अन्य ती नोकर असत् पात्र हुन् । नोकरहरू इन्चार्जलाई हटाउन चाहन्छन् । यहाँका सबै पात्रहरू गतिहीन छन् । कसैले पनि आफ्नो व्यवहारमा परिवर्तन गर्न सकेका छैनन् ।

**(ग) सारवस्तु**

यस कथाको सारवस्तु प्रवासी नेपालीहरूको पीडा, भोगाइ र बाध्यताको यथार्थ प्रस्तुती गर्नु हो । अमेरिकामा नेपालीले के कसरी जीवन बिताइरहेका छन् । नेपालीलाई विदेशीले कसरी दमन र शोषण गरिरहेका छन् भन्ने कुराको प्रस्तुतीकरण नै यस कथाको सारवस्तु हो । काम र मामको खोजीमा बिदेशिन पुगेका सबै नेपालीको जीवन कष्टकर र दुस्साध्य छ । अधिकार भएर पनि त्यसको उपयोग गर्न सक्दैनन् । डायस्पोरिक जीवनमा जहिले पनि आफुलाई एक्लो भएको महशुस गरेका छन्  सहारा बिहीन जीवन बिताउन विवश बनेका नेपालीको यथार्थ र जीवन्त चित्रण गर्नु नै यस कथाको सारवस्तु हो ।

**(घ) दृष्टिविन्दु**

यस कथामा बाह्य सर्वदर्शी विन्दुको प्रयोग भएको छ । इन्चार्जका हरेक क्रियाकलाप र बानी व्यहोरा सँग लेखक परिचित छ । त्यसकारण सर्वदर्शी बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

**(ङ) भाषाशैली**

यस कथामा सरल भाषाको प्रयोग भए पनि विशृङ्खलित लेखनको प्रयोगले कता कता जटिल जस्तो लाग्छ । केही अङ्ग्रेजी शब्दको पनि प्रयोग भएको छ । स्वप्नवत् लेखन पनि यहाँ पाइन्छ । यति हुँदाहुँदै पनि भाषाशैली सरल र सहज नै रहेको छ ।

**निष्कर्ष**

कथाकार होमनाथ सुवेदीको बिशालबजारको इन्चार्ज कथा प्रवासी नेपालीको जीवन भोगाइको यथार्थ चित्रण हो । डायस्पोरिक जीवन बिताइरहेका नेपाली चाहेर पनि आफ्नो अधिकारको प्रयोग गर्न सक्दैनन् । आफु ठुलै ओहोदामा भए पनि प्रवासी भएको कारणले गर्दा त्यहाँका नोकरहरूले पनि आफुलाई हेप्ने गरेको त्यो पीडा यस कथामा स्पष्ट बुझ्न सकिन्छ । आफ्नो अधिकारको प्रयोग गर्न नसक्दा आफुमा उत्पन्न हुने मानसिक तनाव तथा हीनताग्रन्थि भावनालाई पनि कथाकारले रमाइलो पाराले प्रस्तुत गरेका छन् ।

समग्रमा यो कथा छोटो भए पनि सशक्त छ । नेपालीको पीडालाई उजागर गर्न सफल छ । प्रवासीको यथार्थ प्रस्तुतिको चित्रण गर्न सफल यस कथामा यथार्थवादी प्रवृत्ति भेटिन्छ ।

### ४.३.४ अन्य कथाहरूको संक्षिप्त अध्ययन

कथाकार होमनाथ सुवेदीको चिरिएको मुटु कथासङ्ग्रह (२०६४) भित्र जम्मा २८ ओटा कथाहरू सङ्कलित छन् । यी मध्ये ३ ओटा कथाको विश्लेषण भइसकेको छ । सुवेदीको यस कथासङ्ग्रहमा लामा छोटा तथा मध्यमखालका तिनै प्रकारका कथाहरू समेटिएका छन् । यी कथाहरूमा प्रायः झिनो कथावस्तु पाइन्छ । नेपाल तथा अमेरिका दुवै भूमिको परिवेश यस कथामा देखिन्छ । यस सङ्ग्रहमा ८ ओटा छोटा कथाहरू छन् । तीहुन् **कान्छी, गम्की, अगति, तवायफ, अनौठो राक्षस, अवसाद, सिर्जना र किन हराएको** ? यी कथा अत्यन्तै छोटा छन् । यी कथाहरूमा कथानक प्राय झिनो र तुकविहीन छन् । यी कथा पाठकलाई कुनै सन्देश दिने भन्दा पनि मनोरञ्जन दिने खालका छन् । यी उपर्युक्त कथामध्ये केही लामो आयाम भएको कथा **कान्छी** हो । यसको कथावस्तु केही स्पष्ट छ । यसमा जेठी पत्नी हुँदा हुँदै पुरुषले उसलाई थाहा नै नदिइकन कान्छी ल्याएर परिवारको विचल्ली पार्छन् भन्नेकुरा प्रस्तुत गरिएको छ । सुवेदीको **अनौठो राक्षस** कथा जम्मा चार हरफमा सकिएको छ । यी उपर्युक्त कथा बाहेक अन्य कथाहरू भने आयामका दृष्टिले कथा भन्न सहाउने योग्य छन् । सुवेदीका केही कथा लामा पनि छन् र आदि मध्य अन्त्य गरी छुट्याइएको पनि छ । यस

सङ्ग्रहका मध्यम तथा लामा कथाहरू यी हुन् - **म को व्यथा, को अस्वीकृत? टुहुरी, श ष स, अस्थिपञ्जर, अजात शत्रु, ग्रेट सोसाइटीको महान म,यो खेल सुरू गरेको होइन र ?, सपना, दुर्घटना, बाघको गुहार** । यी कथाहरू आयामका दृष्टिले सबल देखिन्छन् । विषयवस्तुका दृष्टिले सामाजिक विषयवस्तु भएका कथाहरू छन् । ग्रामीण परिवेश, काठमाण्डौं शहरको परिवेश तथा अमेरिकाको परिवेशमा यी कथाहरू रचिएका छन् । यी कथाहरूमा स्वप्नवत् लेखन पनि पाइन्छ । त्यसैगरी पाठकले झटपट यी कथा एकै पटक पढेर बुझ्ने खालका छैनन् । यी कथामा कथानक भन्दा पनि लेखकको वैचारिक चिन्तन पाइन्छ । लेखकका अमूर्त तथा अव्यक्त भावना कथा मार्फत प्रस्फुटित भएका छन् । कथाकार आफुले समाजमा देखे भोगेका र प्रवासमा देखेका तथा भोगेका प्रत्यक्ष अनुभूतिलाई विषयवस्तु बनाएर कथा रचना गरेका छन् । सुवेदीका यी कथा परम्परित कथा लेखन भन्दा नितान्त भिन्न खालका देखिन्छन् । कथाको विषयवस्तु भिन्न भिन्न प्रकारको देखिन्छ । यिनका प्रायः सबैजसो रचनामा विदेशमा आत्भपहिचानको सङ्कट र जन्मभूमि प्रतिको धड्धडीलाई कुनै न कुनै रूपले अभिव्यक्त गरिएको पाइन्छ । यिनका कथामा प्रथम पुरुष तथा तृतीय पुरुष दुवैको प्रयोग पाइन्छ तर प्रायः प्रथम पुरुषमा लेखिएका कथाहरू धेरै पाइन्छन् । भाषा शैलीका दृष्टिले यिनका कथा तत्सम शब्दको केही बढी प्रयोग तथा प्रचलित केही अङ्ग्रेजी भाषाको भन्दा तत्सम शब्दको प्रयोग बढी गरेर कथा लेख्नु यिनको विशेषता नै हो ।

समग्रमा होमनाथ सुवेदीको कथा एउटै सङ्ग्हमा पनि धेरै खाले कथाहरू अटेका छन् । २८ ओटा कथा सङ्कलित रहेका यस सङ्ग्रहमा विषयवस्तुगत विविधता आयामगत विविधता वैचारिक चिन्तनको बढी प्रभाव झीनो कथानक, स्वप्नवत् लेखन परम्पराप्रतिको विरोध नारी अधिकारको स्वर, विधवा विवाहका् गुञ्जन, अस्वस्थ नेपाली राजनीति प्रति व्यङ्ग्य जस्ता प्रवृत्तिगत विशेषता पाइन्छन् । यी कुराहरूका आधारमा होमनाथ सुवेदी प्रवासमा रहेर पनि नेपाली साहित्यमा निरन्तर लागि परेका सशक्त म्याग्देली कथाकार हुन् । उनको **'चिरिएको मुटु'** कथासङ्ग्रह नयाँ शैली विचार बोकेको उत्कृष्ट कृति हो ।

## ४.४. कथातत्त्वका आधारमा *'डायस्पोराको मान्छे'* कथासङ्ग्रहको अध्ययन

'डायस्पोराको मान्छे' कथासङ्ग्रह कथाकार होमनाथ सुवेदीको हालसम्मको अन्तिम प्रकाशित कथासङ्ग्रह हो । यस सङ्ग्रहको प्रकाशन २०६८ मा 'अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले प्रथम पटक प्रकाशन गरेका हो । यस कथासङ्ग्रहमा कथाकारले प्रवासी नेपालीको यथार्थ जीवनको चित्रण गरेका छन् । काम र मामको खोजीमा प्रवासीएका नेपालीको शरीर प्रवासमा भए पनि मन भने नेपालमै घुमिरहेको यस कथासङ्ग्रह भित्रका कथाहरूमा पाइन्छ । यस कथासङ्ग्रहमा पन्ध्र ओटा कथा सङ्कलित रहेका छन् ती कथा निम्नानुसार रहेका छन् ।

(१) अन्तः यात्रा !
(२) कथा छयासीको डायस्पोरामा
(३) तँ असती !
(४) डायस्पोराको मान्छे !
(५) जन्मदिवस
(६) कस्तो गति !
(७) म कस्तो हुँला !
(८) म नै हुँ ल्याण्डलोर्ड
(९) म भित्रको नरक !
(१०) मानकाजी किन मौन छ !
(११) नाग !
(१२) नाताकुटुम्बको नरक !
(१३) निर्णय !
(१४) नेपालमा फोन गरें
(१५) साधन !

उपर्युक्त कथाहरू मध्ये केही एक दुई वटा कथा आयामका दृष्टिले लामा भए पनि अन्य सबै कथा लगभग एकै प्रकारका रहेका छन् । ती कथामध्ये प्रमुख तीन ओटा प्रतिनिधि कथाको (डायस्पोराको मान्छे, म कस्तो हुँला, मानकाजी किन मौन छ),विश्लेषण गर्ने चेष्टा गरिएको छ ।

### ४.४.१ डायस्पोराको मान्छे कथाको अध्ययन

**डायस्पोराको मान्छे कथा यस कथासंग्रह (२०६८)को चौथो कथा हो । यसैका आधारमा कथासंग्रहको नाम राखिएको छ ।** राखिएको छ । यस कथामा गास वास र कपासको आवश्यकता पूर्ति गर्न प्रवासिएका नेपालीहरूको चित्रण गरिएको छ ।

**(क) कथानक**

नेपालीहरु विदेशमा गएर सङ्घर्ष गर्छन् । उनीहरूको तन प्रवासमा रहे पनि मन भने हरबखत नेपालमा नै घुमिरहेको हुन्छ । उनीहरू सुतेको बेलामा पनि नेपालकै सपना देखिरहेका हुन्छन् । यस कथाको म पात्र जतिबेला पनि आफू जन्मिएको ठाउँठाउँमा नै डुलेको छ । ऊ निदाएको बेलामा पनि घरमै गएको सपना देखेको छ । ऊ केही बेरपछि उठ्छ । उसले आफूलाई कसैले चियाइरहेको महशुस गर्छ । पात्र पुनः सपना देख्न थाल्छ घरको बारीमा घोडामा चढेर ऊ दौडिरहेको छ । उ गाउँको द्यौरालीको उकालोमा हिंडिरहेको थियो । उसले कतिबेला बाघ लडेको देख्छ, कतिबेला गाउँका मुखियाहरू एक आपसमा कुरा गरिरहेको देख्छ । उसले नेपालको राजनीति बुझ्न खोज्छ, प्रचण्डले जित्यो, नेपाली काङ्ग्रेसले जित्यो भन्छ । केही बेरमै बेनी देखि मुस्ताङ् सम्मको राजमार्ग बनेछ भन्छ । यस्तै झिना कुराहरू सोच्दासोच्दै म पात्र व्यूँझन्छ र उ झसङ्ग हुन्छ ।

कथाको शृङ्खला मिलेको छैन, झिनो कथावस्तु रहेको छ । टुक्रे कथानक जोडेर स्पप्नवत लेखनमा कथाको रचना भएको छ ।

**(ख) चरित्र चित्रण**

प्रस्तुत कथा न्यून पात्रको प्रयोग गरेर लेखिएको कथा हो । यहाँ प्रमुख पात्र म पात्र नै हो । स्वप्न चिन्तनमा यसको कथानक अगाडि बढेको छ । गौण रूपमा पदमबहादुर र चक्रबहादुर दुई जनालाई म पात्रले देखेको छ । डायस्पोरिक कथा भएकोले म पात्र अमेरिकामा बसेर पनि कथाको प्रारम्भदेखि अन्त्य सम्म नेपालकै गाउँ शहर र उकाली ओरालीमा नै घुमिरहन्छ । मुख्यतया यो कथा एउटै पात्रको सक्रियतामा आद्योपान्त संरचित छ ।

**(ग) सारवस्तु**

यस कथाको सारवस्तु नेपालबाट काम माम र दामका लागि विदेशिएका प्रवासी नेपालीहरूको यथार्थ चित्रण गर्नु नै हो । नेपाल छोडेर गए पनि उनीहरू आफ्नो देशलाई कहिल्यै भुलन सक्दैनन् । तन अमेरिकामा सुतिरहेहको हुन्छ । मन भने नेपालको आफ्नो गाउँठाउँमा घुमिरहेको हुन्छ । गाउँको पाखा पँधेरो बन जङ्गल हिमाल, पहाड र कलकल बग्ने खोलानालाहरू ती प्रवासी नेपालीको मनमा खेलीरहेको हुन्छ । तिनै स्मृतिविम्ब भनौं या स्वप्न विम्बका झिलकाहरू डायस्पोरिक मान्छेका कथा बनेर यस सङ्ग्रहमा गुञ्जिएका छन् । प्रवासी नेपालीले भोगेका दु:ख पीडा सन्त्रास र छटपटी, तिनैलाई प्रस्तुत गर्नु नै यस कथाको सारवस्तु हो ।

### (घ) दृष्टिविन्दु

यस कथामा प्रथम पुरुष⁄आन्तरिक केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ । म पात्रले आफ्नै कुराहरू नै कथामा प्रस्तुत गरेको छ । जीवनका घटना आफ्नै भोगाई र आफ्ना अनुभवहरूलाई प्रस्तुत गरेको हुँदा यो कथा आन्तरिक केन्द्रीय दृष्टिविन्दुमा रचना गरिएको कथा हो ।

### (ङ) भाषाशैली

यस कथामा सरल भाषाको प्रयोग छ । त्यो पनि मिठासपूर्ण छ । भाषा परिष्कृत छ । कथाकारले कथालाई प्रस्तुत गर्ने शैली नै विचित्रको छ । रोमाञ्चक शैलकिो प्रयोग पाइन्छ । पाठकलाई पढ्दाखेरि आफैं कता कता हराए जस्ता लाग्छ । पहिलो पहिलो पाठकलाई यस कथाको शैलीसँग परिचित हुन झ्याप्पै गाह्रो पर्छ । दोस्रो तेस्रो पटक पढ्दा खेरि पाठकलाई रिझाउने खालको भाषा शैलीको छनक देखिन्छ ।

यस कथामा केही स्थानीय र अनुकरणात्मक शब्दको प्रयोग भएको छ । जस्तै : डाँठहरू, लोस, मुन्टो, त्यस्तै अनुकरणात्मक शब्द - ड्याम्म, खितितिति, तडडररर, कुइय्याँ कुइय्याँ, स्वाट्ट आदि । त्यस्तै केही अङ्ग्रेजी शब्दको प्रयोग पाइन्छ । जस्तै - फरेन्ड ल्यान्ड, मदरल्यान्ड, हार्ट इम्प्लान्ट इलेक्ट्रिक रेकर्डिङ, कम्प्युटर, पेपर प्लेट, ब्याकहोम फ्रन्टहोम जस्ता केही बढी नै शब्दको प्रयोग पाइन्छ । त्यस्तै साङ्केतिक

चिहनको प्रयोग पनि पाइन्छ । समग्रमा यस कथामा भाषाशैली परिष्कृत र सहज सम्बेद्य नै रहेको छ ।

**निष्कर्ष**

**डायस्पोराको माान्छे** कथा होमनाथ सुवेदीको प्रवासमा बस्न बाध्य भएका नेपालीहरुको अन्तर्मनलाई केलाएर लेखिएको कथा हो । यस कथामा सूक्ष्म कथानक रहेको छ । कम पात्रको प्रयोग भएको छ । सरल भाषाशैलीमा प्रवासी नेपालीहरुको वेदनालाई यस कथामा व्यक्त गरिएको छ ।

### ४.४.२ 'म कस्तो हुँला' कथाको अध्ययन

**डायस्पोराको मान्छे** कथासङ्ग्रह भित्रको सातौं कथा हो, म कस्तो हुँला ?। यस कथामा एउटा डायस्पोरिक नेपाली व्यक्ति आफ्नो परिवार र आफ्ना काम गर्ने साथीहरूसित उपेक्षित हुन पुगेको घटनालाई प्रस्तुत गरिएको छ ।

(क) **कथानक**

म पात्र आफ्ना साथीहरु संग उपेक्षा गर्न चाहन्छ । किनभने डायस्पोरामा आफ्नै साथीहरू पनि उ सँग फाइदा लिन खोज्छन् त्यही अवस्थामा आफ्नी श्रीमती र आमाको कचकचले गर्दा उसलाई दिक्क लागेको छ । ऊ आफैं सोच्छ वास्तवमा म खराबी हुँ कि मेरा साथीहरू खराबी हुन् । उसले आफैलाई बुझ्न चाहेको छ । साथीहरू पनि जसको तलब धेरै छ उसले थोरै तलब भएको व्यक्तिलाई दास बनाउने र काम लगाउने प्रवृत्ति देखाउँछन् जुन यस कथाको म पात्रलाई मन पर्दैन । म पात्र स्वतन्त्रता चाहन्छ । एकान्त चाहन्छ तर न ऊ एकान्तमा बस्न सक्छ न उ स्वतन्त्र नै हुन सक्छ । यही कथानक रहेको यस कथाको विषयवस्तु अनुसार शीर्षक पनि सार्थक देखिन्छ ।

(ख) **चरित्रचित्रण**

यस कथामा म पात्र उसकी श्रीमती उसकी आमा, नरसिंह राव, माधव, एकनारायण कम्पनीको मालिक, रामु, झकबहादुर, महेश आदि रहेका छन् । यस

कथामा म पात्रकै प्रमुख भूमिका रहेको छ भने अन्य पात्रहरू सबै गौण पात्रका रूपमा देखिन्छन् ।

म पात्र मानसिक रूपले विक्षिप्त बनेको छ । ऊ शान्ति चाहन्छ तर यौटा न यौटा आएर उसलाई मानसिक तनाव दिइरहन्छन् । उ सबेको उपेक्षा गर्न चाहन्छ । ऊ अरूसँग मिल्न नसक्नुको कारण के हो ? म पात्र आफैं पनि बुझ्न सकेको छैन । ऊ एउटा शक्तिहीन मानव जस्तो प्रतीत हुन्छ । म पात्र बाहेक अन्य पात्रको प्रमुख भूमिका नभए पनि धेरै पात्रको प्रयोग यस कथामा भएको छ । चरित्रका दृष्टिले यो कथा सफल रहेको छ ।

## (ग) सारवस्तु

यस कथाको सारवस्तु डायस्पोराका नेपालीहरूको चित्रण गर्नु नै हो । डायस्पोरामा कतिपय नेपालीहरू पनि अरूको लहै लहैमा लागेर आफ्नै नेपालीलाई शोषण र दमन गर्ने पछि पर्दैनन् । सबै मानिसहरू आफ्नै स्वार्थ पूर्ति गर्न चाहन्छन् । त्यसैगरी उच्च तहमा पुगेको कर्मचारीले तल्लो तहको कर्मचारीलाई हेप्ने खालको प्रवृत्ति यस कथामा देख्न सकिन्छ ।

डायस्पोरिक जीवनमा अरू सँग मिल्नको लागि उनीहरूको दमन सहनुपर्ने, उनीहरूले अह्राएको काम गर्नु पर्ने र उनीहरूको सोझो गऱ्यो भने मात्र मिल्न सकिने, नत्र उनीहरूसँग मिल्न नसकिने कुरा पनि यस कथाले देखाउन खोजेको छ । म पात्र चुपचाप बस्छ तर उनीहरूको दमन सहन सक्दैन । उ स्वतन्त्रता चाहन्छ र उनीहरूको उपेक्षा गर्न चाहन्छ त्यसकारण ऊ अरूसँग मिल्न सक्दैन ।

डायस्पोरामा बस्ने नेपालीहरूका बीचमा पनि हेपाहा प्रवृत्ति बढेको छ । एकले अर्कालाई दमन गर्न खोज्छ । यस्ता प्रवृत्तिहरूको अन्त्य गरेर सबैलाई स्वतन्त्र रूपमा जीवन गुजार्न पाउने अवसर दिइनुपर्छ र डायस्पोरिक नेपाली सबै एक हुनुपर्छ भन्ने उद्देश्य यस कथाको रहेको छ ।

## (घ) दृष्टिविन्दु

यस कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ । म पात्र सँगै अन्य पात्रहरूको भूमिका रहेको छ । यसकथामा प्रयोग भएका सबै पात्रहरू कुनै न कुनै रूपमा म पात्र सँग सम्बन्धित छन् । म पात्र उनीहरू सँग मिल्न सकेको छैन । सबैले उसलाई सबै सँग मिलेर बस्ने गर । तँ एक्लै भइसकिस । अरू सब एकैतिर मिलेका छन् भन्ने अभिव्यक्तिले पनि म पात्र कसैसँग घुलमिल हुन नसकेको प्रष्ट हुन्छ । साथीहरूसँग घुलमिल हुन नसक्नुमा म पात्र आफु दोषी हो कि अरू दोषी हुन्, उसले बुझ्न सकेको छैन, त्यसकारण शीर्षक पनि म कस्तो हुँला भन्ने रहेको छ । म पात्रले आफ्नै कहानी भनिरहेको छ त्यसकारण आन्तरिक केन्द्रीय दुष्टिविन्दु रहेको छ ।

### (ङ) भाषाशैली

यो कथा भाषाशैलीका दृष्टिले सरल संवेद्य रहेको छ । अमेरिकमा बसेर पनि कथाकारले त्यति धेरै अङ्ग्रेजी शब्दको प्रयोग गरेका छैनन् । उनका कथामा तत्सम आगन्तुक शब्दको पनि उत्तिकै प्रयोग पाइन्छ । केही अनुकरणात्मक शब्द प्रयोगमा देखिन्छ । जस्तै : छक्क, ड्याङ्ग, खट्खट् आदि । त्यस्तै अङ्ग्रेजी शब्द डलर, सिट आदि । उनको कथा लेख्ने शैली परिष्कृत छ र पनि बुझिने खालको र संवृत भाषाशैली रहेको देखिन्छ ।

### निष्कर्ष

'म कस्तो हुँला' कथा यस कथासङ्ग्रहको प्रतिनिधि कथा हो । कथा तत्त्वका दृष्टिले हेर्दा कथानक शृङ्खला विहीन जस्तो लाग्छ । अन्य तत्त्वहरू भने सबल देखिन्छ । यस कथामा आफ्ना केही वैयक्तिक कारणले समाज तथा साथीहरू सँग मिल्न गाह्रो हुन्छ । त्यसमा पनि कसैले आफुमाथि दमन खार्न खोज्यो भने त्यसको प्रतिकार गर्दा मिल्न सकिंदैन । डायस्पोरिक जीवनबाट मुक्तिको चाहना राख्नु यस कथाको र कथासङ्ग्रहको समेत उद्देश्य रहेको छ ।

### ४.४.३ *मानकाजी किन मौन छ* कथाको विश्लेषण

यो कथा 'डायस्पोराका मान्छे' कथासङ्ग्रहमा सङ्कलित दशौं कथा हो । यस कथामा डायस्पोरामा बीसौं वर्ष काम गरिरहे पनि प्रमोशन नहुने र उल्टै त्यसको सजाय दिइएको यौटा नेपालीको चित्रण यस कथामा प्रस्तुत गरिएको छ ।

**(क) कथानक**

मानकाजी एउटा असल व्यक्ति हो । उसको राहदानी हराएको छ । ऊ मेरील्यान्डमा बस्छ । अमेरिका आएको बर्षौं भएको छ । ऊ ग्याँस स्टेशनमा काम गर्छ । डायस्पोरामा आएपछि उसले त्यहि काम गर्न थालेको हो । वर्षौं भयो उसको तलब पनि बृद्धि हुँदैन र प्रमोसन पनि कहिल्यै भएन ।ऊ स्वाभिमानी व्यक्ति हो । अरूको चाकडी गरेर ठूलो हुन लालच उसमा छैन तर उसले अपमान सहनुपरेकोले ऊ दुःखित छ र मौन छ ।उसले काम गर्ने ग्याँस स्टेशनको मालिक श्याम हो । उसको एउटा 'टम' भन्ने साथी छ । श्याम सेतो छ टम काले छ । रङ्ग बाहेको अरू सबै एउटै छ । एक दिन ग्यास स्टेशनमा टम आयो ग्याँस लिएर गयो । मानकाजी टम र श्यामीलाई देख्यो भने बेहोस हुन्छ । उसले अमेरिकामा ५२ घाटको पानी पिएको छ । त्यस कम्पनीमा उसले परिश्रमले काम गरेको छ । उसकै परिश्रमले कम्पनीले नाम कमायो, व्यापार बढ्यो तर उसको कहिल्यै प्रमोशन भएन । सुरुसुरुमा उसले निःशुलक पनि काम गऱ्यो ।

एकदिन मानकाजी (म पात्र) ले प्रमोसन र तलब बृद्धिको लागि निवेदन लेखेर दिएको थियो । धेरै दिन भयो कुनै जवाफ आएको थिएन । उसको प्रमोसन त कहाँ झन उल्टै उसको टाउको फुटायो । छ महिना पहिलेको घटना थियो त्यो । म पात्रको साथी डेभिड राती १ बजे गयो । उ एक्लै कम्पनीमा बसेको थियो । उसलाई एक नकाबधारीले अचानक आक्रमण गऱ्यो । मानकाजीले प्रतिकार गर्न खोज्यो उसले नकाब थोरै खोल्न सफल भएको थियो तर मान्छे चिन्न सकेन तर उसलाई त्यही टम जस्तो लाग्यो । ऊ बेहोस भयो । भोलीपल्ट उसले अपराधी माथि कारवाहीको माग गऱ्यो तर कुनै सुनुवाई भइन । त्यस दिन देखि उसले बोल्न पनि छाडेको छ ।उसले

काम छोड्न सेकेको छैन किनकि उसकी श्रीमती सुत्केरी छे साना बालबच्चा छन् । एकदिन काम छोडे भोकै मर्छन् । उसले नेपाली साथीहरू सँग के गरूँ कसो गरूँ भनी सोध्यो तर कसैले केही गरेन । उसले जो जो सँग सहयोगको अपेक्षा राखेको थियो । तिनीहरूबाट उसले कुनै सहयोग पाएन । उसले आफ्नो मानहानी भएको ठान्यो, बोल्नुको पनि कुनै अर्थ ठानेन । यदि बोलेर केही हुँदैन भने किन बोल्नु ? त्यसदिन देखि मानकाजी मौन भएको छ ।

## (ख) चरित्रचित्रण

प्रस्तुत कथामा मानकाजी (म पात्र) श्यामी टम, डेभिड आदि पात्रहरू रहेका छन् । मानकाजी यस कथाको प्रमुख पात्र हो भने श्यामी र टम सहायक पात्र हुन् । त्यसैगरी मानकाजी एउटा प्रवासी पात्र हो । ऊ रोजगारको लागि विदेशिएको आप्रवासी नेपाली हो । ऊ स्वाभिमानी छ । ढाँट छल कपट गर्न जान्दैन । यस कथामा ऊ सत्पात्रका रूपमा देखापर्दछ भने श्यामी र टम असत् या खलपात्र हुन् । डेभिड् र अन्य पात्रहरू गौण हुन् । मानकाजीले डायस्पोरिक नेपाली स्वाभिमानी युवाहरूको प्रतिनिधित्व गरेको छ । श्यामी र टमले अमेरिकी काला जाति र गोरा जातिका शोषक तथा लुटेराहरूको प्रतिनिधित्व गरेको छन् । डेभिड अमेरिकाकै भए पनि एउटा काम गर्ने गरीब वर्गको युवक हो । पात्रका दृष्टिले यो कथा सफल छ ।

## (ग) सारवस्तु

रोजगारका लागि अमेरिका पुगेका आप्रवासी नेपालीको यथार्थ चित्रण गर्नुका साथै उनीहरूको मुक्त आत्माको खोजी नै यस कथाको सारवस्तु हो । रोजगारी नपाएर बेराजगारीको र गरिबीको रेखामुनि पर्न बाध्य भएपछि अर्थोपार्जनका लागि विदेशिनु पर्ने नेपालीहरूको यो ठुलो बाध्यता हो । त्यहाँ गइसकेपछि नचाहँदा पनि आफ्नो परिवारलाई ल्याउनु पर्ने बाध्यता आइलाग्छ । परिवार सहित बसेको मानकाजीले त्यस्तै नेपालीको प्रतिनिधित्व गरेको छ । ऊ एकदिन काममा गएन भने परिवारको मुखमा माड पर्दैन । न उनीहरू तलब बृद्धि गराउन सक्छन् न त आफ्नो प्रमोसन गराउन नै । त्यसैका कारण उल्टै आफ्नो जिउज्यान जोखिममा पर्ने गर्छ । यिनै प्रवासीले भोगेका

वास्तविक पीडालाई कथाकारले यस कथामा पात्र मानकाजी मार्फत प्रस्तुत गरेका छन् र यही नै यस कथाको सारवस्तु हुन आउँछ ।

(घ) **दृष्टिविन्दु**

प्रस्तुत कथामा आन्तरिक केन्द्रीय दृष्टिविन्दु प्रयोग गरिएको छ । म पात्र मानकाजीकै जीवनमा यो कथा घुमेको छ । उसका पीडा र बाध्यतालाई नै कथाको विषयवस्तु बनाइएको छ । मानकाजी आफैंले आफ्ना जीवनका घटना बताइरहेको छ त्यसकारण प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको छ यस कथामा ।

(ङ) **भाषाशैली**

कथाकार होमनाथ सुवेदीको शैली धेरै कृतिको रचना भइसकेकाले पनि भाषामा सरलता र निख्खरता पाइन्छ । नेपाली भाषामा केही तत्सम शब्द केही आगन्तुक शब्द केही अङ्ग्रेजी शब्दको मिश्रण पाइन्छ । बुझ्नै नसकिने खालको भाषा उनले प्रयोग गरेका छैनन् । त्यसकारण यस कथाको भाषा पनि सरल छ र मीठो छ । कथालाई प्रस्तुत गर्ने उनको शैली पनि रमाइलो खालको छ । प्रायः स्वप्नवत लेखन तथा पूर्वस्मृतिको झलक दिने, अतीतमा डुब्ने र तत्काल वर्तमानमा उपस्थित हुने, यस प्रकारको लेखन सुवेदीका कथामा पाइन्छ ।

समग्रमा भन्नुपर्दा यस कथाको भाषाशैली सरल र सुस्पष्टका साथै सहज सम्वेद्य पनि रहेको छ ।

**निष्कर्ष**

प्रस्तुत कथा होमनाथ सुवेदीको 'डायस्पोराको मान्छे' कथासङ्ग्रहभित्रको दशौं कथा हो । यस कथामा प्रवासी नेपालीले डायस्पोरामा भोगेका दुःख पीडा र त्यहाँको सन्त्रासपूर्ण जीवनको यथार्थ चित्रण भएको छ । तन डायस्पोरामा भए पनि मन भने सपनामा पनि नेपालमै हुने र आफ्नै गाउँवेसीको चित्रण उपयुक्त कथामा पाइन्छ । डायस्पोरिक जीवनमा मानकाजीले भोगेका दर्दनाक पीडा नेपाली युवाकै वास्तविकता हो । जति नै राम्रो काम गरे पनि पश्चिमा गोरोछाला भएकाले नेपालीलाई माथि उठ्न दिँदैन र जहिले पनि दमन र शोषण नै गर्न खोज्छन् । यही यथार्थ नै यस कथाको

सारवस्तु हो । त्यसकारण डायस्पोराबाट मुक्त आत्माको खोजी गर्नु यस कथाको अर्को उद्देश्य हो ।

### ४.४.४. डायस्पोराको मान्छे कथासङ्ग्रहभित्र रहेका अन्य कथाहरूको संक्षिप्त अध्ययन

कथाकार होमनाथ सुवेदीको 'डायस्पोरखको मान्छे' (२०६८) कथासङ्ग्रह भित्र जम्मा १५ ओटा कथा समेटिएका छन् । यी मध्ये डायस्पोराको मान्छे म कस्तो हुँला, र मानकाजी किन मौन छ ? यी कथाको विश्लेषण गरिएको छ । यस सङ्ग्रहभित्रका सबैकथाहरू डायस्पोरिक विषयवस्तमा अधारित छन् । सबै कथाहरूको आयाम लगभग समान नै देखिन्छ । ती कथाहरू यस प्रकार छन् - **अन्त यात्रा, कथा छयासीको डायस्पोरामा, तँ असती, जन्म दिवस, कस्तो गति, म नै हुँ ल्यान्लोर्ड, म भित्रको नरक नाग ? नाता कुटुम्बको नकर, निर्णय, नेपालमा फोन गरैँ र साधन** । यी मध्ये '**अन्तः यात्रा** यस सङ्ग्रहको पहिलो कथा हो । यस कथामा म पात्र डायस्पोराको सुन्दर अमेरिकी संसारमा रमाएको छ । जहाँ खुला आकाश सुन्दर बगैंचामा छ नचाहेर पनि मानिस त्यो सुनको पिंजडा भित्र बन्दी हुन बाध्य भएको छ । यस कथाले धनेका खोजीमा प्रवासिएका नेपाली अमेरिकाको सुन्दर संसारमा हराएको र बाध्यताले आफ्नो मातृभूमि त्यागेर प्रवासको यात्रा गर्नु परेको वास्तविकतालाई देखाएको छ । कथा छयासीको डायस्पोरामा म पात्रको बुबा विदेशको रहन सहन मन नपरेकोले त्यहाँ बस्न नचाहेपनि घरमा सेवा गर्ने अर्को व्यक्ति नभएकोले छोराबुहारी सँगै अमेरिकामा बस्न बाध्य भएको यथार्थलाई देखाइएको छ । त्यस्तै अन्य कथाहरूमा विदेशमा जति नै सुखका साथ बसे पनि आफ्नो जन्मभूमिको याद रातदिन आइरहन्छ । सपनामा भए पनि नेपालीहरू आफ्नो मातृभूमिमा घुमिरहेका हुन्छन् । यी कथाहरूमा काम र मामको खोजीमा विदेशिएका नेपालीहरूको जीवनभोगाई पीडा र बाध्यतालाई पनि प्रस्तुत गरिएको छ । जतिवर्ष काम गरे पनि तलब नबढ्ने इमान्दार भएर काम गर्दा पनि अपजस आइरहने पुरस्कार नपाइने, अमेरिकी नागरिकहरूले आफुलाई दास बनाएको जस्ता दुःख भोगाई यी कथाहरूमा प्रस्तुत गरिएको छ । यसरी डायस्पोराको मान्छेको रहन, सहन, पीडा, बाध्यता र जीवन भोगाइलाई यस कथासङ्ग्रहमा कथाहरूमा

देखाइएको छ । सरल सहज र परिष्कृत भाषाको प्रयोग गरिएको छ । संस्कृत तथा केही प्रचलित अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिएको छ । डायस्पोरामा नेपालीहरूले भोग्नु परेका यथार्थलाई कथाकारले समग्र रूपमा प्रस्तुत गर्न खोजेका छन् । यो नेपाली साहित्यमा नयाँ आयाम बनेर भित्रिएको छ । त्यसकारण यस कथासङ्ग्रहलाई डायस्पोरिक साहित्यका रूपमा लिइएको छ ।

### ४.५ कथाकार ध्रुवलाल शर्माको 'यौटा कथाको कथा' कथा सङ्ग्रहको अध्ययन तथा विश्लेषण

कथाकार ध्रुवलाल शर्मा (२००६) म्याग्दी जिल्लामा बसेर निरन्तर साहित्य सेवामा लागि पर्ने व्यक्ति हुन् । उनका हालसम्म छ ओटा कृति प्रकाशित भइसकेका छन् । ती मध्ये उनको कथा सङ्ग्रह 'एउटा कथाको कथा' (२०६३) एक मात्र कृति हो । उनले आफु बाँचेको समाजबाट कथावस्तु ग्रहण गरी यथार्थवादी शैलीमा कथाको रचना गरेका छन् ।

यस कथा सङ्ग्रहमा जम्मा १५ वटा कथाहरू सङ्कलित छन् । ती मध्ये ऊ फेरि कहिल्यै फर्केन, पुनर्विवाह र श्रद्धाञ्जली यी तीन कथाको विश्लेषण गर्ने चेष्टा गरिएको छ । यस सङ्ग्रहमा सङ्कलित कथाहरू निम्नानुसार रहेका छन् ।

(१) दृष्टा र दृष्टि
(२) पीडा पखाल्ने पेय
(३) गुरूहरूको गोज्याउरी
(४) ऊ फेरि कहिल्यै फर्केन
(५) यौटा कथाको कथा
(५) बिन्ती
(७) पीडा भित्रको प्रण
(८) आज चेली भित्रिएकी छिन्
(९) श्रद्धाञ्जली
(१०) पुनर्विवाह
(११) फैसला
(१२) हाँडीभीर जस्तै महान् भएस्
(१३) शहीद सम्मेलन
(१४) कथा इतिहासको
(१५) आन्दोलन अभिनन्दन

उपर्युक्त कथाहरूमध्ये प्रमुख ३ ओटा प्रतिनिधि कथाको विश्लेषण गरिएको छ । (ऊ फेरि कहिल्यै फर्केन, श्रद्धाञ्जली र पुन र्विवाह)

### ४.५.१ 'ऊ फेरि कहिल्यै फर्केन' कथाको विश्लेषण

प्रस्तुत कथा 'यौटा कथाको कथा' कथासङ्ग्रह भित्र रहेको चौथो कथा हो । यस कथामा गरिब निम्न वर्गीय समाजको चित्रण गरिएको छ ।

**(क) कथानक**

जमानसिंह मनसराको एक्लो सन्तान हो । उ जन्मेपछि ऊ मूल परेको हुँदा ज्योतिषीले बाबुछोरा सँगै बस्न नहुने भनेपछि त्यही विश्वासमा उसले गाउँछोडेर अन्यत्र गएको छ । उसले घर छोडेको दुई तीन वर्ष भित्रैमा तराईको औलो ज्वरोले खाएर रामवीरको मृत्यु भयो । यता मनसरा जिउ ज्याउनको बलले संघर्ष गरेर जमानेलाई हुर्काई रहेकी छे । अब उसको सहारा जमाने मात्रै छ । ग्रामीण निम्न वर्गीय परिवार, नजिकै स्कुल नभएकोले जमानेले पढ्न पनि पाएन । पञ्चायत कालको समय आफ्नो बच्चा जोगाएर हुर्काउन पनि गाह्रो थियो जसरी तसरी जमाने हुर्कियो । उसले गाउँमै एउटी गुरूङकी छोरी सुन्तली सित प्रेम विवाह गऱ्यो । एक वर्षपछि उसको सुत्केरी हुने बेला आयो । घरमा खर्च नभएकोले जमाने खर्चको जुगाड गर्न स्याङ्जा तर्फ लाग्यो । त्यसबेला विदेशीले केही सड्न लागेको अन्न नेपालका गरीबीलाई बाँड्नको लागि दिएको रहेछ । पञ्चायत समयका ती हाकिम कर्मचारीले अधियाँ बाहेक पनि आफुलाई दुई दुई पाथी छुट्याएर मात्र दिन निर्णय गरे । केही मान्छेले त्यसै गरे र घर पनि अलिकति लगेर फर्किए । जमाने जस्तै केही युवकले ती कर्मचारीलाई विनसित्ति किन दिने ? भन्दै विरोध गरे । एकछिनमै चर्काचर्की भयो । उनीहरू जेल परे । धेरै वर्ष भयो पञ्चायत कालमा जेल परेका जमानेका धेरै साथीहरू छुटेर गए र जमाने र आइते भने आफुसँग पैसा पनि नभएकोले छुट्न सकेनन् । धेरै राजनीतिक परिवर्तन भए । पञ्चायत पछि बहुदल आयो प्रजातन्त्र आयो । तर उनीहरूलाई कसैले छुटाएन । पछि त्यही उसको मृत्यु भयो । यता घरमा आमा र सुन्तली उसकै प्रतीक्षामा आज सम्म बाँचेका छन् । मनसरा त बुढी भइन् उसलाई

एउटै धोको छ जमानेलाई एक चोटि हेरेर मनै । उनी बिरामी भएकी छिन् । क्यान्सर लागेको छ । धेरै समयदेखि काललाई पर्खिएकी मनसरालाई काल लिन आएछ क्यारे । उनलाई ठिक नै भएन । रोगले झन चाप्दै गयो । एकदिन मनसराको गोडामा सुन्तली बसेकी थिई । नातिनी सम्झना पनि आडैमा थिई । हुलाकीले चिठी ल्यायो । सम्झनाले चिठी खोलेर पढ्दै गई विचमा जमानेको गोली लागेर मृत्यु भयो भन्ने खबर सुनेपछि सुन्तली त्यहीँ ढली । मनसराको सायद जमानेको प्रतीक्षामा नै प्राण अडेको थियो क्यारे, एकछिन मै किक्लिक किक्लिक गर्न थालिन् । सम्झनाको हात समाइन् र सासले भनिरहेकी थिइन् ऊ फेरि कहिल्यै फर्किएन । यही वाक्य दुई तीन पटक भनिरहिन र प्राण त्याग गरिन् ।

यस कथाको कथानक शृङ्खला मिलेको छ । आदि मध्य र अन्त्य मिलेको छ । कथानक दुःखान्तमा टुङ्गिएको छ ।

**(ख) चरित्र**

प्रस्तुत कथामा मनसरा, रामवीर, जमानसिंह, सुन्तली सम्झना, आइते र अन्य हाकिम कर्मचारीहरू पात्रका रूपमा आएका छन् । यस कथामा मनसरा प्रमुख पात्र हो भने जमाने र सुन्तली तथा छोरी सम्झना सहायक पात्र हुन् । अन्य गौण पात्र हुन् । पञ्चायतकालको समयमा गरीब जनताहरूलाई ठुलाबडाले शोषण र दमन गर्थे । गाउँघरमै कुटो कोदालो गरेर बिहान बेलुकी छाक टार्ने नेपालीलाई मीठो खान र राम्रो लाउन त दशैं तिहार नै कुर्नुपर्छ । पति साथमा नहुँदा उसलाई छोरो हुर्काउन साह्रै गाह्रो भयो । मनसराको परिवार सबै परिश्रमी छन् । उनीहरू सत् पात्रका रूपमा कथामा प्रस्तुत भएका छन् । त्यसैगरी हाकिम कर्मचारहिरू असत् पात्रका रूपमा देखिन्छन् । चरित्र चित्रणका दृष्टिले 'ऊ फेरि कहिल्यै फर्केन' कथा सफल देखिन्छ ।

**(ग) सारतत्त्व**

प्रस्तुत कथाको सारतत्त्व पञ्चायतकालीन निरङ्कुश शासनको विकृति र विसङ्गतिलाई देखाउनु हो । त्यसैगरी परम्परित अन्ध विश्वास र रूढिवादी प्रति व्यङ्ग्य गर्नु पनि हो र अन्तरजातीय विवाहलाई प्रश्रय दिनु हो । यो कथा सामाजिक

यथार्थवादी कथा हो । वास्तवमा गरीब जनतालाई जुन तन्त्र आएपनि न्याय नदिने राजनीति प्रति पनि तीव्र व्यङ्ग्य प्रहार गरिएको छ । समग्रमा नेपालको राजनीतिक परिवर्तन विभिन्न  समयमा भइराखेका छन् तर जनताले चाहनालाई बुझेर जनताको हितको लागि कसैले पनि काम गरेका छैनन् । यसको यथार्थ जमाने जेलबाट नछुट्नुले प्रष्ट पारेको छ । नेपाली गरीब जनताको दुःख र पीडाको यथार्थ प्रस्तुत गर्नु यस कथाको सारवस्तु हो ।

**(घ) दृष्टिविन्दु**

यस कथामा बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग गरिएको छ । लेखकले कथामा उपस्थित भएका पात्रहरूको बानी ब्यहोरा र तिनका सम्पूर्ण क्रियाकलापलाई जानेको छ यानी परिचित छ त्यसकारण तृतीयपुरुष सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको छ ।

**(ङ) भाषाशैली**

यस कथामा सरल भाषाको प्रयोग गरिएको छ । केही स्थानीय भाषाको प्रभाव छ भने त्यसमा अझ अनुकरणात्मक शब्दले कथालाई सुन्दर बनाएको छ । सामान्यतः सरल र सुवोध्य गद्यशैलीको प्रयोग गरिएको यस कथामा संवृत रूपविन्यासको प्रयोग गरिएको छ ।

**निष्कर्ष**

ऊ फेरि कहिल्यै फर्केन कथा 'यौटा कथाको कथा' कथा सङ्ग्रहको प्रतिनिधि कथा हो । ग्रामीण जनजीवनलाई विषयवस्तु बनाएर लेखिएको यस कथामा ग्रामीण तथा केही शहरिया परिवेशको समेत चित्रण गरिएको छ । पञ्चायतकालको समयलाई दृष्टिगत गरी लेखिएको यो कथा सामाजिक यथार्थवादी कथा हो ।

### ४.५.२ 'श्रद्धाञ्जली' कथाको विश्लेषण

कथाकार ध्रुवलाल शर्माद्वारा रचित श्रद्धाञ्जलि कथा 'यौटा कथाको कथा' कथा सङ्ग्रहमा सङ्कलित नवौं कथा हो । यस कथामा सरकारी कर्मचारहिरूमा देखिएको अराजकता र ठुला कर्मचारीले सना कर्मचारीलाई दमन गर्ने प्रवृत्तिको यथार्थ चित्रण गरिएको छ ।

**(क) कथानक**

कर्णध्वज पालिखे जिल्ला शिक्षा कार्यालयको पिए हो । उ इमान्दार कर्मचारी हो । त्यही पिएको जागिरले आफ्नो परिवार धानेर बसेको छ । ऊ गरीब छ । उसको घर गाउँमा पर्छ उ बिहान घरबाट खाना खाएर बजारमा अफिसमा आउँछ र बेलुकी घर जान्छ । यसरी उसले थोरै तलबले पनि परिवार धानेकै छ । उसकी आमाले त्यो कार्यालयमा आफ्नो छोरो पिउन भएकोले खुब काम गर्थी । केही समय पछि उसकी आमा बिरामी भएकी छे । उसले धेरै पटक त्यहाँको जि.शि.अ.सित केही दिनको बिदा मिलाउन आग्रह गरेको छ । अरू सबै कर्मचारी पटक पटक बिदामा बस्छन् । उ भने आफ्नी आमा बिरामी हुँदा पनि बिदा पाएको छैन । आफ्नी आमा सिकिस्त हुन थालेपछि उसले केही पैसा माग गरेको छ तर हाकिमले उसलाई पैसा पनि दिएको छैन । धेरै पटक आग्रह गर्दा पनि सुनुवाइ नभए पछि उसले जागिर छोडेर भए पनि आमालाई उपचारका लागि काठमाडौं लाने विचार गऱ्यो । उसले घरमा भएका भैंसी बाख्रा अन्य सबै चीज बेचेर जम्मा जम्मी ३५ हजार बनाएर आमालाई काठमाण्डौं लिएर आयो । काठमाण्डौंमा धेरै अस्पतालमा उसले चेक गरायो । सबैले अप्रेसन गर्नुपर्छ भने र त्यसका लागि एक लाख रुपियाँ पहिले नै जम्मा गर्नु पर्ने बताए । उसले आफुलाई धिक्कार्न थाल्यो । आफुलाई जन्म दिने आमालाई उसले चाहेर पनि बचाउन सकेको छैन । उसको पीडा आमाले बुझ्िन् र उ आमाको गोडामा बसेको बेलामा आमाले भो बाबु मलाई घर लैजाऊ । म अप्रेसन गर्दिन भनिन् । उसले केही औषधि किन्यो र घरमा लिएर आयो । त्यसपछि दुइचार दिन भित्र नै आमाको मृत्यु भयो ।

हाम्रो समाजमा बाँचुन्जेल सबैले बेवास्ता गर्छन् । मरेपछि भने सबैले चासो दिन्छन् । जे भए पनि 'बाँचे जन्त मरे मलामा' भन्ने परम्परा भएकोले उसकी आमाको मलामी गाउँभरका सबै गए र अफिसको हाकिम श्यामभक्त मानन्धर पनि गएको थियो पालिखेले दागबत्ती दियो, उसका छोराहरूले पानी चढाएर श्रद्धाञ्जली दिए पछि सबै मलामीले पानी चढाएर श्रद्धाञ्जली दिन थाले । त्यसै क्रममा श्यामभक्त मानन्धर पनि हातमा पानी लिएर श्रद्धाञ्जली दिन लागेको थियो । पालिखेले रोक्नुस् ! खबरदार मेरी आमाकोलासमा पानी चढाएर मेरी आमालाई अपवित्र नपार्नुस् । भन्दै रोक्यो र भन्यो । तपाई जस्ता पापीले गर्दा मेरी आमाको ज्यान गयो । तपाईले अलिकति पनि सहयोग गरेको भए मेरी आमाको ज्यान बच्थ्यो । तर त्यति पनि गर्न नसक्ने तपाई जस्तो पापीलाई मेरी आमाको शवमा श्रद्धाञ्जली गर्ने कुनै अधिकार छैन भन्यो । उ लाजले भुतुक्क भएर छेउ लाग्यो । त्यसै समयमा पालिखेले एउटा पत्र पढ्यो । जुन आमाको श्रद्धाञ्जलीको बारेमा लेखिएको थियो । त्यसपछि अर्को पत्र पढ्यो । आफ्नी आमालाई हाकिमले सक्ने पहल पनि नगरेकोले आजै देखि जागिरबाट राजीनामा दिएको घोषणा गऱ्यो । आफ्नी आमाको सम्झनामा छात्रछात्रहरूको लागि २१ हजारको अक्षयकोषको स्थापना पनि गऱ्यो । सबै मलामी त्यसपछि घर फर्के श्यामभक्त मानन्धर पहिले नै लुकेर भागिसकेछ ।

यस कथाको कथानक शृङ्खलित छ । कथानक आदिबाट शुरू भएको छ र शृङ्खलित रूपमा अन्त्य भएको छ । यस कथामा ग्रामीण परिवेश तथा शहरिया परिवेश म्याग्दी बेनी काठमाण्डौं आदि रहेको छ ।

### (ख) चरित्र चित्रण

श्रद्धाञ्जलि कथामा कर्णध्वज पालिखे उसकी आमा मनसरा, हाकिम श्यामभक्त मानन्धर र अन्य मलामीहरू रहेका छन् । यस कथाको प्रमुख पात्र कर्णध्वज पालिखे हो । सहायक श्यामभक्त हो भने अन्य गौण पात्र हुन् । पालिखे एउटा इमान्दार कर्मचारी हो । ऊ आफ्नै परिश्रममा अडिग छ । लोभी लालची गर्ने बानी छैन । ऊ एक जुझारू र संघर्ष शील पात्र हो । हाकिमले पैसा नदिए पछि म पनि तेरो जागिर

खान्न भन्दै हप्की दप्की दिएर हिंडेको छ । ऊ स्वाभिमानी व्यक्तिको प्रतिनिधि पात्र हो । त्यसैगरी उसकी आमा मनसरा पीडित कर्मचारीको पीडित अभिभावक हो । श्यामभक्त भने आफुभन्दा तल्लो तहका कर्मचारीलाई शोषण दमन गर्ने असत् पात्र हो । यसले सरकारी हाकिमतन्त्र जमाउने कर्मचारीको प्रतिनिधित्व गरेको छ । पात्र र चरित्रका दृष्टिले यो कथा सफल रहेको छ ।

(ग) **सारवस्तु**

श्रद्धाञ्जलि कथा सामाजिक यथार्थवादी कथा हो । यस कथामा मान्छेको देखावटी पन प्रति असन्तोष प्रकट गरिएको छ । कुनै पनि कार्यालयका माथिल्लो वर्गका कर्मचारीले मनपरी बिदा लगायत अन्य सुविधाहरू लिने तर तल्लो वर्गका कर्मचारीहरूलाई सेवा सुविधाबाट बञ्चित गर्ने प्रवृत्ति वा हाकिमतन्त्रको पर्दाफास गर्नु नै यस कथाको सारवस्तु हो । पैसाको अभावमा आमाको उपचार गर्न नसके पनि आमा बितेपछि श्यामभक्तलाई श्रद्धाञ्जलि दिन रोक लगाएको छ र उसकै अगाडि आमाको नाममा रु २१ हजारको अक्षयकोष स्थापना गरी गरीब र जेहन्दार छात्रहरूको लागि ब्याजबाट सहयोग गर्ने निर्णय गरेको छ । यसबाट सच्चा मानिस कर्तव्य र स्वाभिमानी हुन्छ भन्ने कुरा प्रस्ट पार्दछ ।

समग्रमा सरकारी तथा निजी कार्यालयहरूमा देखिएको कर्मचारीतन्त्र वा हैकमवादको तीव्र विरोध गर्नु यस कथाको प्रमुख उद्देश्य हो ।

(घ) **दृष्टिविन्दु**

यस कथामा तृतीय पुरूष सीमित दृष्टिविन्दुको प्रयोग भएको छ । उ पात्रले गरेको सम्पूर्ण क्रियाकलाप व्याख्याताले भनेको छ । उसको कर्णध्वजको मानसिक संसारको विचरण गरिएको छ पालिखेले गरेका कामहरू व्याख्याताले प्रस्तुत गरेकाले यहाँ बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

### (ङ) भाषाशैली

यस कथाको भाषाशैली सरल सहज र सुवोध्य छ । बीचबीचमा केही सूक्ति जस्ता वाक्यले कथामा मिठास थपेको छ । कतै शान्त अवस्थामा कथा प्रस्तुत गरिएको छ भने कही रोषको भाव पनि प्रकट हुन्छ । अथवा कथाको मर्म अनुसार भाषाको पनि उपयुक्त प्रयोग भएको छ ।

### निष्कर्ष

श्रद्धाञ्जली कथा म्याग्दी जिल्लाको ग्रामीण भेग र वेनी बजारको परिवेशलाई चित्रण गरी लेखिएको छ । यस कथामा गाउँका निम्नवर्गीय पिएन सरहका कर्मचारीलाई माथिल्लो ओहोदाका कर्मचारीहरुले गर्ने व्यवहारप्रति तीव्र व्यङ्ग्य गरिएको छ ।

## ४.५.३ 'पुनर्विवाह' कथाको विश्लेषण

### (क) कथानक

यस कथामा पुरुषले जस्तै नारीले पनि दोस्रो विवाह गर्न पाउनु पर्ने धारणा राखिएको छ । यो कथा 'यौटा कथाको कथा' कथा सङ्ग्रहभित्रको दशौं कथा हो । कथाको विषयवस्तु धीरज रेखा र गीताको चरित्रमा केन्द्रित छ । धीरजले रेखा निसन्तान भएको बहानामा दास्रो विवाह गर्न तयारी गरेको छ । विवाहको लागि धीरजकी आमा र ब्राह्मण रामदासले व्यवस्था मिलाएका छन् । नव दुलही रोशनी पनि उपस्थित छिन् । बागलुङ कालिका माईको मन्दिरमा विवाह हुन लागेका थाहा पाएर धीरजकी बहिनी गीताले स्कुलका शिक्षक विद्यार्थी सबैलाई मन्दिरमा लिएर आएकी छे । धीरजले आफ्नो विवाहमा धाँधली हुने सम्भावना देखेर जेम्सको गुण्डाको टोलीलाई बोलाएको छ । धीरज रक्सी खाने जँड्याहा व्यक्ति हो् । दाजुको विवाह हुन लाग्दा गीताले बाहुनलाई घचेटेर एकातिर पन्छाई । त्यसैगरी आफ्नी आमालाई निर्दयी नारी भन्दै गाली गरेकी छे । त्यसैगरी दाजुसँग झगडा गर्छे र भन्छे । "यदि तपाइले दोस्रो विवाह गर्नुहुन्छ भने रेखा भाउजुले पनि अर्को विवाह गर्न पाउनुपर्छ" भन्छे । नवदुलही रोशनीलाई आफ्नी आमा र दाजु दुवै खराब नियति भएकाले होसियार सित कदम चाल्नु होला भन्दै सम्झाउँछे । यता रेखाको आफ्नै सर भन्ने विवाहित पुरुष

लक्ष्मणसित विवाह गराइदिन्छे र भन्छे "जहाँ जहाँ नारीप्रति अन्याय हुनेछ त्यहाँ यी मुट्ठी हाजिर हुनेछन् भन्दै लक्ष्मण-रेखाको विवाह आफैले माला लगाइदिएर सम्पन्न गराउँछ ।

कथा रोचक र शृंखलित छ, आरम्भ विकास र उपसंहारको क्रम पनि उपयुक्त रहेको छ । यो नारीवादी कथा हो ।

**(ख) पात्र/चरित्र**

यस कथाकी प्रमुख पात्र गीता हो भने गीताकी आमा धीरज र रेखा सहायक पात्र हुन् । अन्य पात्रहरू जस्तै - ब्राह्मण, रामदास, रोशनी र लक्ष्मण पनि सहायक नै हुन् । बाँकि स्कुलका विद्यार्थी अन्य शिक्षकहरू, गुण्डाहरू र जन्ती गौण पात्र हुन् । यो कथा बहुलपात्र भएको कथा हो ।

गीता नारी अत्याचार विरूद्धको संघर्षमा उभिउकी क्रान्तिकारी पात्र हो । ऊ सत्पात्र हो । त्यसैगरी गीताकी आमा र धीरज असत् पात्र हुन् । अन्य रोशनी र रेखा परिस्थिले डोऱ्याएका निरीह पात्र हुन् । यो कथा पात्रका दृष्टिले सफल र सबल कथा हो ।

**(ग) सारतत्त्व**

पुनर्विवाह कथाको सारतत्त्व भनेको पुरुषहरूले पुनर्विवाह गर्न सक्छन् भने नारीले पनि पुनर्विवाह गर्न पाउनुपर्छ भन्ने नै हो । कथाकार नारीप्रति सचेत छन् । नारी दमन शोषण र अत्याचार विरूद्ध कथा मार्फत तीव्र विरोधको ज्याला दन्काएका छन् । उनका प्रायः कथा नारीवादी छन् । यस कथामा गीतालाई एउटी क्रान्तिकारी नारीको रूपमा प्रस्तुत गरेर नारीको पुनर्विवाह सम्पन्न गराएका छन् । नारीमाथि अन्याय हुनुको अर्को कारण स्वयं नारी नै हो । उही नारीले आफ्ना छोरीलाई र बुहारीलाई एकै दृष्टिले हेर्न नसक्नु बुहारीलाई हेप्नु जस्ता प्रवृत्तिले नारीमाथि नारीले नै अन्याय गरेको छ भन्नेकुरा प्रष्ट हुन्छ । यस्ता प्रकारका कुनै पनि अन्याय अत्याचार नारीमाथि नहोस् र पुरुषले जस्तै नारीले पनि आफ्नो बाटो रोज्न पाउनुपर्छ भन्ने यस कथाको सारवस्तु रहेको छ ।

### (घ) दृष्टिविन्दु

यस कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ । उ पात्र मार्फत कथानक अगाडि बढेको छ । त्यहाँ भित्र आन्तरिक दृष्टिविन्दु पनि प्रयोग भएको छ । गीतालाई वीचवीचमा प्रथम पुरुष दृष्टिविन्दुमा कथाकारले उभ्याएका छन् भने कतै तृतीय पुरुष दृष्टिविन्दुमा उभ्याएका छन् ।

समग्रमा यस कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

### (ङ) भाषाशैली

यस कथाको भाषा सरल छ । त्यस्तै सूत्रात्मक तथा आलङ्कारिक भाषाको प्रयोग पनि भएको छ । माघको स्यालले पुषको कुरा गर्ने, कुकुरलाई घिउ नपचेको, जस्ता वाक्यको प्रयोग छ त्यस्तै ड्वाँड्वाँ जस्ता अनुकरणात्मक शब्दको प्रयोगले कथा अझ रसिलो बन्न पुगेको छ । पात्रको अवस्थानुसार भाषाको शैली पनि त्यस्तै प्रकारले प्रयुक्त गरिएको छ । कथाको रूपविन्यास संवृत रहेको छ ।

### निष्कर्ष

पुनर्विवाह कथा ध्रुवलाल शर्माको नारी विद्रोहको स्वर उराल्ने एउटा सशक्त नारीवादी कथा हो । पुरुषले जस्तै नारीले पनि पुनर्विवाह गर्न पाउनुपर्छ भन्ने परिवर्तनकारी स्वर यस कथाले अभिव्यक्त गरेको छ । नारीमाथि हुने गरेको अन्याय अत्याचार बन्द हुनुपर्छ र नारीले पनि आफ्नो बाटो रोज्न पाउनु पर्छ भन्ने सशक्त आवाज यस कथाले उठाएको छ ।

## ४.४.४ अन्य कथाहरूको संक्षिप्त अध्ययन

कथकार ध्रुवलाल शर्माका कथाहरू सामाजिक यथार्थवादी छन् । आफू बाँचेको साजमाबाट कथावस्तु ग्रहण गरी सुहाउँदो पात्रको प्रयोग गरेर कथा लेख्छन् शर्मा । एउटा कथाको कथा कथासङ्ग्रह भित्रको पहिलो कथा **द्रष्टा र दृष्टि** हो । यसकथामा ठूलाबडा भनाउँदा मानिसमा मानवता पाइँदैन बरु साना दुःखी मान्छेप्रति मानवताको भाव हुन्छ भन्ने कुरा यस कथाले देखाएको छ । **'पीडा पखाल्ने पेय'** कथामा आफ्नै

जीवनदेखि अघाएर नसामा डुब्ने हीन मानसिकता भएका व्यक्तिःको जविनचर्याको चित्रण गरिएको छ । **'गुरूहरूको गोज्याउरी'** कथामा शिक्षा क्षेत्रमा भित्रिएका विकृतिहरूको उजागर गरिएको छ । शिक्षकहरूले विद्यालयमा भन्दा ट्युसनतिर बढी प्राथमिकता दिनाले शिक्षाको गुणस्तर खस्किएको देखाइएको छ यस कथामा । **'यौटा कथाको कथा**' बाट कथासङ्ग्रहको नाम राखिएको छ । नेपालमा वीर पुर्खाका सन्तानको नालायकीपनले देशको राष्ट्रियता र स्वाभिमानलाई धरासायी बनाउँदै लगेकोमा राष्ट्रभक्त नेपालीको आत्मामा परेको चोटलाई धरासायी बनाउँदै ल्गेकोमा राष्ट्रभक्त नेपालीको आत्मामा परेको चोटलाई यस कथामा देखाइएको छ । '**बिन्ती**' कथाले माओवादी द्वन्द्वकालमा नेपाली जनताका छोराछोरीहरूमा पर्न गएको प्रभावलाई यस कथाले प्रस्तुत गरेको छ । 'आज चेली भित्रिउकी छिन्' कथाले चेलीबेटी बेचविखन विरूद्ध आवाज उठाएको छ । गाउँकै गुण्डाहरू मिलेर चेलीबेटीलाई बम्बइ पुऱ्याएका छन् । केही नेपाली सज्जनले चेलीलाई सकुशल घरमा ल्याइदिएपछि ती गुण्डाहरूको भण्डाफोर भएको छ । **'फैसला'** कथाले अन्तरजातिय विवाहलाई महत्त्व दिएर सामाजिक परिवर्तनको सन्देश दिएको छ । यस कथाले कानुनी मान्यतानुसार उर्मिला र पर्थिवको विवाह गराएको छ । **'हाँडीभीर जस्तै महान् भएस्'** यो कथा सहरी सभ्यता र सरकारी कामकाजमा अनियमिततालाई व्यङ्गमा गरिएको कथा हो । जिल्ला शिक्षा कार्यालय म्यागदीले कार्यालयका लागि जग्गा खरिद गर्दाको भ्रष्टचार र अनियमिततालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । शही सम्मेलन कथामा नेपालमा विभिन्न समयमा भएका आन्दोलनमा बलिदान दिएका सहिदप्रति राजनीतिज्ञहरूले गरेको वेवास्तालाई प्रस्तुत गरिएको छ । **आन्दोलन अभिनन्दन** कथामा आन्दोलनका क्रममा आफ्नो स्वार्थपूर्तिमा लाग्ने र आन्दोलनपछि परिस्थितिको फाइदा उठाउने कार्यमा अग्रसर हुने अवसरवादी चरित्रहरूलाई नङ्ग्याउने प्रयास गरिएको छ ।

यस **एउटा कथाको कथा** कथासङ्ग्रहमा सामान्यतया निम्न मध्यम वर्गीय पात्रको प्रयोग गरिएको छ । त्यसैगरी आर्थिक सामाजिक र शैक्षिक स्तर असमान भएका विविधताले युक्त चरित्रको चित्रणले गर्दा कथामा यथार्थ झल्किएको छ । सामाजिक ग्रामीण परिवेश भएकाले त्यही अनुसारका मिल्दा पात्रको प्रयोग गरिएको

छ । परिवेशका दृष्टिले प्रायः म्याग्दीको ग्रामीण तथा बेनीबजारको चित्रण छ भने अन्य पाल्पा, गोरखा, काठमाण्डौं, नेपालगञ्ज जस्ता शहरी क्षेत्रको पनि चित्रण गरिएको छ ।

प्रस्तुत कथासङ्ग्रहमा प्रथम पुरुष तथा तृतीय पुरुष दुवै दृष्टि विन्दुको स्वभाविक प्रयोग छ । प्रथम पुरुष दृष्टिविन्दु प्रयोग भएको कथामा प्रायः परिधीय दृष्टिविन्दु रहेको छ भने तृतीय पुरुष दृष्टिविन्दु प्रयोग भएका कथाहरूमा प्रायः सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

भाषाशैलीका दृष्टिले कथाकार शर्माका कथा सरल र मिठास आउने खालको भाषा छ । उनको भाषामा स्वाभाविकता पाइन्छ । केही तत्सम तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको छ । सामान्य व्यक्तिले पनि पढ्न सक्ने र बुझ्न सक्ने सरल सहज भाषाशैलीको प्रयोग गर्नु उनको विशेषता नै हो ।

ध्रुवलाल शर्माका कथाहरू सामाजिक पृष्ठभूमिमा लेखिएका छन् । मानिस विवेक शुन्य हुँदै गएकाले उनले आफ्ना कथाका माध्यमबाट सचेत सामाजिक र राष्ट्रिय भावना भएको व्यक्ति बनाउन र व्यक्तिको चरित्रको विकास गराउन खोजेका छन् । उनका सबै कथा कुनै न कुनै रूपमा सन्देश मूलका छन् ।

## ४.५ कथाकार बानियाँ कान्छाका बाल कथासङ्ग्रहहरूको संक्षिप्त अध्ययन

कथाकार बानियाँ कान्छा (कर्णबहादुर बानियाँ) २०१२ का ३ ओटा बालकथासङ्ग्ह रहेका छन् । ती बालकथासङ्ग्रहको संक्षिप्त अध्ययन यहाँ गर्न खोजिएको छ ।

### ४.५.१ अटेरी चल्लो (बाल कथासङ्ग्रह २०४४) को अध्ययन

कथाकार बानियाँ कान्छाको **अटेरी चल्लो** प्रथम प्रकाशित कथासङ्ग्रह हो । यो वि.सं. २०४४ मा पुस्तकको रूपमा आएको हो । यस सङ्ग्रहमा कथाकारले बालबालिकाको स्वभाव, समस्या र क्रियाकलापाई मुख्य आधार मानेका छन् । बालबालिका सम्बन्धी विभिन्न सामाजिक शैक्षिक पौराणिक तथा ऐतिहासिक विषयलाई कथाको मुख्य विषयवस्तु बनाइएको छ । प्रस्तुत कथाको मुख्य विषयवस्तु बनाइएको

छ । प्रस्तुत कथासङ्ग्रहमा बालबालिका सँधै असल र राम्रो काममा लाग्नुपर्छ । बालबालिकाले अटेरी गर्नु हुन्न । उनीहरूलाई असल व्यक्तिको मात्र संगत गर्न दिक पर्छ । कुनै पनि नकारात्मक प्रभाव पर्न दिनुहँदैन । साथीभाइसित झगडा गर्नु हुँदैन । त्यस्तै बालबालिकाको हित, कल्याण सेवा सहयोग, स्वभाव, समस्या र क्रियाकलापसित प्रत्यक्ष सम्बन्ध प्रस्तुत गरिएको छ । यहाँ कथाकारले बालबालिकालाई भविष्यको सुन्दर फुलको कल्पना गरेका छन् । पात्र विधानका दृष्टिले हेर्दा यस कथासङ्ग्रहमा अधिकांश पात्र ग्रामीण परिवेशबाट लिइएको छ । आफ्नै गाउँठाउँका परिवेश सुहाउँदो पात्रको चयन गरिएको छ । भीष्म शन्तनु पृथ्वीनारायण जस्ता पौराणिक र ऐतिहासिक पात्र प्रयोग हुनुका साथै चितुवा कुकर कुखुरा स्याल आदि मानवेतर पात्रको पनि प्रयोग यस सङ्ग्रहमा देखिन्छ । यस सङ्ग्रहमा क्षीण संवादको प्रयोग छ र निजात्मक शैलीमा लेखिएको छ । सरल र सहज भाषाको प्रयोग भएको छ । केही स्थानीय भाषाको प्रयोग भएको छ । (खिसिट्युरी, फेक्टा, तोरीराख्थे, तोपेर दफनिन्थे पृ. ३०) आदि ।

समग्रमा अटेरी चल्लो कथा सङ्ग्हको विषयवस्तु अनुसार पात्र विधान परिवेश विधान भाषाशैली स्तरीय देखिन्छ । वर्णनात्मक तथा व्याख्यात्मक शैलीमा लेखिएको यस कथासङ्ग्रहमा कतैकतै वाक्य गठनमा अस्पष्टता देखिन्छ ।

### ४.५.२ एक अनौठो जङ्गल (वाल कथासङ्ग्रह २०४९) को अध्ययन

बानियाँ कान्छाको एक अनौठो जङ्गल (२०४९) दोस्रो प्रकाशित बालकथासङ्ग्रह हो । यस सङ्ग्हमा जम्मा सातओटा बालकथाहरू सङ्कलित छन् । जुन यस प्रकार छन् । छट्टु स्याल, जुलुङ्गो र फुच्चे फ्याउरो, परेवाको जोडी, ढाडे बिरालो, मोटे डमरु र जम्बु मन्त्री जन्तरु र मन्तरु लखन र मखन शीर्षकका सातओटा कथा छन् र यस सङ्ग्हमा जम्मा २२ पेज छन् ।

प्रस्तुत सङ्ग्रहमा कथाकारले हितोपदेश र पञ्चतन्त्रमा आधारित पशुपक्षीका कथालाई आचधार मानी बालबालिकाको स्वभाव क्रियाकलाप तथा राजनीतिक पक्षमाथि प्रकाश पारेका छन् । प्रस्तुत कथासङ्ग्रह हो । यसमा पशुपक्षीका कथा मार्फत बालबालिकालाई नैतिकता आदर्श, मर्यादा र कर्तव्यमा हिड्न प्रेरणा दिलाएको देखिन्छ

साथै राष्ट्रिय भावना समेत पाइन्छ । यहाँ बालबालिकालाई कहिल्यै नराम्रो काम गर्न नहुने, आफू पनि नठगिने र अरूलाई पनि नठग्ने, चोरी गर्न नहुने जस्ता नैतिक आदर्श पक्षतिर जोड दिइएको छ । एकतामा नै बल हुन्छ भन्दै एकतामा बढी जोड दिएको छ त्यसकारण सबै बालबालिका परिवार, समाज, राष्ट्रलाई एकतामा रहन आह्वान गरिएको छ । परेवाको जोडी कथाबाट बालबालिका पनि एक आपसमा मिलेर आनन्द दायी जीवन बिताउने सन्देश दिउको छ । राजनीतिका नाममा देश र जनतालाई ठग्ने मानिसप्रति पनि यसले तीब्र व्यङ्ग्य गरेको छ । त्यसैगरी वर्ग सङघर्षका कुरालाई पनि यस कथाले देखाएको छ ।

यस कथासङ्ग्रहमा झिनो विषयवस्तु मार्फत पनि सच्चरिजत्र कर्तव्यनिष्ठ बन्ने प्रेरणा दिएको छ । प्रस्तुत कथासङ्ग्हको भाषाशैली सरल सहज र स्तरीय रहेको छ । संरचनात्मक दृष्टिले छोटे डमरु र जम्बु मन्त्री तथा लखन र मखन केही लामा देखिन्छन् भने अरु कथा सामान्य छन् । मानवीय तथा मानवेत्तर दुवै प्रकारका पात्रको प्रयोग यस सङ्ग्रहमा गरिएको छ ।

समग्रमा कथानक पात्र र परिवेश आदिका दृष्टिले यो कथासङ्ग्रह उत्कृष्ट रहेको छ । छोटा छोटा वाक्यको प्रयोग र व्यङ्ग्यात्मक विश्लेषणात्मक र वर्णनात्मक शैलीको प्रयोगले यो कथासङ्ग्रह उत्कृष्ट रहेको छ ।

### ४.५.३ **चकलेटको पोको (बाल कथासङ्ग्रह २०६२) को अध्ययन**

चकलेटको पोको (२०६२) बाल कथासङ्ग्रह बानियाँ कान्छाको तेस्रो बाल कथासङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा जम्मा ५ ओटा बाल कथाहरू सङ्ग्रहित छन् । अठोट, विनोद र माया, चकलेटको पोको र जुनेली ।

प्रस्तुत सङ्ग्रहमा कथाकारले बालबालिकाको क्षेत्रसित सम्बन्धित विभिन्न घटनाक्रमालाई कथाका माध्यमबाट व्यक्त गरेको छन् । यहाँ बालअधिकार संरक्षण र हितका पक्षलाई एकातिर उठाइएको छ भने अर्कातिर बालमनोविज्ञानलाई पनि चित्रण गरेको पाइन्छ । यहाँ बालबालिकालाई आदर्श नियम र कर्तव्यमा हिंड्न प्रेरणा दिएको देखिन्छ । प्रस्तुत सङ्ग्रहमा अभिभावकले बाल भावनाको कदर गर्नुपर्ने कुराको उल्लेख

छ । बालभावना बालस्वभाव र बालचरित्रमाथि प्रकाश पार्दै प्रकृति प्रतिको महत्वलाई देखाएको पाइन्छ । बालबालिका एकापसमा मिलेर बस्नुपर्ने झगडा गर्न नहुने कुराको उल्लेख छ । प्रस्तुत सङ्ग्रह मा बालबालिकामा जातीय भावानाको विकास हुनु हुँदैन । जातीय भावनाले समाज र परिवारमा विखण्डन ल्याउँछ भन्ने कुरालाई औंल्याइएको छ । पाल्पा जिल्लामा अवस्थित श्रीनगरडाँडाको प्राकृतिक अवस्थाको चित्रण पाइन्छ । यस सङ्ग्रहमा धनी र गरिबबीचको विभेदलाई पनि देखाइएको छ । गरिबीका कारण अर्काको घरमा काम गर्न बाध्य एक अबोध बालिकाको मार्मिक, कारुणिक स्थितिको चित्रण पनि यस सङ्ग्रहमा गरिएको पाइन्छ ।

चकलेटको पोको बालमनोविज्ञान, बालस्वभाव बालअधिकार र संरक्षणका पक्षमा रही रचना गरिएको सङ्ग्रह हो । यस सङ्ग्रहमा ग्रामीण परिवेशका विभिन्न स्थितिको चित्रण पाइन्छ । परिवामा हुने छोराछोरीबीचको विभेद, मनमुटाव सामाजिक स्थितिको झलक यहाँ देख्न सकिन्छ । प्रस्तुत सङ्ग्हमा बालबालिकाको यथार्थ चित्रण हुनुका साथै बालाबालिकालाई सन्मार्ग, सत्सन्देश सच्चरित्र कर्तव्य र अधिकारका पक्षमा लाग्न प्रेरणा दिएको पाइन्छ । चकलेटको पोको कथासङ्ग्रह लघु आयाममा लेखिएको कृति हो । ग्रामीण समाजको परिवशे रहेको छ । परिवेश अनुसार उच्च, मध्य र निम्न वर्गीय चरित्रको सुहाउँदो प्रयोग छ । कथाको भाषाशैली सरल सहज भइकन पनि स्तरीय र परिष्कृत देखिन्छ । केही स्थानीय भाषिकाको प्रयोग पाइन्छ (अलच्छिनी छौंडाछौंडी पृ. १) छोटा वाक्य र वर्णनात्मक तथा विश्लेषणात्मक शैलमि रचिएको यो बालकथासङ्ग्ह बानियाँ कान्छाको पछिल्लो र उत्कृष्ट कृति हो ।

## ४.६ कथाकार दामोदर रिजाल 'घताने' को *अव्यवस्था* कथासङ्ग्रहको अध्ययन

**'अव्यवस्था'** कथासङ्ग्रह दामोदर रिजाल घतानेको एकमात्र प्रकाशित कथासङ्ग्रह हो । यसको प्रकाशन २०६५ मा प्रथम पटक भएको थियो । यस सङ्ग्रहभित्र १२ ओटा कथाहरू सङ्कलित छन् । ती कथाहरू निम्नानुसार छन् ।

१. दुई थोपा आँशु
२. जीवनदान

३. उद्घाटन

४. नयाँ बाटो

५. अव्यवस्थाको अर्थी

६. छोरीलाई अंश

७. राशिफल

८. निष्पक्ष मतदान

९. प्रस्तावना लेखन

१०. जनताको संविधान : विज्ञानको नियम

११. राज्यविप्लव

१२. पुरस्कार

उपर्युक्त कथाहरूमध्ये 'उद्घाटन अव्यवस्थाको अर्थी, र राज्यविप्लव, यी तीन ओटा कथाहरूको विश्लेषण गर्ने चेष्टा गरिएको छ ।

**४.६.१ उद्*घाटन* कथाको विश्लेषण**

प्रस्तुत कथा 'अव्यवस्था कथासङ्ग्रह भित्रको तेस्रो सङ्कलित कथा हो । यस कथामा आफ्नो मात्र वर्चस्व जमाउन खोज्ने नेपालका एकतन्त्रे शासकहरू प्रति व्यङ्ग्य गरिएको छ ।

(क) **कथानक**

महेन्द्रनाथ गाउँका शिक्षित व्यक्ति हुन् । उनी सम्मको जान्ने सुन्ने व्यक्ति त्यो ठाउँमा नभएकोले विभिन्न सङ्घ संस्थामा उनी नै प्रमुख हुने गर्छन् । उनको विरोध गर्न सक्ने कोही छैनन् र जनताले पनि उनलाई नै सर्वेसर्वा ठानेका छन् । केही वर्षपछि युवापुस्ता अलि बुझ्ने भएर निस्किएको छ । त्यस संस्थामा रमेश र हरि पनि सदस्य रहेका छन् । समय बित्दै जाँदा रमेशले महेन्द्रनाथको धेरै गल्ती पकडेको छ । रमेशले अब त यस संस्थामा युवापुस्ताको वर्चस्व हुनुपर्छ भन्ने सोच्यो र संस्थाको काम आफुले जिम्मेवारीपूर्ण ढङ्गले गर्न थाल्यो । त्यसैगरी गाउँलेहरूको पनि मन जित्न थाल्यो । रमेशको प्रगति देख्न थालेपछि महेन्द्रनाथ मनमनै रिसाएका छन् ।

त्यसमा पनि उनको गल्ती औंल्याईदिएकोले 'सालाहरू' ! भन्दै रमेश, हरि लगायतका केटाहरूलाई गाली गर्न समेत पछि परेका छैनन् ।

एक दिन संस्थाको नयाँ सङ्गठन स्थापनाको लागि चुनाव हुन थाल्यो । त्यसमा महेन्द्रनाथ र रमेशले अध्यक्षमा उम्मेदवारी दिए । युवापुस्ताको बढी जमात भएकोले रमेशले जित्यो र महेन्द्रनाथ बाहिरिए । त्यसपछि संस्थाको लागि रमेशले एम्बुलेन्स किन्यो । उसले महेन्द्रनाथ  ठुलो र पुरानो व्यक्ति भएकोले उद्घाटन गर्न उनलाई बोलाएको छ । महेन्द्रनाथले चुनाव हारेपछि विस्तारै विरामी भएका थिए । रमेशले उद्घाटनका लागि बोल्यो । समाजको कामका लागि जान्न भन्न सकेनन् र आए । रमेशले एम्बुलेन्सको ढोका खोलेर उद्घाटन गर्न महेन्द्रनाथलाई लगायो । महेन्द्रनाथ भित्रभित्रै ईर्ष्याले विक्षिप्त भइसकेका थिए । एम्बुलेन्सको ढोका खोल्दा वित्तिकै उनी बेहोस भए । सबैले ताली बजाए । एम्बुलेन्सको उद्घाटन भयो । त्यही एम्बुलेन्सले महेन्द्रनाथलाई अस्पताल पुऱ्यायो र केही छिन पछि उनको मृत्यु भयो ।

यस कथामा कथानक परिपुष्ट छ र शृङ्खलित रूपमा अगाडि बढेको छ । आदि मध्य र अन्त्यका दृष्टिले कथानक सबल र सफल बन्न गएको छ ।

**(ख) चरित्र**

प्रस्तुत कथामा महेन्द्रनाथ, रमेश, हरि र अन्य संस्थाका सदस्यहरू र गाउँलेहरू रहेका छन् । सुरेन्द्र, अमेरिका बस्ने महेन्द्रको भतिज पनि रहेको छ । महेन्द्रनाथ यस कथाको प्रमुख पात्र हो भने रमेश र हरि सहायक पात्र हुन् । अन्य जस्तै सुरेन्द्र गाउँले र संस्थाका सदस्यहरू गौण पात्रका रूपमा आएको देखिन्छ । यस कथामा स्वभावका दृष्टिले रमेश गतिशील पात्र हो भने महेन्द्रनाथ, हरि स्थिर पात्र हुन् । लिङ्गका आधारमा यस कथामा सबै पुरुष पात्रहरू छन् तर महेन्द्रनाथकी श्रीमती स्त्री पात्र हुन् । उनी गौण पात्रका रूपमा देखिएकी छिन् ।

प्रवृत्तिका आधारमा रमेश र अन्य सदस्य युवकहरू सत्पात्र हुन् भने महेन्द्रनाथ र हरि असत्पात्र हुन् । महेन्द्रनाथ उच्च परिवारका पात्र हुन् भने रमेश हरि मध्यमवर्गीय परिवारका पात्र हुन् । रमेश, हरि र महेन्द्रनाथ मञ्चीय पात्र हुन् भने अन्य

नेपथ्यका पात्र हुन् । त्यसै गरी रमेश र महेन्द्रनाथ बद्ध पात्र हुन् भने अन्य मुक्त पात्र हुन् । यसरी पात्रका दृष्टिले यो कथा सफल देखिन्छ ।

**(ग) सारवस्तु**

प्रस्तुत कथामा महेन्द्रनाथ मार्फत आफूले काम गर्दै आएको संस्थामा बाँचुन्जेल आफुले नै राज गर्न खोज्ने र प्रगतिशील काम पनि नगर्ने, परम्परित समाज प्रति व्यङ्ग्य गर्न खोजिएको छ । महेन्द्रनाथ जस्ता व्यक्तिले एकलौटी संस्था सञ्चालन गर्नाले रमेश जस्ता युवा पुस्ताहरूले ठाउँ पाएका छैनन् । मान्छेमा आफुले केही पनि गर्न नसक्ने र अरूले गरेको प्रगतिमा पनि डाह गर्ने जस्ता प्रवृत्ति हुन्छन् । रमेशले गरेको प्रगति प्रति महेन्द्रनाथले ईष्या गरेर विरामी परेका छन् । त्यस कारण यस कथाको सारवस्तु भनेको एक अर्कालाई काम गर्ने अवसर दिएर अरूले गरेको राम्रो काम प्रति ईष्या नरी राम्रो र स्वस्थ धारणा राख्दै सभ्य समाजको निर्माण गर्नु हो । त्यस्तै समाजमा भएका विकृति विसङ्गति हटाई, समाजमा देखिएका आवश्यकताको परिपूर्ति गर्नेतिर लागेर समाजको विकास गर्नु पर्ने यस कथाको सारवस्तु हो ।

**(घ) दृष्टिविन्दु**

प्रस्तुत कथामा बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग गरिएको छ । महेन्द्रनाथका ईष्या र द्वेषभाव तथा रमेशका इच्छा आकांक्षासँग ब्याख्याता परिचित देखिन्छ । पात्रको समग्रतालाई पहिचान गर्न सकेको छ लेखकले । त्यसकारण यस कथामा तृतीयपुरुष सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको छ ।

**(ङ) भाषाशैली**

प्रस्तुत कथाको भाषा सरल र सुबोध्य छ । त्यसमा पनि केही अश्लील जस्तो लाग्ने तर समाजमा पचिसकेको भाषाको प्रयोग गरेका छन् घतानेले । जस्तै 'सालाहरू!' त्यस्तै " "... यस्ता चिह्नको प्रयोग पाइन्छ । यस कथामा केही स्थानीयताको रङ्ग पाइन्छ भने केही अनुकरणात्मक शब्द पनि पाइन्छ । जस्तै : 'मऱ्याकमुरुक, ट्रिङ् ट्रिङ् खु:इ...य' आदि । त्यसै गरी केही उक्तिहरू पनि प्रयोग भएका छन् । जस्तै - 'एक्लो बृहस्पति' "समयको दौराको फेर समातेको छु ।" जस्ता

वाक्यहरूले कथा अझ प्रभावकारी बनेको छ । यस कारण प्रस्तुत कथाको भाषा शैली सफल र उत्कृष्ट बन्न पुगको छ ।

**निष्कर्ष**

उद्घाटन कथा 'घताने'को अव्यवस्था कथा सङ्ग्रहमा सङ्कलित लामो आयाम भएको कथा हो । यस कथामा समाज अथवा देशमा एकतन्त्र शासन गर्न खोज्ने र आफ्नो मात्र हैकम चलाउन खोज्ने परम्परित धारणा बोकेका मान्छेप्रति व्यङ्ग्य गर्दै समाजमा देखिएका विकृति विसङ्गतिको अन्त्य गर्न खोजिएको छ । समय परिवर्तनशील छ, त्यसकारण समयको गतिसँगै चल्न सिक्नुपर्छ र युवापुस्तालाई पनि हरेक सङ्घसंस्था र काममा स्थान दिनुपर्छ भन्ने आसय बोकेको यो कथा अव्यवस्था कथासङ्ग्रह भित्र रहेका कथाहरूको प्रतिनिधि कथा हो ।

४.६.२ ***अव्यवस्थाको अर्थी* कथाको विश्लेषण**

प्रस्तुत कथाको शीर्षकबाट कथासङ्ग्रहको नाम राखिएको छ । यस सङ्ग्रहको पाँचौं नम्बरमा **अव्यवस्थाको अर्थी** कथा राखिएको छ । सामाजिक विकृति प्रति तीव्र व्यङ्ग्य यस कथामा गरिएको छ ।

**(क) कथानक**

म पात्र कसैको नजरबाट पीडित भएको छ । ऊ कुनै ठुलो व्यक्ति हो, जसले म पात्रलाई दमन र शोषण गर्न चाहन्छ । म पात्र ऊ देखि आजित भइसकेको छ । जब उसले म पात्रलाई हेर्छ, म पात्रले नजर अर्कैतिर मोडिदिन्छ, जसकारण उसको नजर निस्फल ठहरिन्छ । उसले म पात्र सानो हुँदा पिट्यो मोल बोकायो भाँडा मझ्तायो र अन्त्यमा उसैलाई पनि म पात्रले बोक्यो ।म पात्रलाई पीडा हुँदा ऊ खुशी हुन्छ । म पात्र रुँदा ऊ हाँस्छ वा उनीहरू हाँस्छन् । यही अव्यवस्था छ कि एउटा रुँदा अर्को हाँस्छ । एक दिन म पात्रले सोच्यो, म रुँदा यी सबै हाँस्छन् । अब म एकपटक हाँस्छु, यी के गर्दा रहेछन् ? उनीहरू सबै भएको समयमा म पात्र हाँस्यो । उनीहरू अचम्मित भए । त्यसपछि फेरि हाँस्यो । उनीहरूको अनुहार मलिन भयो । पुन : अट्टहास हाँसो हाँस्यो, उनीहरू द्रवित भए । म पात्रलाई लाग्यो कि यही अव्यवस्था हो ।

उसलाई आफुले नजर युद्धमा वारिधि गरेको महसुस भयो एक दिन ऊ रोडमा सुतिराखेको थियो । म पात्र आयो र हेऱ्यो । यो व्युँझियो भने त यसलाई बोक्नुपर्छ । केही बेरमा हावा लाग्यो । त्यो लास थियो हावाले अलि पर पुऱ्यायो । म पात्रले सोच्यो पहिला त यो मेरो बुई चढ्थ्यो ऊ हाँस्दा म रुन्थें । आज यो मऱ्यो म हाँस्नुपर्छ भन्दै हाँस्यो । त्यो लासलाई आफै उठायो र हाँस्न थाल्यो । त्यसपटक उस सँग धेरैले हाँसेर साथ दिए अव्यवस्थाको अर्थी बोकेर यात्रा अगाडि बढ्यो ।

यस कथामा कथावस्तु झीनो छ भने शृङ्खलित रूपमा अगाडि बढेको छ । अव्यवस्थित समाजको चित्रण यस कथामा छ । यहाँ यौटालाई पीडा हुँदा अर्कोलाई खुशी लाग्छ । यो संसार नै अव्यवस्थाको लास हो ।

### (ख) चरित्र चित्रण

प्रस्तुत कथामा पात्रहरूको सङख्या न्यून देखिन्छ । म पात्र, ऊ पात्र र अन्य केही गौण पात्र छन् । म पात्र यस कथाको प्रमुख पात्र हो भने ऊ पात्र सहायक पात्र हो । म पात्र गतिशील पात्र हो । ऊ पात्रको पनि स्वभावमा परिवर्तन आएकोले ऊ पनि गतिशील पात्र अन्तर्गत पर्छ । दुवै पात्र पुरुष पात्र हुन् । ऊ पात्र शासकको प्रतीक हो । म पात्र बद्धपात्र हो भने ऊ मुक्त पात्र हो । म पात्र अन्तर्मुखी वर्गीय पात्र हो । यस कथामा समाजमा देखिने विकृति र विसङ्गतिको चित्रण म पात्र र ऊ पात्र मार्फत देखाइएको छ ।

### (ग) सारवस्तु

प्रस्तुत कथाले समाजमा देखिने, कार्यालय प्रशासन, राजनीति तथा अन्य सङ्घ संस्थामा देखिने कुव्यवस्था, कुशासन, अव्यवस्था र हेयता जस्ता प्रवृत्तिको यथार्थ चित्रण गरेको छ । यहाँ एउटा रुँदा अर्को हाँस्छ, एउटा हाँस्दा अर्को रुन्छ, एउटा बाँच्दा अर्को मर्छ, भने एउटा मर्दा धेरै बाँच्छन् । यही उल्टो व्यवस्थालाई चिरफार गर्नु नै प्रस्तुत कथाको सारवस्तु हो । यस कथाले देशमा भइरहेको कुशासन प्रति पनि व्यङ्ग्य गरेको छ । मानिस अव्यवस्थाको भुमरीमा पिल्सिएको छ र एउटा अव्यवस्थाको मूर्ति ढल्दा अरु सबै बाँचेका छन्, त्यस कारण म पात्र हाँसेको छ । यिनै समाजका

अव्यवस्थित कुरालाई देखाउन यस कथाको सारवस्तु रहेको छ । समाजका वास्तविक अव्यवस्था विकृति र विसङ्गति प्रति व्यङ्ग्य गरी लेखिएकोले यो कथा यथार्थवादी कथा हो ।

### (घ) दृष्टिविन्दु

प्रस्तुत कथामा आन्तरिक परिधीय दृष्टिविन्दु प्रयोग भएको छ । म पात्रले ऊ सँग नजर युद्धमा विजय हासिल गरेको छ । उसको परिधिमा कथानक अगाडि बढेको छ । म पात्र रुँदा ऊ खुशी हुन्थ्यो  तर ऊ मर्दा अरु सबै हाँसेका छन् । त्यही अव्यवस्थाको लासमा नै कथावस्तु केन्द्रित भएकोले आन्तरिक परिधीय दृष्टिविन्दु रहेको छ ।

### (ङ) भाषाशैली

प्रस्तुत कथाको भाषा शैली सरल र स्वभाविक हुँदाहुँदै पनि कता कता असजिलो जस्तो आभास हुन्छ । म पात्र मानसिक तनावबाट वारम्बार ग्रसित भएको छ । उसले केही अश्लील जस्ता तर अश्लील नलाग्ने खालका शब्दको प्रयोग गरेको छ । जस्तै : 'भुत्ते, साइदुवा । त्यसै गरी हा...हा... हा....हा... खि ति ति ति... जस्ता शब्दको प्रयोग पनि गरिएको छ । केही छोटा छोटा वाक्य छन्  - *“यो उल्टो गति हो, यो उल्टो गति होइन र म भन्न सक्छु म भन्न सक्दिन घाम पूर्वबाट उदाउँछ, घाम पूर्वबाट उदाउँदैन । घाम पश्चिमबाट उदाउँछ उदाउँदैन । यो व्यवस्था हो, यो अव्यवस्था हो”* (अव्यवस्था, पृ: ३५) ।

समग्रमा यस कथाको भाषाशैली सरल छ स्वाभाविक छ र रोमाञ्चकारी छ ।

### निष्कर्ष

दामोदर रिजाल अव्यवस्थाको अर्थी कथा विकृति र विसङ्गतिको आलोचना गरिएको कथा हो । यस कथामा पात्रको मनोविश्लेषण समेत भएको पाइन्छ । समाजका अव्यवस्थित काम प्रति व्यङ्ग्य गरिएको हुँदा यो सामाजिक यथार्थवादी कथा हो । आयामका दृष्टिले मध्यम आकारको देखिने यस कथामा पात्रहरूको प्रयोग कम नै

भएको छ । छोटा छोटा वाक्यको प्रयोग केही चिह्नको प्रयोग जस्ता नवीनतम शैलीको प्रयोग गरिएको यो कथा यस सङ्ग्रहको प्रतिनिधि कथाको रूपमा रहेको छ ।

### ४.६.३ 'राज्यविप्लव' कथाको विश्लेषण

प्रस्तुत कथा दामोदर रिजाल घतानेको अव्यवस्था कथासङ्ग्रहमा सङ्कलित एघारौं कथा हो । यस कथामा माओवादी जनयुद्धको समयमा निर्दोष जनताहरूले भोग्नु परेको पीडालाई देखाइएको छ ।

**(क) कथानक**

विजय बेनी बजारको कुनै अफिसमा काम गर्छ । ऊ निम्न वर्गीय पात्र हो । त्यही एउटा जागिरको भरमा आफ्नो घर धानेको छ । माओवादी जनयुद्धको समय भएको हुनाले त्यस गाउँको माओवादी इन्चार्जले विजयलाई जागिर गर्ने भए मासिक पाँच दिनको लेवी आफुहरूलाई बुझाउने भनेको छ । यता बजारमा पुलिसले माओवादीलाई सुराकी गरेको भन्दै दिनदिनै बयान लिन थालेको छ । दुवैतिरको डरले गर्दा विजयले बजारमा नै डेरा लिएर बस्न थाल्यो । एरिया इन्चार्ज घरमा आएर ज्यान मार्ने धम्की दिएको छ रे । उसकी ठूली छोरी आएर खबर सुनाई, ऊ स्तब्ध भयो । फेरि अर्को दिन २० हजार रुपियाँ मागेको छ रे । केही दिन पछि माओवादीलाई पैसा बुझाएको भन्दै रमेश, कृष्ण र विमललाई पुलिसले पकडिएर राज्यविप्लवको आरोप लगाएको छ । विजय झन् तर्सियो । उसले माओवादीलाई २० हजार दिने सोच बनाएको थियो  तर खबर सुनेपछि उसले जेहोला होला भन्दै पैसा दिएन । भोलि पल्ट कमल सरले विजयलाई खबर सुनायो, रमेश, कृष्ण र विमललाई राज्यविप्लवको आरोप लागेछ । विजयले बारम्बार सोच्यो तिनीहरूलाई पनि राज्यविप्लवको आरोप लागेछ । कथा यत्तिमै टुङ्गिएको छ । यो कथा आयामका दृष्टिले मध्यम खालको रहेको छ । कथानक शृङ्खलाबद्ध रहेको छ ।

**(ख) चरित्र चित्रण**

प्रस्तुत कथामा पात्रहरू विजय, उसकी आमा, विजयकी श्रीमती छोराछोरीहरू, माओवादी एरिया इन्चार्ज, पुलिस, डीएसपी, कमल, रमेश, कृष्ण, विमल गरी जम्मा १३

जना पात्र रहेका छन् । यस कथाको प्रमुख पात्र विजय हो । ऊ बजारमा पिएनको जागिर गर्छ । उसका तीन छोरी एक छोरा छन् । ऊ एउटा निम्नवर्गीय समाजको प्रतिनिधि पात्र हो । त्यसैगरी माओवादी इन्चार्ज, पुलिस, डीएसपी, विजयकी श्रीमती ठुली छोरी यस कथामा देखिएका सहायक पात्र हुन् भने अन्य पात्र गौण रहेका छन् । विजय कथाको प्रमुख पुरुष पात्र हो । उसले माओवादीलाई चन्दा दिने भनेको भए पनि पछि नदिने निर्णय गरेको छ । अर्कोपात्र माओवादी इन्चार्ज हो । उसले जनयुद्धका बेला गाउँमा गएर चन्दा माग्ने माओवादीको प्रवृत्तिलाई देखाएको छ । आफूहरूले सरकारको विरोध गरेर देशमा क्रान्ति ल्याउने कुरा विजयलाई बताएको छ । त्यसै गरी पुलिस र डीएसपीले सरकारी कर्मचारीको प्रतिनिधित्व गरेका छन् ।

यो कथामा बहुल पात्रको प्रयोग भएको छ । पात्रको चरित्रका दृष्टिले यो कथा सफल रहेको छ ।

**(ग) सारवस्तु**

प्रस्तुत कथा वि.सं.२०५२-२०६२ को माओवादी र सरकार पक्षबीचको द्वन्द्वात्मक स्थितिलाई विषयवस्तु बनाएर लेखिएको छ । जनयुद्धको समयमा नेपाली जनताले भोग्नु परेका दुःख र पीडालाई यस कथामार्फत प्रस्तुत गरिएको छ । सरकारको पक्ष लिए माओवादीले मारिदिन्छ । माओवादीको पक्ष लिए सरकारले जेल हाल्छ । यसप्रकारको बाध्यात्मक स्थितिलाई देखाउनु नै यस कथाको सारवस्तु रहेको छ । विजय जस्ता एउटा सानो जागिर खाएर परिवार धानेको व्यक्ति र कुनै पनि पक्षमा नलागेको निर्दोष व्यक्तिलाई पनि ज्यान मार्ने धम्की आएको छ । यता सरकारले माओवादीको सुराकी गरेको भन्दै बयान लिने गर्छ । यस्तै द्वन्द्वको चपेटामा परेर हजारौं निर्दोष नेपाली जनताले ज्यान गुमाउनु परेको छ भने कतिले सास्ती खेप्नु परिरहेको छ। त्यही समयको यथार्थ चित्रण कथाकारले यस कथामार्फत देखाउन खोजेको हुनाले यसको सारवस्तु पनि सार्थक देखिन्छ ।

### (घ) दृष्टिविन्दु

प्रस्तुत कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कथाको प्रमुख पात्र विजय हो । लेखकले विजयलाई कथामा उपस्थित गराएर कथानक अगाडि बढाएको छ । लेखक द्रष्टा भएर उभिएको छ । त्यसकारण ऊ पात्रद्धारा कथानक सुरु भएकोले यस कथामा बाह्य सीमित दृष्टिविन्दुको प्रयोग भएको छ ।

### (ङ) भाषाशैली

प्रस्तुत कथाको भाषा शैली सरल र स्वभाविक छ । पात्र अनुसारको भाषाको प्रयोग भएको पाइन्छ । केही तत्सम् शब्द ‘राज्यविप्लव’ तथा “अतिथि देवो भव” जस्ता एकाध सूक्तिको प्रयोग पनि यस कथामा प्रयोग भएका छन् । पाठकले नबुभ्ने खालका कुनै पनि शब्द प्रयोग भएका छैनन् । रेडियो टि.भि. अफिस, लेबी, एरिया इन्चार्ज जस्ता सरल अङ्ग्रेजी शब्दको पनि प्रयोग भएको पाइन्छ । वर्णनात्मक शैलीमा लेखिएको यो कथा सरल गद्य शैलीको प्रयोगले सहज र सुबोध्य बनेको छ ।

### निष्कर्ष

कथाकार दामोदर रिजाल ‘घताने’द्वारा लिखित ‘राज्यविप्लव’ कथा ‘अव्यवस्था’ कथासङ्ग्रहको एघारौं सङ्कलित कथा हो । तत्कालीन माओवादीको दश वर्षे जनयुद्धको समयमा जनताले भोग्नु परेका विभिन्न यातनाहरूलाई कथाकारले यस कथामार्फत प्रस्तुत गरेका छन् । तत्कालीन समयको यथार्थ प्रस्तुति यस कथामा गरिएको हुँदा यो सामाजिक यथार्थवादी कथा हो । एकातिर नेपाली गाउँले जनताको यथार्थ चित्रण गरिएको छ भने अर्कातिर तिनीहरूले नै भोगेका पीडालाई देखाइएको छ । नेपाली ग्रामीण संस्कृतिमा आफ्नो घरमा कोही पाहुना आयो भने ‘अतिथि देवो भव’ भन्दै खाना खुवाएर पठाउने चलन अझै पनि छ । त्यो बेला कसैलाई खाना खान दियो भने पनि माओवादीलाई खाना खुवाएको भन्दै निर्दोष जनतमाथि कुटपिट हुन्थ्यो भने उनीहरूलाई गास बास नदिए सरकार पक्षको मान्छे भन्दै कुटपिट गर्थे । यिनै वास्तविक घटनाको यथार्थ प्रस्तुति यस कथाले गरेको छ । ‘अव्यवस्था’ कथासङ्ग्रहभित्रको यो कथा पनि प्रतिनिधि कथाका रूपमा रहेको छ भन्न सकिन्छ ।

समग्रमा शृङ्खलित कथानक, उपयुक्त चरित्र, र चरित्र अनुसारको भाषा, त्यसै गरी ग्रामीण तथा सहरिया परिवेशमा लेखिएको यो कथा उपयुक्त देखिन्छ। साथै सरल र सहज भाषा शैलीको प्रयोगले गर्दा सामान्य पाठकको पनि मन छुन सक्ने कथाका रूपमा यो कथा प्रस्तुत भएको छ।

**४.६.४ अन्य कथाको सङ्क्षिप्त अध्ययन**

कथकार दामोदर रिजालको **अव्यवस्था** कथासङ्ग्रह २०६५ हो । यसमा जम्मा १२ ओटा कथा सङ्कलित छन् । ती मध्ये **उद्घाटन अव्यवस्थाको अर्थी** र **राज्यविप्लव** कथाको तत्त्वगत आधारमा विश्लेषण भइसकेको छ । बाँकि कथाहरूको संक्षिप्त अध्ययन गर्न खोजिएको छ । ती कथा यस प्रकार छन् .**दुई थोपा आँसु, जीवनदान, नयाँबाटो, छोरीलाई अंश, राशिफल, निष्पक्ष मतदान, प्रस्तावना लेखन, जनताको संविधान : विज्ञानको नियम र पुरस्कार** । कथाकार रिजाल मूलतः सामाजिक यथार्थवादी लेखक हुन् । उनले समाजमा घटेका घटनालाई आफ्नो कथाको विषयवस्तु बनाएका छन् । त्यसैगरी सरकारी कार्यालयहरूमा हुने गरेको ज्यादती र अनियमिततालाई व्यङ्ग्यतात्क झटारो हानेका छन् ।

**दुई थोपा आँसु,** कथासङ्ग्रहको पहिलो कथा हो । यस कथामा दश वर्षे माओवादीको जनयुद्धको समयमा विदेश जान हिँडेको दलबहादुरको पासपोर्ट जलाइदिएको घटनाले द्वन्द्वकालमा सर्वसाधारणले भोग्नुपरेको पीडालाई व्यक्त गरिएको छ । **जीवनदान**, कथामा विदेश गएका युवाहरूले आफ्ना बाबु आमालाई भन्दा पनि पैसालाई ठूलो देख्ने गरेकोले बुढाबुढीहरूको समाय उपचार नपाएर मृत्युवरण गर्नु परेको वास्तविक घटनालाई देखाएको छ । त्यसैगरी विदेशबाट कमाएर ल्याएको पैसाको समाजको हित हुने गरी सदुपयोग गर्नुपर्छ भन्ने कुरा पनि यस कथामा प्रस्तुत गरिएको छ । **'नयाँबाटो'** कथामा नेताहरू तथा तिनका ऐरेगैरेले जति राजनीति गर्न खोजे पनि जनताले साथ नदिएमा ती सबै असफल हुन्छन् भन्नेकुरा यस कथाले व्यक्त गरेको छ । यस कथाले नेताले खनेको बाटोमा पहिरो लागेपछि जनताले खनेको बाटो नै राम्रो भयो र त्यही उपयोगमा आयो । यसमा नेताहरूको नेतागिरिले फेल खाएको

छ । **छोरीलाई अंश** कथाले कानुनले छोरीलाई अंश दिनुपर्छ भने पनि यसले पारिवारिक सम्बन्धलाई विगार्ने काम गर्दछ र आफ्नै बाबु आमा दाजुभाई सित झगडा गर्ने बिउ निस्कन्छ भन्ने यथार्थलाई देखाईएको छ । **'राशिफल'** कथाले सरकारी कर्मचारीको चकरी चाप्लुसी प्रति व्यङ्ग्य गरेको छ । राशिफ्ललाई आफ्नो कमजोरी थन्क्याउने भाँडो बनाइएको छ । दिनभरिको कामको असफलतालाई राशिफल नराम्रो हुनाले काम विग्रिएछ भन्ने विश्वास प्रति यस कथाले व्यङ्ग्य गरेको छ । **निष्पक्ष मतदान** कथामा चुनावमा हुने गरेका गुटबन्दी र बुथ कब्जा गर्ने प्रवृत्ति प्रति व्यङ्ग्य गरिएको छ । **प्रस्तावना लेखन**मा कथाकारले सरकारी कार्यालयमा पनि अरूको नक्कल गरी आफ्नो बनाएर आफुले पुरस्कार पाउनको लागि वा आफू राम्रो बन्नको लागि सरकारी कार्यालयभित्र हुने गरेको षड्यन्त्रलाई देखाउन खोजिउको छ । **जनताको संविधान विज्ञानको नियम** कथामा नेपाली जनताले पार्टीलाई भोट दिने कि व्यक्तिलाई ? अर्थात् कसलाई भोट दिने भन्नेकुरामा सिन्का भाँच्नु पर्ने स्थितिलाई देखाइएको छ । जुन पार्टीको सरकार आएपनि कुनै परिवर्तन ल्याउन नसक्दा जनताले भोट दिन पनि सिन्का भाँचेर भोट दिनु पर्ने अवस्था आएको यस कथाबाट प्रष्ट बुझिन्छ । **पुरस्कार** कथामा तल्लो तहको कर्मचारीलाई उपल्लो तहको हाकिम साहेबहरूले दास बनाउने गरेको र हाकिमले अह्राएको काम माने बापत पुरस्कार स्वरूप बढुवा गरिदिने जस्ता चाकरीवाज प्रति यस कथाले व्यङ्गय गरेको छ ।

प्रस्तुत कथासङ्ग्रहका कथामा सामाजिक घटनामा आधारित भएर कथा रचिएका छन् । विषयप्रस्तुतीकरण पनि उत्कृष्ट देखिन्छ । कथाका पात्रहरू प्रायः जाली, चाकरी तथा हीनताबोध गर्ने जस्ता पात्रको पनि प्रयोग गरिएको पाइन्छ । यस्ताखाले पात्रबाट वास्तविक यथार्थको अभिव्यक्ति भएको पाइन्छ । म्याग्दीको गाउँ तथा बेनीबजार सरकारी प्रशासन कार्यालय आदि परिवेशका रूपमा आएका छन् । प्रथम पुरुष तथा तृतीय पुरुष दुवै दृष्टिविन्दुमा कथा लेखिएका छन् । सरल र सहज भाषाशैलीको प्रयोग गरिएको छ । उखान टुक्का र झर्रा तथा केही स्थानीय शब्दले कथा निकै मन हुने खालका बनेका छन् । यस कथाको उद्देश्य सामाजिक यथार्थलाई

देखाउनु र देशमा हुने सरकारी कर्मचारी तन्त्रप्रति व्यङ्ग्य गर्नु तथा समाजलाई सुधार गर्ने सन्देश दिनु यस कथासङ्ग्रहको प्रमुख उद्देश्य रहेको पाइन्छ ।

## ४.७ कथाकार सीमा रोशी र उनको *एक अर्को सपना'* कथासङ्ग्रहको अध्ययन

सीमा रोशीको जन्म म्याग्दी जिल्लाको अर्मन गा.वि.स. वार्ड नं. ६ पोकाफाँटमा भएको हो । यिनी सानैदेखि प्रतिभावान् व्यक्ति थिइन् । यिनले सानैदेखि कथा कविता लेख्न थालेको पाइन्छ । कथाकार रोशीको **एक अर्को सपना** २०६० कथासङ्ग्रह उनको एकमात्र कथासङ्ग्रह हो । उनको अक्षरका धड्कनहरू कविता सङ्ग्रह पनि रहेको छ । **एक अर्को सपना** एक नारीवादी चिन्तन बोकेको कथासङ्ग्रह हो । यस भित्र जम्मा १९ वटा कथाहरू सङ्कलित छन् । ती निम्नानुसार छन् ।

१. एक अर्को सपना
२. शहरको आइस क्रीम (Ice cream)
३. अमूक वाणी
४. यौवनमृत हाँसो
५. के प्रेम भिन्न छ र ?
६. पुछिएको सिउँदो
७. प्रियम्बदा । बधाई छ तिमीलाई
८. मेरो पल्लव सृष्टि
९. वर्षात् यो कस्तो प्रेम
१०. पतझर बसन्त
११. आत्महत्याको लागि जिन्दगीको स्वप्न
१२. रित्ता साथहरू
१३. मेरो अधीर छोरो
१४. आत्म निर्ण
१५. मेरो अस्मिता मरेको दिन
१६. मुक्त आकाश

१७. पैसाको महलः रगतको व्यापार

१८.  अतृप्त कोख

१९. नाता सम्बन्ध

उपर्युक्त कथाहरू मध्ये 'प्रियम्बदा बधाई छ तिमीलाई एक अर्को सपना, र मेरो अस्मिता मरेको दिन' यी तीन कथाहरूको विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

### ४.७.१ *एक अर्को सपना* कथाको विश्लेषण

सीमा रोशीको 'एक अर्को सपना' (२०६०) यस कथासङ्ग्रहको पहिलो कथा हो । यस कथाको शीर्षकले कथासङ्ग्रहको नाम पाएको छ ।

**(क) कथानक**

म पात्र कतै जानको लागि सोचिरहिछे । म पात्र (मीरा) एक्काइसौं शताब्दीकी नारी हो । ऊ महिला सङ्गठनकी अध्यक्ष पनि हो । भोली नारी दिवस पनि आफैं सम्पन्न गनुपर्नेछ । नारी दिवसमा केही महिलाले भाषण गर्ने क्रममा अधिकारहरू मागेका छन् । उनीहरू आफूलाई अंश चाहिन्छ र चुलो चौकामा मात्र सीमित हुनु हुँदैन भन्छन् । मिरा कार्यक्रम सकेर घर आउन अलि ढिलो हुन्छ । सासु ससुराले नारी बेलुकी सम्म बाहिर हराउन हुँदैन  भन्छन् । भोली फेरी आफ्नै छोरीको जन्मदिनको तयारी गर्नु छ । सबै मानिसहरू छोरीको लागि गिफ्ट लिएर आउने छन् । मिराको श्रीमान्ले पनि गिफ्ट ल्याएका छन् । मीराले कुनै गिफ्ट ल्याएकी छैन । अरू सबैले गिफ्ट दिए । मिराले आफ्नी छोरीलाई हिमाल र आकाश देखाउँदै तिमी पासाङ् बन्नुपर्छ, म्याडम क्युरी बन्नुपर्छ मात्र भनिन्छ । मीरालाई अहिलेका केटाकेटीहरूको चुरीफुरी मन पर्दैन । उनी आफ्नी छोरीलाई पढाइका साथ भान्साको काम पनि सिकाउँछिन् । घरकी नोकर्नीले गर्ने काम मीरा आफैं गर्छिन् । सासुससुरा छोरीलाई काम गर्न मनाही गर्छन् तर मिराले काम गर्नुपर्छ भन्छिन् । मिराले बीसौं वर्षपछिको भविष्य सोचेकी छिन् । उनले बाइसौं शताब्दीमा सबै सभ्य शिक्षित बनेको दिवास्वप्न देखेकी छिन् र पुन : दश वर्षपछि आफू पनि बुढी भएको अनुभव गरेकी छिन् ।

यस कथाको आयाम मध्यम खालको छ । कथानक श्रृङ्खलित छैन । झिनो कथानक रहेको छ ।

(ख) **चरित्र चित्रण**

प्रस्तुत कथामा बहुल पात्रको प्रयोग भएको पाइन्छ । मीरा यस कथाकी प्रमुख नारी पात्र हो । अन्य पात्रहरू मीराको श्रीमान् छोरा छोरी, सासुससुरा आमाजु, मीराकी जेठानी, नोकर्नी, सुना मुखिया, मुखिनी, शर्मिला, सुधाकी बजै, सरला, छोरीका साथीहरू रहेका छन् ।

यस कथाकी प्रमुख पात्र मीरा हो । ऊ एक्काइसौं शताब्दीकी नारी हो । महिला सङ्गठनकी अध्यक्ष हो । उ एउटी सुशील नारी हो । सबैलाई सम्मान आदर गर्ने गर्छे । उसको सोचाइमा नारी भएर अधिकार मात्र खोज्ने होइन । नयाँ फेसनमा लुगा लगाएर हिंडनु र अरूलाई रवाफ देखाउनु नारी स्वतन्त्रता होइन । नारी भएर नारीलाई नै दमन गर्नु हुदैन भन्ने कुरा मिराले बुझेकी छे र आफ्नी छोरीलाई पनि त्यही सिकाउँछे त्यस कारण ऊ एउटी सच्चरित्र भएकी नारी हो । मीराको पति र उसकी छोरी सहायक पात्र हुन् भने अन्य गौण पात्रहरू हुन् । यस कथामा प्रायः सबै पात्र उपस्थित मात्र छन् । कसैको पनि धेरै भूमिका छैन । सबै पात्र चरित्रवान् छन् । यस कथामा पुरुष पात्र भन्दा नारी पात्रको उपस्थिति बढी रहेको छ । मध्यम वर्गका पात्रको प्रयोग गरिएको छ । सुना एक गरीब निम्न वर्गकी पात्र हो । म पात्र एक गतिशील पात्र हो भने अन्य सबै स्थित पात्र हुन् ।

समग्रमा पात्रका आधारमा यो कथा सफल देखिन्छ ।

(ग) **सारवस्तु**

प्रस्तुत कथाको सारवस्तु समाजमा नारीलाई हेर्ने दृष्टिकोण र नारीले नारीलाई गर्ने व्यवहारलाई देखाउनु हो । त्यसैगरी पाश्चात्य संस्कृतिले भित्र्याएको विकृति विसङ्गति प्रति व्यङ्ग्य गरिएको छ । कथाकारले म पात्रकी छोरीको जन्मदिनमा अरूले राम्रा राम्रा रङ्गी विरङ्गी गिफ्ट दिएका छन् तर मिराले गिफ्ट नदिएर छोरीलाई म्याडम क्युरी र पासाङ् बन्नुपर्छ भन्दै हिमाल देखाएकी छिन् । यसबाट मान्छेलाई

ज्यादतीपनबाट विमुख भएर एउटा सभ्य र शिक्षित नागरिक बन्नुपर्छ भन्ने समाज सुधारको सन्देश दिनु पनि यस कथाको सारवस्तु रहेको छ ।

### (घ) दृष्टिविन्दु

प्रस्तुत कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिविन्दु प्रयोग गरिएको पाइन्छ । म पात्र मीराले आफ्नो जिवनको भोगाइ र भविष्यको बुढेसकालको अनुभूति समेत व्यक्त गरेकी छ । म पात्रकै रोहवरमा अन्य पात्रहरूले पनि स्थान पाएका छन् । त्यसकारण यो कथा आन्तरिक केन्द्रीय दृष्टिविन्दुको प्रयोग भएको कथा हो ।

### (ङ) भाषाशैली

प्रस्तुत कथाको भाषा सरल छ । छोटा छोटा वाक्यको प्रयोग भएको छ । बोलीचालीको भाषा प्रयोग गरिएको छ । केही सँस्कृत शब्दको प्रयोग भेटिन्छ भने त्यो भन्दा बढी केही अङ्ग्रेजी शब्दको प्रयोग गरिएको छ । जस्तै - Serious, Present, "HAPPY BIRTHDAY TO YOU" 'Production ' जस्ता शब्दको प्रयोग गरिएको छ । त्यसैगरी "पोथी बासेको", "अँ अँ भुँइमा खुट्टो छैन" जस्ता उपवाक्य वाक्यले कथालाई रोचक बनाएको छ ।

### निष्कर्ष

कथाकार सीमा रोशीको 'एक अर्को सपना' कथा नारीवादी तथा नारी विषयमा केन्द्रित कथा हो । यस कथाले नारीमा हुने विविध प्रकारका हिंसा र नारीमा देखिएको छाडापन प्रति व्यङ्ग्य गरेको छ ।

पाश्चात्य छाडा सँस्कृतिले नेपाली संस्कृतिलाई समेत प्रभाव पारेको र त्यसको नकारात्मक असर महिलामाथि बढी परेको हुँदा त्यसप्रति सचेत रहन पनि कथाकारको आग्रह रहेको छ ।

### ४.७.२ **प्रियम्बदा ! बधाई छ तिमीलाई कथाको विश्लेषण**

प्रस्तुत कथा **एक अर्को सपना** कथासङ्ग्रहमा सङ्कलित सातौं कथा हो । यस कथामा नारीलाई पढ्न नदिने र १४/१ ५वर्षको उमेरमा नै विवाह गरिदिने सामाजिक अन्ध परम्पराप्रति व्यङ्ग्य गरिएको छ ।

**(क) कथानक**

प्रियङ्का र प्रियम्बदा दुई दिदीबहिनी पढ्नमा निकै सक्षम छन् । उनीहरुले एस् एल् सी पास गरेपछि शहरतिर राम्रो कलेजमा पढ्नेकुरा आफ्नो बाबा आमालाई बताउँछन् । उसका बाबा आमाले त्यहाँ भन्दा धेरै पढ्न नहुने घरमा नै बस्ने र काम गर्ने बताए पछि बहिनी प्रियम्बदाले विरोध गरेकी छे । एक दिन केटा पक्षका छोरी माग्न आए पछि उनका बाबा आमाले दिदी भन्दा बहिनीले धेरै पढ्ने कुरा गरेकीले बहिनीलाई दिन्छन् । बहिनी प्रियम्बदा राम्री थिई र विद्रोह पनि गर्न सक्थी । त्यसकारण बिहेको अघिल्लो दिनमा भाग्ने सुर गरी राती दिदी सुतेको बेलामा एउटा चिठी लेखेर टेबलमा राखी दिइ र आफू झोलाबोकेर गई ।

भोलिपल्ट विवाहको दिनमा प्रियङ्काले घुम्टो ओढी बेहुली भई र विवाह पछि दुरनमा आएर सबै कुरा आफ्ना बाबा र आमालाई बताई र आफ्नी बहिनीलाई बधाई दिई ।

यो कथा लघुआयाममा संरचित छ । कथानक शृङ्खलाबद्ध रहेको छ । आदि, मध्य र अन्त्यका दृष्टिले यसकथालाई सफल कथा मान्न सकिन्छ ।

**(ख) चरित्र चित्रण**

प्रस्तुत कथामा प्रियङ्का, प्रियम्बदा र उनको आमाबुवा रहेका छन् । त्यसै गरी अन्य पात्रहरू दुलाहा र जन्तीहरू र प्रियङ्काका साथीहरू रहेका छन् । यस कथामा प्रियङ्कालाई प्रमुख नारीपात्रका रूपमा लिन सकिन्छ । कथाको सुरूदेखि अन्त्य सम्म उपस्थित पात्र हो प्रियङ्का । त्यसैगरी प्रियङ्काकी बहिनी पनि उ सँगै पढ्छे । बहिनी प्रियम्बदा दिदी भन्दा केही चलाख छे र राम्री पनि छे । कथाको मुख्य घटनालाई

आधार मान्ने हो भने प्रियम्बदा यस कथाकी प्रमुख पात्र हुन आउँछे । बहिनीको विवाहको कुरा चलाएपछि उसले दिदी हुँदाहुँदै आफ्नो विवाहको कुरा छिने, त्यस कारण उसले विद्रोह गरेर घर छाडेकी छ , जसकारण दिदीलाई बेहुली भएर जान बाध्य भयो । यी दुवै बहिनीलाई नै कथामा प्रमुख पात्र मान्न सकिन्छ । त्यसैगरी बाबाआमा सहायक पात्र हुन् र दुलाहा पनि सहायक पात्र हो । अन्य जन्तीहरू गौण पात्र हुन् । स्वभावका दृष्टिले प्रियम्बदा गतिशील पात्र हो भने अरू पात्रहरू जस्तो पऱ्यो त्यस्तै भोग्न बाध्यछन्, त्यसकारण तिनीहरू स्थिर पात्र हुन् । लिङ्गका आधारमा प्रियङ्काको बाबा, दुलाहा उसको बाबु पुरुष पात्र हुन् भने अन्य नारीपात्र हुन् । प्रवृत्तिका आधारमा प्रियम्बदा र प्रियङ्का अनुकूल पात्र हुन् भने उनका बाबुआमा परम्परित धारणामा बाँधिएका प्रतिकुल पात्र हुन् । वर्गका दृष्टिले मध्यम परिवारका मानिन्छन् प्रियङ्का प्रियम्बदा र उनका बाबुआमा मञ्चीय र बद्ध पात्र हुन् त्यसैगरी दुलाहा पनि मञ्चीय र बद्ध पात्र हो भने अन्य मुक्त पात्र  हुन् ।

समग्रमा यस कथामा थोरै पात्र भए पनि कथा उत्कृष्ट रहेको छ । आफ्नो बाबुआमा र समाजसँग विद्रोह गर्न सक्ने नारीपात्रको प्रयोगले यो कथा नारीवादी कथा हो र प्रगतिवादी कथा  हो ।

**(ग) सारवस्तु**

प्रस्तुत कथामा नारीमाथि गरिने अन्याय उनीहरूलाई आफ्ना अधिकारबाट बञ्चित गराउने र परम्परित कुसंस्कारको विश्वासमा आफ्नै छोरीहरूप्रति नै गरिने अन्यायप्रति व्यङ्ग्य गरिएको पाइन्छ । छोरीहरूले धेरै पढ्नु हुँदैन र बाहिर धेरै डुल्नु घुम्नु हुँदैन भन्ने परम्परित दृष्टिकोण राख्ने आफ्नै आमा बुवालाई प्रियम्बदाले विरोधो गतिलो स्वाद चखाएकी छे । त्यसैगरी उमेर नै नपुगेकी छोरीलाई बिहे गर्ने निश्चित भएपछि प्रियम्बदा भागेकी छे र बाध्य भएर दिदी बहिनीको सट्टा जानुपरको छ । यसकथाको छोरीलाई पनि पढ्ने सुअवसर दिनुपर्छ र बालविवाहको अन्त्य गरिनुपर्छ भन्ने मान्यताका साथै नारीको आफ्नो इच्छा र अनुमति बिना विवाह गर्नु हुँदैन भन्ने दृष्टिकोण यस कथाको सारवस्तु हो ।

## (घ) दृष्टिविन्दु

प्रस्तुत कथामा तृतीयपुरुष सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कथामा ऊ पात्र प्रियङ्का तथा प्रियम्बदा मार्फत कथानकलाई अग्रगति दिइएको छ । समख्याताले ऊ पात्र मार्फत घटनाक्रमलाई प्रस्तुत गरेको छ । त्यसकारण यस कथामा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

## (ङ) भाषाशैली

प्रस्तुत कथामा सरल भाषको प्रयोग गरिएको पाइन्छ । केही स्थानीयताको रङ्ग पनि यस कथाको भाषामा देखिन्छ जस्तै सम्मो, डम्मै, त्यस्तै केही अङ्ग्रेजी शब्दहरू पनि प्रयोग भएका छन् । ममी, ड्याडी बोस्नीयाली प्यालेस्टानी, त्यस्तै केही अनुकरणात्मक शब्दको समेत पाइन्छ । "सम्मो बाटोमै लडिन्छ सिधै सिधै हिंड्दा ठेस लाग्छ" "संगत बिनाको फल" जस्ता उखान टुक्काको प्रयोगले कथा सहज र रोचक बनेको छ । वर्णनात्मक तथा विश्लेषणात्मक शैलीको प्रयोग पाइने यस कथालाई भाषा शैलकि दृष्टिले उपयुक्त कथा मान्न सकिन्छ र यस सङ्ग्रहका कथाहरूको प्रतिनिधि कथाका रूपमा पनि लिइन्छ ।

## निष्कर्ष

कथाकार सीमा रोशीको 'एक अर्को सपना' कथासङ्ग्रहमा सङ्कलित कथाहरू मध्ये नारीको विरोधको स्वर गुन्जिएको कथा हो, प्रियम्बदा बधाई छ तिमीलाई । यो कथा सामाजिक यथार्थवादी कथा हो । कथाकारले आफुले देखेको या भोगेको घटनालाई यथार्थरूपमा कथामार्फत प्रस्तुत गरेकी छिन् । यस कथामा रोशीले प्रियम्बदा मार्फत् आफुहरू प्रति लगाइएका प्रतिबन्धहरूको साङ्लो तोडाएकी छिन् । एक्काइसौं शताब्दीकी नारी रुढि र परम्परित संस्कारमा बाँधिएर बस्न सक्दिन ऊ नारी स्वतन्त्रता चाहन्छे र आफ्नो हक अधिकार पनि चाहन्छे भन्ने कुरा यस कथा मार्फत व्यक्तिएको छ । समग्रमा यस कथाको कथानक चरित्र र भाषाशैली सरल बोध्य र स्पष्ट छ । यस कथामा प्रकृतिचित्रण पनि पाइन्छ ।

समग्रमा यस कथाको कथानक चरित्र र भाषा शैली सरल बोध्य र स्पष्ट छ । यस कथामा प्रकृति चित्रण पनि पाइन्छ । पात्र अनुसारको भाषा र प्रियम्बदाले गरेको विद्रोह सराहनीय रहेको छ ।

### ४.७.३ ***मेरो अस्मिता मरेको दिन* कथाको विश्लेषण**

प्रस्तुत कथा 'एक अर्को सपना' कथासङ्ग्रह भित्रको सङ्कलित पन्धौं कथा हो । यस कथामा पुरुष जति सज्जन देखिए पनि भित्रभित्र धेरै नारीको शोषण गरिरहेको हुन्छ, त्यसकारण त्यसको विरोध नारीहरू एकजुट भएर गर्नुपर्छ भनिएको छ ।

**(क) कथानक**

सिवानी एउटी नारी पात्र हो । उसले राकेशको अन्धो प्रेममा फसेर आफ्नो प्राण त्यागेकी छे । राकेश समाजमा कसैलाई जागिर लगाइदिने, कसैलाई छात्रवृत्ति मिलाइदिने, जस्ता कामबाट बाहिर राम्रो देखिन्छ । त्यसैको माया जालमा फसेर धेरै युवतिहरूको अस्मिता लुटिएको छ ।

एक दिन सिवानीले राती १२.०० बजे राकेशको ढोका ढक्ढक्याउँछे । ऊ मरेर पनि भूतको रूप धारणा गरेर आएकी थिई । राकेशले सिवानीलाई देखेर डरायो । त्यो दिन सिवानीले उसलाई तर्साई । अर्को दिन राकेश तीन ओटी केटीसँग यौनकार्यमा संलग्न थियो । शिवानी आएर ढोका ढक्ढक्याए पछि ढोका खोलियो । ती केटीहरूलाई गाली गर्दै सिवानीले आफ्नो कुरा बताई र आफ्नो अस्मिता जोगाउनको लागि राकेश जस्ता पुरुषहरूलाई सिध्याउनुपर्ने बताई । ती सबै युवतीहरूले आफु पनि जागिरकै लोभमा आफ्नो अस्मिता लुटिएको बताएपछि राकेशको भाइ प्रकाशले राकेशलाई गलहत्याउँदै बाहिर निकालिदिएको छ । त्यसै गरी सिवानीले जब जब यहाँ नारीको अस्मिता लुटिन्छ । तब म उपस्थित हुनेछु र राकेश जस्ता युवकको अन्त्य गर्नेछु , भनेपछि कथाको अन्त्य हुन्छ । प्रस्तुत कथा छोटो छ तर आकर्षक छ । कथानकको शृङ्खला मिलेको छ ।

### (ख) चरित्र चित्रण

प्रस्तुत कथामा सिवानी, राकेश, पुष्पलता, चन्द्रा, निरुम, प्रकाश र उसका बाबुआमा रहेका छन् । यस कथाकी प्रमुख पात्र सिवानी हो । ऊ राकेशको झुठो मायामा फसेर भीरबाट हाम फाली आत्महत्या गरेकी छे र कथामा किचकन्नी बनेर देखिएकी छे । ऊ राकेशसँग बदला लिन चाहन्छे र आफ्नो अस्मिता लुटिए पनि अरूलाई यसबाट बचाउन चाहन्छे । सिवानी अतिमानवीय नारी सत्पात्रका रूपमा देखिएकी  छे । त्यसैगरी नारीप्रति गरिने अन्याय र अत्याचारको विरोध गर्न सक्ने सशक्त नारी चरित्र हो । त्यस्तै राकेश नयाँ नयाँ युवतीलाई आफ्नो जालमा फसाएर यौन शोषण गर्ने असत् पात्र हो । राकेश उच्च परिवारको व्यक्ति भएकोले अरूलाई जागिर लगाइदिने जस्ता काम गर्छ । यो यस कथाको सहायक पात्र हो । यस कथामा सबै पात्रहरू गतिशील छन् । त्यसै गरी सबै मञ्चीय पात्र छन् । सिवानीको बाबा रामनाथ मात्र नेपथ्य पात्र हुन् । राकेश नवयुवतीहरूको यौन शोषण गर्ने समाजका सामन्ती पुरुषको उछित्तो काड्न सक्ने अतिमानवीय पात्र हो । पुष्पलता, निरुम र चन्द्रा गौण पात्र हुन् ।

समग्रमा यो कथा पात्रका दृष्टिले सशक्त र प्रभावकारी बनेको छ । साथै कथाकारले सिवानीलाई प्रेतको  रूपमा उपस्थित गराएर कथामा नयाँपन दिएकी छिन् ।

### (ग) सारवस्तु

प्रस्तुत कथा नारी अस्मिताको विषयमा लेखिएको हो । यस कथामा नारीलाई उपभोगको साधन ठान्ने र भोग विलासको माध्यम ठान्ने पुरुषहरूप्रति चर्को विरोध गरिएको छ । नारी पनि पुरुष सरह सक्षम छन् । नारीलाई पनि अवसर दिनुपर्छ । नारी देवी मात्र हैन, ऊ आफ्नो अस्मिताको खोजी गर्न राक्षसी पनि बन्न सक्छे । यस प्रकारको विषयवस्तु र चिन्तन बोकेको यस कथाको सारवस्तु नारीको यथार्थ चित्रण गर्नु हो । बाहिर साधुको जलप लगाएका ठुलाबडा पुरुषद्वारा नै नारीले आफ्नो अस्मिता

लुटाउन बाध्य छे । त्यस्ता नारीको उद्धार गर्न नारी नै सक्रिय भएर लाग्नु पर्ने धारणा व्यक्त गर्नु र नारीको यथार्थ चित्रण गर्नु नै यस कथाको सारवस्तु हो ।

(घ) **दृष्टिविन्दु**

प्रस्तुत कथामा तृतीयपुरुष सीमित दृष्टिविन्दुको प्रयोग गरिएको छ । ऊ पात्र सिवानीद्वारा कथालाई अगाडि बढाइएको छ । बीचबीचमा पात्रको संवाद पनि रहेको छ । कता कता नाटक जस्तो पनि लाग्ने यो कथा उचित पात्रको प्रयोगले र उनीहरूको संवादले कथानक सहज बोध्य छ । व्याख्याता टाढै बसेर वर्णन गरेकोले बाह्य सीमित दृष्टिविन्दुको प्रयोग यस कथामा भएको छ ।

(ङ) **भाषाशैली**

प्रस्तुत कथाको भाषा सरल रहेको छ । यस कथामा संवादात्मक शैली पाइन्छ । छोटा छोटा वाक्यको प्रयोग गरिएको छ । बचिबीचमा त, हो, अहो ! तर जस्ता निपातको प्रयोग पनि पाइन्छ । केही तत्सम शब्द ओष्ठपत्र, स्पर्श, कञ्चन, तृष्णा जस्ता शब्दले कथालाई उत्कृष्टपन दिएको छ । सरल सहज र सुबोध्य गद्यशैलीमा लेखिएको यो कथा भाषा शैलीका दृष्टिले उत्कृष्ट कथा बन्न पुगेको छ ।

**निष्कर्ष**

मेरो अस्मिता मरेको दिन कथा लघु आयाममा रचिएको कथा हो । नारीको दुःख पीडा र बाध्यता लाई प्रस्तुत गरिएको यस कथामा नारी दमनको उग्र विरोधको स्वर गुञ्जाइएको छ । नारीलाई भोग्या रूपमा नहेरेर नारीले पनि पुरुषसमान हक अधिकार र स्वतन्त्रता पाउनुपर्छ भन्ने धारणा बोकेको यस सङ्ग्रहको प्रतिनिधि कथाका रूपमा यस कथालाई लिन सकिन्छ ।

### ४.७.४ अन्य कथाहरूको सङ्क्षिप्त अध्ययन

म्याग्दी जिल्लाको एक मात्र सशक्त नारी कथाकारका रूपमा चिनिन्छिन् सीमा रोशी । यिनको  कथासङ्गह **एक अर्को सपना**  (२०६०) नारी स्वरलाई सार्वजनिक स्थलमा पुऱ्याउने काम गरेको छ । यस सङ्ग्रहमा जम्मा १९ ओटा कथा रहेका छन् । ती मध्ये **एक अर्को सपना, पियम्बदा बधाई छ तिमीलाई र मेरो अस्मिता मरेको दिन,** यी कथाहरूको विश्लेषण भइसकेको छ । अन्य कथाको यहाँ संक्षिप्त विश्लेषण गर्ने चेष्टा गरिएको छ ।

सीमा रोशीको 'शहरको ice cream' यस कथा सङ्ग्रहको दोस्रो कथा हो । यस कथामा शहरिया धनी मानिसले गाउँमा बस्ने गरिब मानिसहरूलाई हेर्ने दृष्टिकोणलाई देखाइएको छ । सनम र काले कुरा गरिरहेका बेला सनमका बाबु आमाले उसलाई तानेर लगेका छन् । यसले सहरिया बडप्पन देखाउने मानिस प्रति व्यङ्गय गरेको छ । **अमूकवाणी** कथामा युवावस्थामा केटाकेटीले एक अर्कालाई देख्दा वित्तिकै आफू नबोले पनि प्रेम प्रकट गरिएको हुन्छ भन्ने कुरा देखाइएको छ । **'यौवनमृत हाँसो**' यस कथामा एड्स रोगले पीडित एक युवकले कथालाई प्रस्तुत गरिएको छ । **'के प्रेम भिन्न छ र** ?' यस कथाले वास्तवमा प्रेम शारीरिक मात्र हुँदैन वासनात्मक प्रेम मात्र प्रेम होइन भावनात्मक प्रेम नै वास्तविक र चोखो प्रेम हो भन्ने कुरा देखाएको छ । **पुछिएको सिउँदो** मा नारीको बाध्यात्मक परिस्थितिलाई देखाइएको छ । बिहे गरेकी नारीका लागि जे भए पनि माइत भन्दा घर नै आफ्नो हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ । **मेरो पललव सृष्टी** मा एउटी नारीले प्रकृतिलाई मानवीकरण गरेर कुरा गरेकी छे । **'वर्षात् यो कस्तो प्रेम'** मा वालविवाह तथा अनमेलविवाह प्रति विरोध गरिएको छ । पतझर बसन्त मा एउटी नारी गासवास कपासका लागि आफ्नो अस्तित्व सुम्पन बाध्य बनाइएका स्थितिलाई देखाइएको छ । **'आत्महत्याको निम्ति जिन्दगीको स्वप्न'** मा एउटी वालिका जसको घरमा सौतेनी आमाको प्रवेशले सानैदेखि यौवनको लागि देह व्यापार गरेर बाँच्न खोज्दा पनि छिटै नै बुढेसकाल लागेर आत्महत्या गर्न बाध्य बनेकी पात्रको कथालाई देखाइएको छ । **'रित्ता साथहरू'** मा

एउटी अवला नारी (जो आफ्नो पैसाकै कारण बाँच्न सफल भएकी छे) को जीवनलाई प्रस्तुत गरिएको छ । 'मेरो **अधीर छोरो**' मा एउटी सन्तानहीन नारीले भोग्नुपरेको पीडालाई देखाइएको छ । **'आत्मनिर्णय'** मा एउटी आमा जो आफ्नो बच्चाको रक्षको लागि जे गर्न पनि तयार छे त्यस्ती नारीको जीवन भोगाइलाई प्रस्तुत गरिएको छ । **'मुक्त आकाश'** मा एउटी साहसी नारीले आफुलाई बलात्कार गर्न खोज्ने युवकलाई मारेर आफै जेलमा गएकी छे । यस कथाबाट महिला हिंसा विरूद्ध लाग्नु पर्ने देखाइएको छ । **'पैसाको महल रगातको व्यापार**' कथाले बालविवाहको विरोध गरेको छ र नारीको बाध्यात्मक स्थितिलाई देखाइएको छ । **'अतृप्त कोख'** मा एउटी धर्मपुत्री राखेकी बच्चीको कथालाई प्रस्तुत गरिएको छ । जसलाई पछि नोकर्नी बनाएर काम लगाइन्छ । **नाता सम्बन्ध**मा कथा यस सङ्ग्रहको अन्तिम कथा हो । यो कथा हास्य व्यङ्ग्यपूर्ण रहेको छ । पुरुषले गालीगर्दा प्रयोग गर्ने साला शब्दलाई नारीले पनि प्रयोग गर्न थालेकोले नारीले अधिकार माग्नुका साथै सर्त पनि पूरा गर्नु पर्ने कुरालाई कथाकारले यस कथा मार्फत प्रस्तुत गरेकी छिन् ।

प्रस्तुत कथासङ्ग्रह सामाजिक यथार्थ घटनामा आधारित भएर लेखिएको हो । समाजमा नारी प्रति हुने गरेका विकृति विसङ्गतिप्रति यसले उग्र विरोधको स्वर गुञ्जाएको छ । रोशीका कथामा ग्रामीण तथा शहर दुवै परिवेशको चित्रण भए पनि प्रायः ग्रामीण परिवेशको चित्रण नै बढी देखिन्छ । उनको भाषा सरल र सहज बोध्य छ । कहीँ कतै बाक्य गठनमा अस्पष्टता जस्तो देखिन्छ । संस्कृतमा साहित्यिक शब्द तथा केही अङ्ग्रेजी शब्दको प्रयोगले कथा उत्कृष्ट देखिन्छन् । उनका कथाहरू लामा नभएर केही माध्यम आकारमा छने भने प्राय लघु आयाममा लेखिएका छन् । आन्तरिक तथा बाह्य दुवै दृष्टिविन्दुमा कथा लेखेकी छिन् रोशीले ।

समग्रमा उनका कथा सरल रसिला र पढ्नमा चाखलाग्दा छन् । यसै कथासङ्ग्रह मार्फत रोशी म्याग्दी जिल्लाकी सवल महिला कथाकारका रूपमा चिनिएकी छिन् ।

## ४.८ निष्कर्ष

म्याग्दी जिल्लामा साहित्यका विधामा पर्ने विभिन्न विधा मध्ये कथा पनि एक हो । म्याग्दी जिल्लामा कविता उपन्यास सँगसँगै कथाको पनि विकास हुँदै गइरहेको छ । म्याग्दी जिल्लाका कथाकारहरूले आफु जहाँ बसे पनि निरन्तर कथा लेखिरहेका छन् । उनका कथाहरूले समाज र राष्ट्रलाई केही सुधारका चुनौति दिएका छन् भने नेपालको साहित्यिक क्षेत्रलाई समृद्ध बनाउँदै लगेको छ । म्याग्दी जिल्लाका कथाकारहरूमध्ये ज-जसले कृति प्रकाशन गरेका छन् तिनैका प्रकाशित आधुनिक कथासङ्ग्रहको विवेचना यस शोधपत्रमा गरिएको छ । हालसम्ममा म्याग्दी जिल्लाका पाँचजना कथाकारले कृति प्रकाशित गरी आफुलाई कथाकारका रूपमा चिनाएका छन् । उनीहरूले देशमा भएका यथार्थ घटना साथै हाम्रो घर परिवार छरछिमेकमा देखिएका विकृति विसङ्गति कुसंस्कार र अन्धपरम्परालाई त्याग्नुपर्ने र स्वच्छ समाजको निर्माण गर्न कथामार्फत सम्पूर्ण नेपालीलाई आह्वान गरेका छन् । यिनका कथाहरूमा सामाजिक यथार्थवादी, प्रगतीवादी, विसङ्गतिवादी-अस्तित्ववादी, नारीवादी जस्ता प्रवृत्तिहरू पाइन्छन् । कथाकार होमनाथ सुवेदीले अमेरिकामा बसेर डायस्पोरिक साहित्यलाई समेत अगाडि बढाएका छन् नेपाली जनताले विदेशमा गएर भोग्नुपरेका पीडालाई कथाका माध्यमबाट प्रस्तुत गरेका छन् ।नेपालमा भएको माओवादी जन आन्दोलन र त्यसमा भएको जनधनको क्षति र त्यस समयमा जनताले भोगेका समस्या, त्यस्तै गरी सरकारी कार्यालयमा हुने अन्याय अत्याचार विकृति विसङ्गति र शिक्षामा देखिएको खस्कँदो स्थितिलाई ध्रुवलाल शर्मा र दामोदर घतानेले आफ्ना कथा मार्फत अभिव्यक्त गरेका छन् । कर्णबहादुर बानियाँले बालकथासङ्ग्रह लेखेर बालकलाई नैतिक आदर्श सिकाउन र योग्य नागरिक बनाउन सच्चरित्र, कर्तव्यनिष्ठ व्यक्ति बनाउन बालबालिकाहरूलाई सानै देखि उपयुक्त वातावरण मिलाइदिनु पर्ने सन्देश दिँदै बाल कथासङ्ग्रहको रचना  गरेका छन् । त्यसैगरी सीमा रोशीले नेपालका नारीहरूमा देखिएको आधुनिकीकरण र नारीलहरूले भोग्नु परेका सामाजिक तथा पारिवारिक पीडा र समस्यालाई आफ्ना कथा मार्फत प्रस्तुत गरेकी छिन् ।

यसरी समग्रमा यस परिच्छेदमा जम्मा पाँच ओटा कथाकारहरूको आठ ओटा कथा सङ्ग्रहको अध्ययन गरिएको छ । प्रत्येक कथाकारका कथासङ्ग्रहका प्रमुख ३ ओटा कथाको कथा तत्त्वका आधारमा विश्लेषण गरिएको छ भने बानियाँ कान्छाको ३ ओटा बालकथासङ्ग्रहको संक्षिप्त अध्ययन गरिएको छ । यसरी म्याग्दी जिल्लाका कथाकारहरूले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई यस शोधपत्रमा अभिव्यक्त गर्ने सक्दो प्रयास गरिएको छ ।

# परिच्छेद पाँच

## उपसंहार

म्याग्दी जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने धवलागिरी अञ्चलका चार जिल्ला मध्ये एक हो । यस जिल्लाको पूर्वमा पर्वत कास्की मनाङ, पश्चिममा बाग्लुङ, रुकुम र डोल्पा, उत्तरमा डोल्पा र मुस्ताङ, दक्षिणमा बाग्लुङ जिल्लाले घेरिएको छ । म्याग्दी जिल्ला मध्य पहाडी जिल्ला हो । यस जिल्लामा बढी पहाडी क्षेत्र छ त्यसपछि हिमाली र जम्मा ८% बेसी रहेको छ । यो जिल्ला क्रमशः उत्तरबाट दक्षिणतिर ढल्किएको छ । यस जिल्लामा बाहुन क्षेत्री, मगर, गुरुङ, नेवार, दमाई, कामी, सार्की जस्ता विभिन्न जातजातिको बसोबास रहेको छ । यहाँको प्राकृतिक चिनारी धवलागिरी हिमाल, तातोपानी कुण्ड, रूप्से झरना, अन्धगल्छी आदिले गर्दा विश्वसामु म्याग्दी जिल्ला परिचित हुन पुगेको छ । यस जिल्लामा सत्वा, यार्सागुम्बा, टिमूर, भाङो, घिउकुमारी, जस्ता अमूल्य जडिवुटी पाइन्छ । डाँफे, मुनाल, कस्तुरी, घोरल जस्ता महत्त्वपूर्ण पशुपक्षीहरू पनि यस जिल्लामा पाइन्छन् । त्यसैगरी धार्मिक तथा पर्यटकीय स्थल गलेश्वर धाम, पौलस्त्य आश्रम, टोड्के, मालिकाको धुरी, ढोल्ठान दरबार, पुनहिल टावर जस्ता महत्वपूर्ण स्थलहरू रहेका छन् । यो जिल्ला यातायात, सञ्चार, विद्युत् तथा खानेपानीको दृष्टिले केही विकट मानिएता पनि वर्तमान समयमा यी सवै सुविधा प्रायः पुगिसकेका छन् । म्याग्दी जिल्लाको सदरमुकाम म्याग्दी र काली गण्डकीको सङ्गम स्थलमा रहेको बेनीबजार हो ।

म्याग्दी जिल्लाको साहित्यिक विकास त्यहाँको अभिलेख र लोक साहित्यबाट विकसित हुँदै आएको पाइन्छ । प्राचीन कालमा मल्लराजाहरूले राज्य गरेका थिए । १७०० तिर राजा कीर्तिबम मल्लको अभिलख भने पाइएको छ । म्याग्दी जिल्लामा भारतको कुमाउँबाट लक्ष्मीदत्त पन्त्र तथा प्रेमनिधी पन्तले तन्त्रशास्त्र तथा नृपश्लोकी जस्ता पुस्तक यहीँ आएर लेखेको पाइन्छ । आजसम्मको खोजमा म्याग्दीको पुराना साहित्यकार राम पाध्यालाई मानिन्छ । १७७२ तिरको उनको भूगोल विद्या हस्तलिखित ग्रन्थ अद्यापि देख्न सकिन्छ । आधुनिक लिखित साहित्यको विकास भने २००७ को

प्रजातन्त्र पश्चात् नै भएको हो । प्रकाशनका दृष्टिले म्याग्दी जिल्लाको प्रथम पत्रिका नवप्रकाश २०२० मा प्रकाशन भएको थियो । यसै पत्रिकामा म्याग्दी जिल्लाका केही साहित्यिक रचना प्रकाशित हुन थालेपछि म्याग्दी जिल्लाको साहित्यले अग्रगति लिएको देखिन्छ । प्रजातन्त्रपछिका म्याग्दी जिल्लाका पुराना साहित्यकार दीपबहादुर खड्का ( १९७४-२०६८) हुन् । पञ्चायत कालमा सहायक कानुनमन्त्री सम्म बन्न पुगेका दीपबहादुर खड्काले थुप्रै फुटकर रचना प्रकाशित गरेका थिए । अहिले सम्म यस जिल्लामा साहित्यका सबै विद्याको विकास भइसकेको छ । हालसम्मको खोजमा यस जिल्लामा करिब ५० जना साहित्यकारका १०० भन्दा बढी कृति प्रकाशित भइसकेका छन् ।

म्याग्दी जिल्लाभमा साहित्यका सबै विधा मध्ये कविता विधाको विकास सबै भन्दा बढी छ । त्यसपछि आख्यान विधा कथा उपन्यासको विकास भएको पाइन्छ । वर्तमान समयमा देखिएका प्रमुख साहित्यकारहरूमा होमनाथ सुवेदी, ध्रुवलाल शर्मा, कर्णबहादुर बानियाँ, भक्त कार्की, दामोदर रिजाल, दीपक विखर्ची, अजय मिलन श्रेष्ठ आदि रहेका छन् भने युवा तथा फुटकर लेखनमा रामप्रसाद सुवेदी, कविता शर्मा, रेखा कौशल रेग्मी, बालकृष्ण सुवेदी आदि रहेका छन् ।

म्याग्दी जिल्लाका साहित्यिक विधाका प्रकाशित मध्ये कविता विधामा करिब ६० जति पुस्तकाकार कृतिहरू प्रकाशित छन् । त्यसैगरी डेढ दर्जन जति उपन्यास तथा एक दर्जन कथासङ्ग्रह प्रकाशित भइसकेका छन् । त्यसपछि केही निबन्ध र समालोचना प्रकाशित देखिन्छन् । म्याग्दी जिल्लामा नाट्यविधाका कृतिमा नवराज कार्कीको सतीको श्राप गीतिनाटक मात्र रहेको छ । अन्य विधा भन्दा नाट्य विधा धेरै पछाडि रहेको स्पष्ट देखिन्छ ।

उपर्युक्त यी कृतिहरूमा म्याग्दी जिल्लाका गाउँठाउँको वर्णन, भौगोलिक चित्रण र म्याग्दीवासीका गरीब तथा दुःखी समाजको चित्रण तथा द्वन्द्वकालीन स्थितिमा म्याग्दीवासीले र सम्पूर्ण नेपालीहरूले भोग्नुपरेको पीडालाई विषयवस्तु बनाएर साहित्य रचना गरेको पाइन्छ । म्याग्दी जिल्लामा साहित्यिक तथा साहित्येतर गरी करिब साढे

दुईदर्जन पत्रिका प्रकाशित भइसकेका छन् । ती मध्ये रुप्से दैनिक, सुवासना, आरोहण र समर्पण साहित्यिक पत्रिका प्रकाशनमा आएका छन् भने अरू सबै बन्द भइसकेका छन् । त्यसैगरी १ दर्जन साहित्यिक सङ्घसंस्था तथा आधा दर्जन पुरस्कार गुठी समेत स्थापना भइसकेका छन् । यी सबैकुराले म्याग्दी जिल्लाको साहित्यमा महत्त्वपूर्ण योगदान गरेका छन् ।

म्याग्दी जिल्लाको कथाको विकास परम्परालाई हेर्दा खेरि फुटकर रूपमा दीपबहादुर खड्काले २०२४-२५ तिर कथाको सुरूवात गरेको भनिए पनि कुनै प्रमाण पाइएको छैन । बरु २०२५ मा होमनाथ सुवेदीले नेपाली छात्रसङ्घ दिल्लीबाट निकालिएको हिमाल २०२५।१।१ मा पत्रिकामा **अविवेक** कथाको प्रकाशन गरेको पाइन्छ ।

प्रकाशित कृतिहरूमा पहिलो कथासङ्ग्रह कर्णबहादुर बानियाँको **'अटेरी चल्लो'** बालकथासङ्ग्रह २०४४ मा प्रकाशित भएको छ । २०४९ मा उनकै **एक अनौठो जङ्गल** बाल कथासङ्ग्रह प्रकाशनमा आयो । त्यसै गरी २०५२ मा होमनाथ सुवेदीले ( **नेपाली लोककथा (छन्त्यालको छेउछाउबाट**) कथासङ्ग्रह प्रकाशित गरेका छन् । यिनै बालकथा र लोककथा बाट आधुनिक कथा साहित्यको विकास भएको मान्न सकिन्छ । त्यसपछि सीमा रोशी (२०३५) ले **एक अर्को सपना** (२०६०) कथासङ्ग्रह प्रकाशित गरेकी छिन् । बालकथा र लोककथालाई अलग्गै राखेर हेर्ने हो भने रोशीको **'एक अर्को सपना'** नै पहिलो कथासङ्ग्रह हो म्याग्दी जिल्लाको । यस पछि ध्रुवलाल शर्माको 'यौटा कथाको कथा' २०६३ प्रकाशित भयो २०६४ सालमा होमनाथ सुवेदीका **चिरिएको मुटु** प्रकाशित भयो । त्यसैगरी २०६५ मा दामोदर रिजालको **अव्यवस्था** कथासङ्ग्रह प्रकाशित भयो । यसरी कथाको विकासक्रम अगाडि बढेको छ ।

होमनाथ सुवेदी प्रवासमा बसेर पनि नेपाली साहित्यको सेवा गर्ने कथाकार हुन् । उनको **चिरिएको मुटु** कथासङ्ग्रहमा नेपाली अन्धपरम्परामा देखिएको कुसंस्कृति रुढिवादी प्रचलन आदिको विरोध गरिएको छ र सभ्य समाजको निर्माण गर्ने सन्देश दिइएको छ । त्यसैगरी उनको अर्को कथासङ्ग्रह 'डायस्पोराको मान्छे' कथा सङग्रमा

प्रवासी नेपालीहरूले प्रवासमा भोग्नुपरेका पीडा र प्रवासमा नै हराइरहेका नेपालीको वास्तविक चित्रण गरेका छन् ।

ध्रुवलाल शर्मा म्याग्दी जिल्लाका जेष्ठताका आधारमा दोस्रो कथाकार हुन् । उनले आफ्ना कथामा सामाजिक विकृति विसङ्गतिको विरोध, नारी शोषण दमन प्रतिको आक्रोश तथा बहुविवाह अनमेल विवाह बालविवाह जस्ता प्रथाको विरोध गरेका छन् । पुरुषले पाएको अधिकार नारीले पनि पाउनुपर्छ भन्ने शर्मा समाज परिवर्तनका निम्ति साहित्यमार्फत तीव्र गतिमा अगाडि बढेको पाइन्छ ।

कर्णबहादुर बानियाँ (बानियाँ कान्छा) यिनले आफ्ना बालकथासङ्ग्रह मार्फत बालबालिका एक आपसमा मिल्नुपर्ने बाबु आमाले छोराछोरीमा भेदभाव गर्न नहुने र बालबालिका ज्ञानी हुनु पर्ने सन्देश दिएका छन् ।

दामोदर रिजालले आफ्ना कथा मार्फत माओवादी द्वन्द्वकालमा जनताले भोग्नु परेका पीडा, त्यसैगरी सरकारी कर्मचारीले गर्ने लापरवाहीप्रति तीव्र व्यङ्ग्य कसेका छन् । समाजका यथार्थ घटनालाई विषयवस्तु बनाई कथा लेख्ने कथाकारका रूपमा घतानेलाई चिनिन्छ ।

सीमा रोशीले आफ्ना कथा मार्फत नारीले विभिन्न अवस्थामा भोग्नु परेका पीडा र बाध्यताले चित्रण गरेकी  छिन् नारी बिना पुरुषको पनि कुनै अस्तित्व नरहेको र पुरुषले पनि नारीको सम्मान गर्नुपर्छ नारीले पनि हक अधिकार पाउनुपर्छ भन्ने ज्वलन्त स्वर उनका कथामा पाइन्छ । यसरी म्याग्दी जिल्लामा ४० को दशकपछि मात्र कथाको विकास हुन थालेको पाइन्छ । हालसम्म म्याग्दी जिल्लाको कथाको योगदान प्रशसनीय देखिन्छ ।

प्रस्तुत शोधपत्रको शीर्षक म्याग्दी  जिल्लाका  कथाको अध्ययन रहेको छ । यो शोधपत्र  शैक्षिक प्रयोजनका लागि  तयार पारिएको हो । यस शोधपत्रमा  २०६८ सालसम्म प्रकाशनमा आएका कृतिको कथाकृतिको विश्लेषण गरिएको छ । यो शोधपत्र तयार गर्ने क्रममा साहित्यिक पत्रपत्रिका, सङ्घसंस्था, पुस्तकालय तथा  व्यक्तिहरुबाट सहयोग लिइएको छ । यस शोधपत्रमा म्याग्दी जिल्लाका साहित्यकारहरूको विवरणका

साथै म्याग्दी जिल्लाका कथाकार र तिनको कथाको अध्ययन गरिएको छ । यस शोधपत्रले साहित्यका सबै क्षेत्रलाई समेट्न सकेको छैन,त्यसकारण म्याग्दी जिल्लामा अझ धेरै शोधकार्य हुनुपर्ने देखिन्छ । त्यसका लागि अगामी दिनमा कुनै शोधार्थीले शोध गर्न चाहेमा प्रस्तुत शोधपत्रले टेवा पुऱ्याउने छ, भन्ने मैले अपेक्षा गरेको छु । म्याग्दी जिल्लाका बारेमा थप केही शोध शीर्षकहरूमा शोधकार्य गरिनु आवश्यक देखिन्छ । ती शीर्षकहरू निम्नानुसार छन् ।

**सम्भावित शोधशीर्षकहरू**

क. म्याग्दी जिल्लाका प्रतिनिधि कवि र कविताको अध्ययन

ख. म्याग्दी जिल्लाका गजलकार र गजलको अध्ययन

ग. म्याग्दी जिल्लाका उपन्यासको अध्ययन

घ. म्याग्दी जिल्लाका निबन्धको अध्ययन

ङ. दीपबहादुर खड्काको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन

# सन्दर्भ ग्रन्थसूची


अधिकारी, गणेशप्रसाद (२०५४), **समाजशास्त्र तथा मानवशास्त्र एक परिचय,** काठमाण्डौं : रत्नपुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाण्डौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

खतिवडा, सोमप्रसाद (२०५९), **अभिलेख्य एवं मुद्राशास्त्र**, काठमाण्डौं : एम.के. पब्लिसर्स एन्ढ डिस्ट्रिब्युटर्स ।

घिमिरे, कृष्णप्रसाद (२०५५), **नेपाली कथा भाग ३,** ललितपुर : साझा प्रकाशन ।

छोटा, प्रेम (२०५३), **धवलागिरिका कथाहरू,** काठमाण्डौं : ने.रा.प्र.प्र. ।

तिवारी, भोलानाथ (२०५५), **भाषाविज्ञान, नवौं संस्करण,** इलाहाबाद : किताब महल ।

दाहाल, पेशल र सोमप्रसाद खतिवडा (२०५७), **नेपाली समाज र संस्कृति**, काठमाण्डौं : एम.के. पब्लिसर्स एन्ढ डिस्ट्रिब्युटर्स ।

पराजुली, कृष्णप्रसाद (२०५७), **नेपाली लोकगीतको आलोक**, काठमाण्डौं : वीणा प्रकाशन प्रा.लि. ।

पराजुली, ठाकुर (२०४५), **नेपाली साहित्यको परिक्रमा**, काठमाण्डौं : नेपाली विद्या प्रकाशन ।

न्यौपाने, टक प्रसाद (२०५५), **संस्कृतिका नमुनाहरू एक परिचय**, काठमाण्डौं : साझा प्रकाशन ।

पौडेल, तुलसीराम (२०५४), **संस्कृतिका नमुनाहरू एक परिचय,** काठमाण्डौं : निमा पुस्तक प्रकाशन ।

पौड्याल, हीरामणि (२०४४), **पर्वती भाषिकाको स्वरूप र संरचना,** वाराणसी : न्यु कमला मुद्रण ।

बन्धु, चुडामणि (२०५७), **नेपाली लोकसाहित्य**, थापाथली : एकता बुक्स प्रा.लि. ।

बानियाँ, कर्ण बहादुर (२०५९), **एक अनौठो जङ्गल,** काठमाण्डौं : परमार्थ प्रिन्टिङ्ग प्रेस प्रा.लि.।

बानियाँ, कर्ण बहादुर (२०६४), **चकलेटको पोको, दोस्रो संस्करण,** ललितपुर : साझा प्रकाशन पुल्चोक ।

बानियाँ, चन्द्रप्रकाश (२०६३), **ऐतिहासिक पर्वतराज्य,** बेनी म्याग्दी ।

बानियाँ, लाल बहादुर (२०४३), **म्याग्दी जिल्लाको धार्मिक सम्पदा**, म्याग्दी ।

शर्मा, चिरञ्जवी र निर्मला शर्मा (२०५३), **शिक्षा मनोविज्ञान** एम.के. पब्लिसर्स एन्ड डिष्ट्रिर्व्यटर्स भोटाहिटी ।

शर्मा, ध्रुवलाल, (२०६३), **यौटा कथाको कथा**, शर्मा डेक्सटप बेनी म्याग्दी ।

रिजाल, दामोदर (२०६५), **अव्यवस्था**, कालीगण्डकी अफसेत प्रेस बेनी म्याग्दी ।

रोशी, सीमा (२०६०), **एक अर्को सपना**, जनसेवा अफसेत प्रेस, बाग्लुङ् ।

श्रेष्ठ, टेक बहादुर (२०५९), **पर्वत राज्यको ऐतिहासिक रूपरेखा**, कीर्तिपुर : एशियाली र नेपाल अनुसन्धान केन्द्र ।

श्रेष्ठ, दयाराम (२०६१), **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ दोस्रो संस्करण**, काठमाण्डौं : त्रिकोण प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६७), **नेपाली कथा भाग ४,** साझा प्रकाशन चौथो संस्करण, ललितपुर ।

सुवेदी, होमनाथ (२०६४), **चिरिएको मुटु,** अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज वासिङ्गटन डि.सि. संयुक्त राज्य अमेरिका ।

सुवेदी, होमनाथ (२०६८), **डायस्पोराको मान्छे,**, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।